बिश्वका दर्शन र
कला साहित्यिक
बादहरु

दर्शन परिचय

(DARSHAN PARICHAY)

परशुराम कोइराला

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

दर्शन परिचय

लेखक	: परशुराम कोइराला चिन्नेवास, स्याङ्जा, हाल पोखरा
पहिलो संस्करण	: २०६५ ग.सा.स.पोखरा
दोस्रो संस्करण	: २०७० बैशाख (१००० प्रति)
@सर्वाधिकार	: लेखकमा
प्रकाशक	: मीना/संजीव/कुशल कोइराला चिन्नेवास, स्याङ्जा
कम्प्युटर	: बिष्णु सुवेदी
मुद्रण	: आरोहण पब्लिकेशन प्रा.लि.

व्यक्तिगत सहयोग रु . १००।-

संस्थागत तथा विशेष सहयोग रु. ।-

ISBN 978-99946-2-630-4

Darshan Parichaya

Written by : Parashu Ram Koirala

लेखकीय

बुद्दि र ज्ञानको स्रोत प्राचीन संस्कार र संस्कृतिलाई मात्र बुझ्न थालियो भने मानिस अपाङ्ग हुन्छ । अपाङ्ग दिमागको प्रतिफल राजनीति, अर्थनीति, सामाजिक नीति, कानुन, प्रशासन लगायत सबै क्षेत्रमा परिरहेको हुन्छ । मानिसले गर्भबाटै संसार बुझ्नेर आएको हुदैन । द्वन्द्ववादका नियमहरु नबुझ्नेसम्म मानिसका जीवनले पूर्णता आर्जन गर्दैन । संसारको विकास भनेको द्वन्द्ववादको परिणाम हो । जसको बुझाइ र कार्यान्वयनमा बौद्धिकहरुका भूमिका अहम् रहन्छ ।समयानुकुल बिशिष्ट सोच र चिन्तन बिनाको साधु सन्त जीवनले समाजलाई गति दिदैन ।

चेतनायुक्त बौद्धिक समुदायको भूमिका बिना समाजको अग्रगामी परिवर्तन ओझेलमा पर्दछ । समाज वर्गीय छ । आदिम साम्यवादी काल पछि मानव समाज वर्ग चपेटाका बीचबाट गुज्रदै आएको छ । दर्शनको बुझाइ बिना समाज विकासको निरन्तर यात्रामा मानिसले आफुलाई तालमेल मिलाउन सक्दैन । बर्ग समाजमा आ-आफ्ना वर्ग अनुकुलका दर्शन हुन्छन् । दर्शन अनुकुलका सोच चिन्तन र विधि व्यवहारहरु हुन्छन् । राज्यका नीति, रणनीति तथा कार्यक्रमहरु निर्माणमा समेत दर्शनले प्रभाव पार्दै आएको छ ।

राजनीति निरन्तर गतिशील र प्रवाहमय हुन्छ । कला, साहित्त्य, संस्कृति, अर्थनीति तथा समग्र सामाजिक नीति नियमलाई राजनीतिले सदैव निर्देशन गर्दछ । समयका प्रवाह सँगै नवीन सिर्जनाका निम्ति मानिसका प्रयत्नहरु निरन्तर रहन्छन् । समय, परिस्थति अनुकुल सिद्धान्त, विधि र पद्दतिहरु तय गर्ने कुरामा पनि मानिसका प्रयत्नहरु निरन्तर छन् ।

ज्ञानको संसार विशाल छ । ज्ञानको सीमा असिमीत छ । विज्ञान प्रविधिका क्षेत्रमा पनि मानिसले दिनानुदिन नयाँ परिवर्तन ल्याएको छ । भौतिक र आध्यात्मिक दुई शिविरमा विभाजित आजको विश्व छ । तर सबैले तिनका दार्शनिक अभिष्टताहरुको बोध गर्न सकेको देखिदैन । जीवन र समाजलाई गतिशील बनाउन मानिसका चिन्तन, मनन् र मन्थनहरुका क्रम पनि निरन्तर छन् ।
परिवर्तनको अर्थ नयाँको अनुभुति हो । विश्व बदल्न एकथरि मानिसले आफुलाई वलिदान गर्दै आएको छ । साझा विश्वका सबै कुरा सबैका हुन् र विश्वका सबै कुरा परिवर्तनशील छन् । एकथरिको सोच यस्तो छ त, अर्कोथरि त्यसको ठिक

विपरीतमा छन् । युग जीवनमा हरेक परिवर्तनलाई आत्मसात नगर्नेहरु दुनियामा द्वन्द्ववादीहरुको नजरमा बौद्धिक मानिदैनन् ।

संसारका सबै दर्शन, दर्शनबाट प्रभावित हुदै आएका साहित्त्यकवाद, साहित्त्यिक चिन्तन र तिनका प्रवृत्तिहरुलाई छोटकरीमा चिनाउने अभिप्रायले यो सानो पुस्तक प्रकाशन गर्ने जमर्को भएको हो । साहित्त्य पनि दर्शन कै प्रभावबाट पृथक देखिदैन ।पूर्वको संस्कृत साहित्त्य होस् वा पश्चिमको, सबै साहित्त्यमा दर्शनको प्रभाव पर्दै आएको छ । दर्शन कला साहित्य बीच अन्तरसम्बन्ध रहने हुदा कला साहित्त्य मार्फत अभिव्यक्त वादहरुका पनि यहाँ उल्लेख गरिनुलाई सान्दर्भिक माने को छु ।

२०६५ को अन्त्य तिर गण्डकी साहित्य सङ्गम पोखराका नामबाट यो प्रकासित भएको थियो तर त्यतिबेलाको संक्षिप्त रुपकै सामान्य परिमार्जित रुपमा यो दोस्रो संस्करण पाठक कै मागलाई दृष्टिगत गरी केही सामग्री थप गरेर पुन प्रकाशनमा आएको छ । संसारका सबै चिन्तन व्यवहारहरु बर्गीय दृष्टिकोणका कारण प्रभावित हुदै आएको देखिन्छ । त्यसको कारण बुझ्न र बुझाउन यो कृति धेरै थोरै उपयोगी होला भन्ने आशा छ ।

दोस्रो संस्करणमा प्रकाशन सहयोगी मीनाकुमारी कोइराला, छोराहरु सजिव र कुशल कोइरालाको प्रेरणालाई भुल्न सक्दिन । त्यसैगरी कम्प्युटर टाइप तथा सेटिङ गरिदिनु हुने बिष्णु सुवेदी, मुद्रण सहयोगी आरोहण पब्लिकेशन प्रा.(लि.का अच्युत कट्टेल लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, पुस्तकको समीक्षा वा टिप्पणी गर्ने सबै अधिकार आदरणीय पाठकहरूलाई सुम्पदै स्वच्छ आलोचनाको अपेक्षा गर्दछु ।

परशुराम कोइराला
२०७० बैशाख, पोखरा

बिषयक्रम

क्र.सं.	बिषय	पृष्ठ
१.	दर्शन	१
२.	दर्शनका परिभाषाहरू	३
३.	दर्शनको इतिहास	४
४.	समाज र दर्शनको अन्तर सम्बन्ध	४
५.	दर्शन बिभाजनका आधारभुत प्रश्न	४
६.	आदर्शवाद र भौतिकवाद	७
७.	एसिया महादीपमा सिमीत दर्शन	८
८.	अद्वैतवादी दर्शन	९
९.	माध्व दर्शन	९
१०.	निम्बार्क दर्शन	१०
११.	बल्लभ दर्शन	११
१२.	भौतिकवाद र यसको पृष्ठभुमि	११
१३.	मार्क्सवादका सङ्घटक अङ्ग (स्रोतहरु)	१३
१४.	भौतिकवादीका मतमा पदार्थ, चेतना र गति	१५
१५.	संसारका अध्ययन बिधिहरु	१५
१६.	द्वन्दवाद	१५
१७.	अधिभुतवाद	१६
१८.	यान्त्रिक भौतिकवाद	१६
१९.	द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवाद	१७
२०.	मार्क्सवादका सन्दर्भमा	१८
२१.	द्वन्दवादका मुख्य भावहरु (प्रबर्गहरु)	२१
२२.	मार्क्सवादका आधारभुत सिद्धान्त	२३
२३.	ऐतिहासिक भौतिकवाद	२३
२४.	उत्पादन पद्दतिको विकासमा समाजको इतिहास	२६
२५.	मार्क्सवाद, लेनिनवाद र माओवादका सन्दर्भमा	२८
२६.	लेनिनवादी धारणा	२९
२७.	माओवाद	३०
२८.	कला साहित्त्यिक वादमा अभिव्यक्त दर्शन	३२
२९.	नेपाली कला साहित्त्यिक वादमा अभिव्यक्त दर्शन	३३

३०.	प्रमाणवाद	३३
३१.	न्यायवाद	३५
३२.	पश्चिमी कला साहित्यिक वादमा दर्शनको अभिव्यक्ति	३५
३३.	स्वच्छन्दतावाद	३५
३४.	आदर्शवाद	३६
३५.	कलावाद	३७
३६.	यथार्थवाद	३८
३७.	प्रतीकवाद	३९
३८.	प्रभाववाद	४०
३९.	अभिव्यञ्जनावाद	४१
४०.	बिम्बवाद	४१
४१.	अतियथार्थवाद	४३
४२.	प्रगतिवाद	४४
४३.	अस्तित्ववाद	४५
४४.	बिसङ्गतिवाद	४७
४५.	प्रयोगवाद	४७
४६.	दादावाद	४९
४७.	भविष्यवाद	४९
४८.	उत्तर आधुनिकतावाद	५०
४९.	सवाल्टन	५५
५०.	नव मार्क्सवाद	५६

दर्शन
(Philosophy)

प्राकृतिक संसार, प्राकृतिक संसारका गतिविधि, घटना, समाज, सामाजिक गतिविधि, मानव चिन्तन र ज्ञान सम्बन्धि सम्पूर्ण नियमहरूका व्यवस्थित ज्ञान नै दर्शन हो । सामाजिक चेतनाको विशिष्ट रूप नै दर्शन हो । जीवन जगत्लाई हेर्ने, बुझ्ने र बदल्ने विश्व दृष्टिकोण मानौं या मानवका वौद्दिक ज्ञानको निष्कर्स मानौं, वैज्ञानिक दर्शन नै समग्र परिवर्तनको साधन मानिन्छ । अवैज्ञानिक दर्शन रूढ र यथास्थितिको जड मानिन्छ । मार्क्सवाद पूर्वका विद्वानहरूले संसारलाई हेर्ने कुरालाई मात्र दर्शन माने । तर मार्क्सवादले मान्छेका अनुकुल बनाएर फेर्ने दृष्टिकोणलाई दर्शन मान्यो ।

दास समाजका बर्ग र श्रम बिभाजनका क्रमसँगै दर्शनको जन्म भयो । प्रकृति र समाज बीचको सम्बन्धको व्याख्या गर्न होस् वा प्रकृति, मानव जाति र जगतको सुक्ष्म रूपले मुल्याङ्कन गर्न वा विश्लेषण गर्न, दर्शनको उपयोग हुदै आएको देखिन्छ । भौतिक वादीहरूका निम्ति रूपान्तरणको बाटो देखाउने आधार दर्शन हो । हरेक कुरालाई मानिस र समाज अनुकुल बनाएर हेर्नु, विश्लेषण गर्नु, युग सापेक्ष रूपान्तरणका आधार सहित बाटो निर्देसित गर्नु भौतिकवादी दर्शनको अभिस्टता हो भने आदर्श र प्रत्ययवादी आध्यात्मिक तथा अन्य दर्शन पनि आफ्नै वर्ग सम्प्रदायको उत्थानसँग सम्बन्धित हुदै आएको छ ।

आधुनिक विज्ञान र जीव जगतमा नयाँ क्रान्तिका सूत्राधार बनेका डार्बिन, फ्रायड र कार्लमार्क्स जस्ता मानव पूर्वजहरू महान विचारक र विद्ध्या विनयशील थिए भन्ने कुरामा दुई मत देखिन्न । मान्छेका पुर्खाहरू पहिले बाँदर थिए । डार्विनको विकास वादले पुष्टी गरेको कुरा यो । डार्विनको विकास वादले मानिसलाई नयाँ धारणा जन्माउन वाध्य पार्‌यो । मानिसका हृदयमा भगवानको राज छ या छैन ? जगत् बोधगम्य छ या छैन ? प्रकृति पहिलो कि चेतना ? आत्मा मुख्य कि प्रकृति ? मानिसका सोच चिन्तनहरूले विश्व समाजलाई बिभाजित गर्ने क्रम निरन्तर छ । मान्छेको जीवन समाजका लागि कि मान्छेका लागि समाज ?

भोगजन्य समाजको विश्लेषण र पक्ष पोषणमा रमाउने सिग्मण्ड फ्रायड र मान्छे-मान्छे बीचका भेदभाव, परपीडन, उत्पीडनको चित्रले द्वन्दात्मक भौतिकवादको वीजारोपण गर्ने कार्ल मार्क्सका दृष्टिमा संसारको विश्लेषण एउटै पनि थिएन । कुनै मानिस पूर्व जन्मको कुरा र भाग सहित जन्मन्न । देशकाल परिस्थितिबाटै मान्छेको व्यक्तित्व

निर्माण हुन्छ । काँचो माटोलाई कुमालेले बिभिन्न आकार प्रकार दिए जस्तै सुनको काँचो डल्लोलाई सुनारले बिभिन्न अलङ्कारको रूप दिएजस्तै समाजका अगुवाहरूकै कारण समाजको स्वरूप कायम हुने कुरा निश्चित हो । समाजको निर्माण जस्तो छ, मान्छे त्यस्तै हुन्छ । समाजका चलनहरू जस्ता छन्, मान्छे त्यसबाट प्रभावित हुनु स्वभाविक छ ।

संसारमा पूर्व जन्ममा विश्वास राख्ने मान्छेहरू पनि छन् । यो उनीहरुको अज्ञानता हो । विज्ञान र भौतिक कुरामा विश्वास राख्ने मान्छेहरू पनि छन् । भैतिकवादका महान स्तम्भकार मानिएका कार्ल मार्क्सको समाज प्रतिको विश्लेषणमा आज पनि सत्यता देखिन्छ । यसको कारण उनको विश्लेषणको आधार मानव समाज थियो । समाजको यथार्थ र वस्तुसङ्गत प्राकृतिक नियम थियो ।

मार्क्सपूर्व कतिले चार्वाकलाई जडसुत्र वादीको आरोप लगाउथे । वेददेखि पुराणसम्मका मानव सोचाइहरू पनि एउटै थिएनन् । आज पनि सबै मानिसका सोचहरु एउटै देखिदैनन् । जीवलाई रासायनिक प्रक्रियाको उपज देख्ने र चेतनाको पूर्व अस्तित्त्व छैन भन्ने चेतनाको बिजारोपण डार्विन, फ्रायड र कार्ल मार्क्स जस्ता दार्शनिकहरू बाटै भएको हो ।

"विज्ञान, धन, चैतन्य, रूप, तत्वहरू सबैको स्रोत पदार्थ हो । पदार्थबाट पैदा भएर तिनैसँग नासिन्छन् ती ।" वात्स्यानका मतहरूमा पनि आफ्नै महत्व थिए समाजमा । "आमा, बहिनी, छोरीसँग पनि एकान्तमा सँगै नबस । यो वलियो इन्द्रियका समुहले विद्धानलाई पनि खिच्दछ ।" पूर्वीय समाजमा मनुका जीवन र काम वासनाकै सन्दर्भमा अभिव्यक्त कतिपय विचारहरूको पनि आफ्नै महत्व होलान् । कामान्वले केही देख्दैन (कामाञ्चो नैव पश्यति) को सिद्धान्त बनाएर मनुबाट अभिव्यक्त विचार हुन् वा कौटिल्य र वात्स्यानका उदाहरणमा राजा दाण्डवले ब्राहमण कन्या माथि बलात्कार गरेका सन्दर्भ हुन् । काम वासनामा मान्छे जहाँ छ, फ्रायडसम्म आइ पुग्दा त्यसको पुष्टी भएको देखिन्छ । देवराज इन्द्रको अहल्या प्रतिको आकर्षण, क्रौचकको द्रौपति प्रतिको यौन विकार, रावणको सीता माथिको काम विवशता, मानिसका हृदयमा कामवासनाले जरा गाडेको कुरा देखाउन फ्रायडलाई पनि सहज थिएन हो ।

राजनीतिलाई दण्डनीति मान्दै गरेको समाजमा अर्थनीतिलाई आधार बनाएर मार्क्सले वृहस्पतिका अनुयायीको भूमिका निभाएको टिप्पणी कौटिल्यले आफ्नो अर्थशास्त्रमा गरेका छन् (पोखरेलः२०४०) । अर्थ र राजनीतिलाई सामाजिक विधा स्वीकारेर भगवान् भनिएका श्रीकृष्णले गीतामा उद्दृत गरेको भावलाई पनि डार्बिन, फ्रायड र

मार्क्सकै विचारको सार देख्नेहरू पनि पाइन्छन् । तर यो गलत थियो । गीता अध्यात्मवादी प्रवृत्तिले प्रश्रय पाएको शास्त्र थियो । मानव समाजमा धर्म धारणाको आधार पनि दर्शन वन्दै आयो । विज्ञान र सत्यमा विश्वास गर्ने आधार पनि दर्शन बन्दै आयो । वुद्दिले प्रेरणा दिएपछि मानिसले तर्क गर्छ । पूर्वमा गौतम वुद्दको समुत्पादसँग मिसिएको शान्ति र समन्वयको सिद्धान्त, शङ्कराचार्यको अनिवर्चनीयवाद, कपिलको सांख्य दर्शन ,कणादको परमाणुवाद आदि एकपछि अर्को वाद सिद्धान्तहरू मानिसका तर्कशील सामर्थ्य कै उपजहरू मानिन्छन् ।

उपनिषद्लाई हिन्दु दर्शनको महान निधि सम्झनेहरू पनि मानव समाजमा उत्तिकै होलान् अझै । चार्वाकका चिन्तनहरू सही मान्नेहरू पनि होलान् अझै । अद्वैतवाद पछि विशिष्ट द्वैतवादी हुन् वा अरू, विचार स्वतन्त्रताको छनोटमा मान्छे स्वतन्त्र छ या छैन बहसका विषय बन्न सक्छ र बन्दै आएका छन् । बौद्द र अद्वेत दर्शनका बीच पनि कतिपय मिल्दा जुल्दा गुणहरू भेटिन्छन् र पनि तिनका सार पक्ष एकै देखिदैन ।

दर्शनका परिभाषाहरू

- "हरेक साँचो दर्शन आफ्नो समकालिन समयको बौद्धिक सार हो ।"

  - कार्ल मार्क्स

- "सबै दर्शन खासगरी अत्याधुनिक दर्शनको महान आधारभूत प्रश्न मानव चिन्तन र अस्तित्वसँग सम्बन्धित छ ।"

  -फ्रेडरिक एङ्गेल्स

- जीवन र जगत्लाई बुझ्ने विचारधारात्मक माध्यम दर्शन हो । जसमा मानिसका बौद्धिक सार तत्वको अभिव्यक्त हुन्छ ।

  -लेलिन

- बर्ग सापेक्षता दर्शनको विशेषता हो । दर्शन बर्ग निरपेक्ष हुदैन र कहिल्यै पूर्ण हुदैन ।- कार्ल मार्क्स

दर्शनले बौद्धिक निष्कर्सलाई प्रतिबिम्बित गर्दछ । ज्ञान विज्ञान आन्दोलन नयाँ चेतना विकासका क्रममा हरेक पुराना वस्तु, पद्दति, मान्यता प्रति मानिसका रूचि कम हुने हुदा दर्शन समय सापेक्ष हुन्छ । मानव जीवन जगतलाई हेर्ने, अन्तर सम्बन्ध खोज्ने- विश्लेषण गर्ने र बदल्ने सोंच बर्गीय समाजका यथार्थता हुन् ।

ज्ञान+विज्ञानको अनुभवको सार =दर्शन

दर्शनको इतिहास

विश्व मानव समाज, मानव अस्तित्व, चेतना, क्रिया प्रतिक्रिया र गतिविधि सबै बर्गीय छ । ज्ञान विज्ञान, आन्दोलन, बिद्रोहका रूप, तिनका अस्तित्त्व प्रणाली र स्वरूपहरू सबै बर्गीय हुन्छन् । विचार, भावना, चेतना, चिन्ता, दार्शनिक प्रणाली, सामाजिक सङ्गठन र तिनका स्वरूप र नियमहरू सबै बर्गीय छन् । बर्ग समाजमा दर्शन कहिल्यै तटस्त हुदैन । यसको परिधि सिमीत पनि हुदैन । अन्तर्राष्ट्रिय चरित्र अर्थात् व्यापक र बृहत प्रकृतिको हुदै मानव इतिहासको ऐतिहासिक दार्शनिक प्रणालीको नियमको आधारमा दर्शन अभिव्यक्त हुन्छ । प्राचीन विज्ञानका रूपमा दर्शनलाई बुझ्नेहरू पनि धेरै छन् । यो समसामयिक युगीन अनुकुलताको उपज मानिन्छ । दास युगमा जब दास र मालिकको बिभाजन देखिन्छ । त्यो बिभाजन देखि नै बर्ग अनुरुपका दर्शन जन्मन थालेको मानिन्छ ।

बिपरीत बर्गहरू बीच सङ्घर्स हुन्छ । बर्ग सङ्घर्समा एउटाको जीत र अर्काको पराजय हुन्छ । मालिक र नोकर, नयाँ र पुराना, शोसक र शासित बीच समाजमा निरन्तर द्वन्दहरू चलिरहन्छन् । सामाजिक अन्तरविरोध बीचबाटै नयाँ दर्शनहरू जन्मन्छन् ।

समाज र दर्शनको अन्तरसम्बन्ध

वैज्ञानिक दर्शन होस् वा अवैज्ञानिक रूढ आदर्शमा आधारित दर्शन होस्, दर्शन र समाजबीच अन्तरसम्बन्ध हुन्छ । मानव चेतनाको आत्मसात र परिवर्तनका गति समाउने हरेक दर्शन सामाजिक बिशिष्ट चेतनाकै उपज मानिन्छ । दर्शनको उपादेयता पनि समाजकै निम्ति हो ।

दर्शन विभाजनका आधारभुत प्रश्न

१. पदार्थ (वस्तु) पहिलो कि चेतना ?

२. विश्व वोधगम्य छ या छैन ?

पदार्थबाट चेतना जन्म्यो कि चेतनाबाट पदार्थ ? विश्वलाई बुझ्न सकिन्छ कि सकिदैन ?

यी दुई प्रश्न नै दर्शन विभाजनका आधारभुत प्रश्नहरू हुन् । वस्तुजगत वा पदार्थलाई पहिलो मान्ने र यसबाट मात्र चेतनाको जन्म वा विकास भएको मान्नेहरू सबै भौतिकवादी हुन् । चेतनालाई पहिलो र चेतनाबाटै वस्तु, जगत वा भौतिक कुराहरूको जन्म र विकास भएको मान्नेहरू सबै आदर्शवादी, अध्यात्मवादी, भाववादी, प्रत्ययवादीहरू हुन् । भौतिकवादीहरू विश्वलाई बुझ्न र वदल्न सकिन्छ भन्छन् । आदर्श वादीहरूमा विश्व जगतलाई मानिसले बुझ्न र वदल्न सक्ने कुरामा विश्वास

हुदैन । भौतिकवाद र अध्यात्मवादको वैचारिक निचोड निम्नानुसार देखाउन सकिन्छ ।

भौतिकवाद	अध्यात्मवाद/आदर्शवाद
क) वस्तु, जगत, पदार्थ प्राकृतिक हो । तसर्थ यी सबैको जन्म, उत्पत्ति पहिले भएको हो । वस्तु वा पदार्थबाट मात्र चेतनाको विकास हुने हुदा चेतना (गौण) र दोस्रो हो ।	क) मानिसको चेतना पहिलो हो । चेतनापछि मात्र वस्तु, पदार्थको जन्म वा विकास सम्भव छ । विचार चिन्तनलाई मुख्य ठानी प्रकृति र त्यसको अस्तित्वलाई यसले गौण देख्छ ।
ख) पदार्थको अस्तित्व देश, काल र गतिमाथि निर्भर छ ।	ख) गति, देश, काल र चेतनाको उपज हो ।
ग) विश्व जगतलाई बुझ्न सकिन्छ । मानिसले संसारको सबै कुराको जानकारी राख्ने क्षमता राख्दछ । संसारलाई बदल्ने शक्ति मानव श्रमबाट प्राप्त हुन्छ ।	ग) विश्व जगतलाई बुझ्न सकिदैन । यो अज्ञय छ । ईश्वरले मात्र संसार बुझ्दछ । मानिसमा त्यो क्षमता हुदैन । संसारको परिवर्तन दैवी शक्तिले मात्र सम्भव छ ।
घ) मानिसको श्रम मुख्य हो । संसारको निर्माता ईश्वर होइन ।	घ) मानिसको सिर्जना पनि ईश्वरबाट भएको हो ।
ङ) संसारका सबै कुरा नासवान छन् ।	ङ) आत्म अम्मर छ । ईश्वरहरू अम्मर छन् ।

"..... जसले प्रकृतिभन्दा चेतनालाई प्राथमिकता दिए र त्यसकै अन्तिम रूपमा कुनै न कुनै रूपमा विश्व रचना भएको कल्पना गरे ..... उनीहरू प्रत्ययवादको शिविरमा परे । .... प्रकृतिलाई प्राथमिकता दिनेहरू चाहिं भौतिकवादका बिभिन्न धाराहरूमा पर्दछन् .... ।"

– फ्रेडरिक ऐंगेल्स

भौतिकवाद र प्रत्ययवाद बीच चिन्तन र अस्तित्वको साथै चेतना र पदार्थको सम्बन्धमा नै ठूलो अन्तर छ । संसारका सारा दर्शनलाई मन्थन गर्ने हो भने भौतिकवादी र अध्यात्मवादी (भाववादी) माथि उल्लेखित दुई वटा धारा देखा पर्दछन् । संसारमा प्रकृति (वस्तु पदार्थ...) पनि छ, आत्मा भन्ने पनि छ । ती मध्य कुन मुख्य प्रधान वा

प्राथमिक हो भन्ने प्रश्न र त्यसको उत्तरकै कारण संसारका मानिसहरू अध्यात्मवाद र भौतिकवादका दुई शिविरमा विभाजित हुदै आएका छन् ।

- **भौतिकवादी**-जसले भौतिक वस्तु/प्रकृतिलाई पहिलो र मुख्य ठान्दछ ।
- **आदर्शवादी**-जसले आत्मा/चेतना/परमात्मालाई पहिलो र मुख्य मान्दछ ।

दार्शनिक कार्लमार्क्सले प्रत्येक कर्म र रूपान्तरणलाई श्रमको उपज मानेका छन् । दार्शनिक ऐंगेल्सले प्रयत्न गऱ्यो भने मानिसले संसारलाई बुझ्न सक्छ भन्दै संसारलाई गेय मानेका छन् । भौतिकवादीहरू प्रकृतिलाई आफै बनेको भन्दछन् । तर आदर्शवादीहरू यी कुराहरूमा असहमत देखिदै प्रकृतिलाई ईश्वरीय उपज देख्दै आए ।

प्रकृति र चेतना कुन पहिलोको सवालमा-प्रकृतिलाई पहिलो मान्ने पूर्वमा पनि धेरै दार्शनिकहरू मार्क्सवाद जन्मनु पूर्व नै देखा परेका थिए । ती मध्ये -

- वृहस्पति भन्छन्,- 'पृथ्वी, जल, तेज, वायु, जस्ता चार महाभूत द्वारा संसारका सबै कुरा बनेका हुन् ।'
- कपिल भन्छन्,- 'पृथ्वी, जल, तेज, वायु, आकाश गरी पाँच तत्वबाट संसारका सबै कुरा निर्माण भएका हुन् ।'

वृहस्पति इन्द्रका पनि गुरू थिए । तर भौतिकवादी थिए उनी । **कपिलको सांख्यकारिता**लाई भौतिकवादी दर्शन मानिन्छ । **चारूबागको लोकायत दर्शन** पनि लोकमा व्याप्त दर्शन मानिन्थ्यो । कपिलले सत्व (बल्ने तत्व), रज (बहने तत्व) तमो (स्थिर तत्व) गुणबाट संसारका सबै कुराको सृष्टि भएको उल्लेख गरेका थिए । यस आधारमा पनि उनी भौतिकवादी थिए । **सिद्धार्थ गौतम** गौतम बुद्द भए पनि उनी पनि पूर्वमा देखा परेका अर्का भौतिकवादी थिए । उनले भनेका थिए- 'वस्तु जस्तो छ त्यस्तै हेर, तर आफ्नो कुरा त्यसमा नमिसाउ... । '

'कान छाम्न छोडेर कागको पछि नदौड' भन्ने भौतिकवादी उखानले सही विचारको स्रोत के वा प्रकृति वा चेतना कुन प्रधान भन्ने विषयमा यथार्थको सही प्रतिबिम्बन गर्दछ ।

समाजको बर्गियता नै दर्शन विभाजनको आधार हो । यस आधारमा दर्शन मूल रूपमा तीन प्रकारका देखिन्छन् । ती हन् :

१) द्वेतवाद २) आदर्शवाद ३) भौतिकवाद

द्वेतवाद अन्तत आदर्शवादमै पुग्ने हुनाले दर्शनलाई आदर्शवादी र भौतिकवादी गरी मुख्य रूपमा दुई भागमै वर्गीकरण गर्नु उपयुक्त हुन्छ । जस अन्तर्गत :

१) आदर्शवाद २) भौतिकवाद

१) आदर्शवाद (प्रत्ययवाद)

माथि उल्लेखित एसिया महाद्वीप अन्तर्गतका द्वेत, अद्वेतवादी अन्य दर्शनहरू आदर्शवादी दर्शनहरू हुन् । भौतिकवादका विपरीत दर्शनहरू सबै यस अन्तर्गत पर्दछन् । प्रत्ययवाद भनेको आदर्शवाद वा भाववाद पनि हो ।

आदर्शवादले चेतनालाई पहिलो र पदार्थ वस्तु प्रकृतिलाई दोस्रो मान्दछ । यो विश्व जगत प्रकृतिको सृष्टि यसले ईश्वरबाट भएको देख्दछ । चेतनालाई प्रकृतिबाट अलग पारेर रहस्यमय धार्मिक जडसुत्रको निकट पुऱ्याउनु यसको विशेषता हो । मानिसका चिन्तन चेतनालाई अज्ञेयवादमा पुऱ्याउने कतै रूढिपन्थी एवम् अग्रगमन विरोधी त कतै प्रतिक्रियावादी विश्वदृष्टिकोणको प्रतिनिधित्व गर्ने दर्शन नै आदर्शवाद हो । आदर्शवाद (प्रत्ययवाद) पनि दुई प्रकारका हुन्छन् ।

क) आत्मगत आदर्शवाद ख) वस्तुगत आदर्शवाद

क) आत्मगत आदर्शवाद :

आत्मामा जे अनुभुति हुन्छ त्यो नै सत्य देख्ने, यो ब्रम्ह सत्य र अरु सबै झुटो देख्ने चिन्तन आत्मगत आदर्शवाद हो । संसारका सम्पूर्ण भौतिक परिघटनाहरूका अस्तित्त्व व्यक्तिको चेतनामा देख्ने आदर्शवाद आत्मगत आदर्शवाद हो । यसले व्यक्तिको चेतना बाहिर केही देख्दैन । अस्तित्वको अर्थ अनुभूति योग्य हुनु बाहेक अर्को छैन भन्नु नै यसको निष्कर्स देखिन्छ । हिन्दु, मुस्लिम, क्रिस्चियन आदिका दर्शनहरू यसै शिविर भित्रका दर्शनहरू हुन् । हिन्दु अन्तर्गत पनि अद्वेतवादी दर्शन, द्वेतवादी दर्शन, माध्वदर्शन, निम्वार्क, वल्लभ दर्शन आदि र वर्कले, हुम, फिख्ते आदि आदर्शवादी दार्शनिकहरूका चिन्तन धाराहरू आत्मगत आदर्शवादका उदाहरणहरू हुन् ।

ख) वस्तुगत आदर्शवाद

व्यक्ति चेतनालाई विश्वको आधार नमान्ने आदर्श नै वस्तुगत आदर्शवादी चेतना हो । आत्मगत आदर्शवाद भन्दा यो थोरै प्रगतिशील छ । आत्मा स्वतन्त्र अस्तित्वमा छ, निर्व्यैक्तिक चेतना व्यक्ति चेतनाबाट बाहिर र स्वतन्त्र छ भन्दै त्यही चेतनाबाट वस्तु वा पदार्थको निर्माण हुन्छ भन्ने चिन्तन नै वस्तुगत आदर्शवादी दर्शनको आसय हो । वेदान्त, कन्फ्युसियसवाद आदि सर्वप्रथम पूर्वबाट आरम्भ भएका वस्तुगत आदर्शवादी दर्शनहरू थिए । पश्चिममा प्लेटो, सेलिङ, हेगेल आदिका दर्शनहरू पनि वस्तुगत आदर्शवादी दर्शनहरू मानिन्छन् । पुरानोमा भागवत गीता र नयाँसम्म आइ पुग्दा ओशोका

दर्शनहरू पुर्वीय परम्परामा यसै अन्तर्गत देखा परेका छन् । नेपाल, भारत आदिका कला संस्कृति र सामाजिक जीवन सम्बन्धित कतिपय दर्शनहरूलाई पनि यसै अन्तर्गत हेर्न सकिन्छ । प्लेटोको दर्शन वस्तुगत आदर्शवादको शास्त्रीय रूप मानिन्छ । सुरूमा केही प्रगतिशील देखिएपनि यसको विकासक्रम सँगै प्रतिक्रियावादी दिशातर्फ उन्मुख हुदै जानु, बुर्जुवा दार्शनिकहरूका निम्ति अध्यात्मवादी रूपजस्तै मानिन थाल्नु,धर्म शास्त्रको अधिनस्त बनाएर द्वन्दात्मक भौतिकवादको विरोध गर्नु यसको विशेषता बन्दै आएको देखिन्छ ।

व्यवहारिकतावाद, जीवन दर्शन, व्यक्ति श्रद्धावाद, दार्शनिक नृविज्ञान, कलावाद, फ्रैङ्कफुट पन्थ, उत्तर आधुनिकतावाद आदि वादका रूपमा वस्तुगत आदर्शवाद अभिव्यक्त हुदै आएको छ । हाल समग्रमा यो कम्युनिस्ट विरोधी दिशामा लक्षित छ ।

एसिया महादीपमा सिमीत दर्शन :

प्राचीन धर्म संस्कृति तथा कलाको केन्द्र मानिने एसिया अन्तर्गतका नेपाल, भारत जस्ता मुलुकमा पनि कतिपय धर्म सम्प्रदाय र तिनका दर्शनहरू सिमीत देखिन्छन् । इ.पू. १५ औं शताब्दी देखि भारतीय महादीपमा वेद देखिन्छ । वेदका धार्मिक प्रभ(ावमा उपनिषद्हरु देखिन्छन् । वेदमा पनि केही भौतिकवादी एवम् निरीश्वरवादी चिन्तनहरु देखिन्छन् । वेद अन्तर्गत पनि शास्त्रीय र शास्त्रीयता विरोधी दुई सामाजिक धाराहरु देखिन्छन् । शास्त्रीय धारा अन्तर्गत मीमांसा, सांख्य, योग, न्याय, वैशेविक र वेदान्तहरु देखिन्छन् । शास्त्रीयता विरोधी धारा अन्तर्गत वुद्द जैन, लोकायत दर्शनहरु देखिन्छन् । हिन्दु धर्मले वुद्ध धर्मलाई आत्मसात गर्न थाले पछि भौतिकवाद विरुद्ध शङ्कराचार्यको सङ्घर्ष, बुद्धलाई हिन्दुधर्मकै अवतार मान्दै हिन्दुहरुबाटै बुद्ध धर्मको आत्मसातीका क्रमहरुसँगै वैष्णव, शैव तथा शाक्त सम्प्रदायको विकास भएको देखिन्छ ।

दशौं शताब्दीमा इस्लाम धर्मले भारतीय महादीप भित्र प्रवेश पाए पछि भौतिक वादी तथा निरीश्वरवादी अन्य नवीन चिन्तनधाराहरु पनि एसिया अन्तर्गत देखिन्छन् । वैदिक, औपनिषदिक, पौराणिक महिमा गानसँग सम्बद्ध रचना ग्रन्थहरुले संस्कृत साहित्यका इतिहासमा एउटा शृङ्खला तयार गरेको छ । संस्कृत भाषा विश्वकै समृद्ध प्राचीन आर्य भाषा हो । हिन्दु धर्मका सबै ग्रन्थ र मन्त्रहरुका स्रोत भाषा आजसम्म यही छ । आयुर्वेद, ज्योतिष, गणित तथा राजनीतिक अर्थशास्त्र र हिन्दु तथा अन्य दार्शनिक क्षेत्रमा पनि संस्कृतको महिमा विश्व प्रशंसित पाइन्छ । लुडविग, हर्मन याकोबी, ए.बी. किथ, गुसेप्पी टुची आदि पश्चिमा विद्वानहरुले अङ्ग्रेजी, जर्मन,

ग्रीक, ल्याटिन भाषामा संस्कृतका वाङ्मयहरू अनुवाद गरेका छन् ।

ती मध्ये मुख्य केही निम्न छन् ।

१,अद्वैतवादी दर्शन : रामानुज यसका प्रवर्तक हुन् । उनी वहुत्व स्वीकार गर्दछन् । उनी जगतको केन्द्रमा एउटा आध्यात्मिक तत्त्व भएकाले जगतलाई भ्रान्ति नमान्ने बिचार दिएका छन् । शङ्करको माया वादलाई आत्म साथ गर्न नसकी रामनुजले सामाजिक व्यवस्था अनुकुल वैदिक धर्मलाई समय सुहाउदो पार्न खोजेका थिए भनिन्छ । पुराणको प्रक्रियालाई हृदयङ्गम गरेको समाजमा देवताका पूजा तथा सार्वजनिक उत्सव आदिमा परिवर्तन गरेर कर्म र ज्ञान बीच समन्वय गर्न यो दर्शनले खोजेको देखिन्छ । तर पनि ईश्वर भक्ति नै यसको सार तत्त्व हो । बिष्णु पुराण र भागवतको प्रभावबाट रामनुज मुक्त भने देखिदैनन् । भारतको पेरूम्बुदुरमा वि.सं. १०८४ मा जन्मेका उनी आध्यात्मिक परिवेश भन्दा बाहिर भने देखिएका छैनन् । प्रा. चूडानाथ भट्टरायले आफ्नो दर्शन कौस्तुभ (२०३४) मा रामानुजलाई ईश्वरले वेदान्तको दीक्षा दिएको (पृ.८) चर्चा गरे पनि त्यो तर्क आध्यात्मिक चिन्तनको उपज मात्र देखिन्छ । ईश्वरबाट वेदान्तको दीक्षा पाएपछि उनले बलिराजको उपाधि पाएको भनिन्छ । बैष्णवहरूले रामानुजको 'श्रीभाष्य'लाई स्वीकार गरे पछि उनले दक्षिण भारतको भ्रमण गरे भनिन्छ । १३ औं शताव्दीका बैंकटनाथ बडगलायी सम्प्रदायका भएपनि उनी रामानुजबाट प्रभावित देखिन्छन् । **माध्व, बल्लभ, चैतन्य, रामानन्द, कबीर, नानक, नारायण** आदिले ज्ञानकर्म अर्थात् **समन्वयवाद**को पक्षपोषण गरेको देखिन्छ । यिनीहरूले प्रकृतिलाई जोडेर अनेक प्रत्ययवादी तर्कहरू पनि दिएका छन् । अस्तित्वलाई भक्ति भावबाट मात्र प्राप्त हुने तर्क यिनीहरूको देखिन्छ । मायावादी **शङ्कराचार्यको जीवाणुवाद** पनि भक्तिमार्ग अंगालेको वैष्णव सम्प्रदायको दर्शन मानिन्छ ।

अद्वेतवादी दर्शन दार्शनिक परिप्रेक्षमा लौकिक र पारमार्थिक भावनाको सन्तुलन सहित वेदको महत्वमाथि आस्था राख्ने दर्शन हो । यो एउटा पौराणिक धारा पनि हो । मानिसको सत्ता भन्दा ईश्वरीय सत्तालाई सर्वोपरि मान्छ यसले । सांख्य दर्शनले विश्वास नगरेका काल र ईश्वरलाई यसले विश्वास जगाएको छ ।

२. माध्व दर्शन :

आचार्य मध्वबाट यो दर्शन आरम्भ भएको हो । रामानुजले स्थापित गरिसकेको चिन्तनका आधारमा यो वैष्णव सम्प्रदायको **द्वेतवादी धारा** मानिन्छ । वैष्णव सम्प्रदायका आरम्भक रामानुचार्य नै हुन् । यसका समर्थक, प्रयोक्ता र व्याख्याता मध्वाचार्य मानिन्छन् । भक्ति सम्प्रदाय हिन्दु धर्म जोगाउने पौराणिक

परम्परामा आश्रित सम्प्रदाय हो । जीव र परमेश्वरको भेद द्वेतवादीहरूले प्रतिपादन गरेका थिए । तत्कालीन समाजमा सायद रामानुज र मध्वाचार्यको उपस्थिति नभएको भए आजको भक्ति साहित्य सम्भव थिएन । हिन्दु मुसलमानको भक्ति पथ बीच द्वन्द बढ्ने स्थिति हुने थिएन । सिख सम्प्रदायको जन्म दिने नानक हुन् । मुसलमानका सुफी सम्प्रदाय हुन् वा सिख सम्प्रदाय र तिनको जीवन दर्शन वैष्णभ सम्प्रदाय मध्य पनि माध्व कै प्रेरणा र प्रभावका उपज मानिन्छन् ।

भक्तिवाद(दर्शन) भित्रको वाममार्ग मैथुनको महिमा बोकेको चिन्तनको उपज मानिन्छ । सभ्यताको सिमाभित्र वाममार्ग देखिदैन (पोखरेलः२०४०) । श्रीकृष्णको व्यक्तित्वलाई वेद व्यासले विश्लेषण गर्ने क्रममा योगिका परम तत्त्व र स्त्रीका मुर्तिमान कामदेव देखेका छन् । श्रीमद् भागवत्मा कृष्णको बिचित्र आश्चर्यमय व्यक्तित्वको समन्वय छ ।

कृष्णको भगवान तत्वलाई समाजमा स्थापित गर्ने यो सम्प्रदाय वा जीवन दर्शन पाश्चात्य सम्प्रदाय वीच फस्टाउन भने सकेको देखिदैन । ज्ञान विज्ञान वीच पूर्वका देवर्षि, महर्षि, राजर्षिहरूवीच रूमलिएको यो चिन्तन नेपाल, भारत र हिन्दुहरू बाहेक अन्य सम्प्रदाय वीच स्थापित देख्न सकिन्न ।

मध्व पनि बेदलाई अनादि मान्ने र उसको प्रामाण्यलाई सिरोधार्य गर्ने व्याख्याता हुन् (पोखरेलः२०४०)। बेदमा यस दर्शनका पहिलो व्याख्याता वायु, पवनका पुत्र हनुमान र वायका पुत्र भीमसेन दोस्रा र मध्वलाई तेस्रा अवतार देखाइएको छ । महाभारत ग्रन्थको नायक यस सम्प्रदायकको आनन्द तिर्थ भनेकै माध्व दर्शन हो ।

सांख्य, वैशेविक र माध्व द्वेतवादी दर्शनकै पाटाहरू थिए । सांख्य दर्शन अनिश्वरवादी दर्शन थियो । बाँकी दुई ईश्वरमा मुक्ति देख्ने दर्शन थियो ।

३. निम्बार्क दर्शन :

निम्बार्क मत वैष्णभ सम्प्रदाय अन्तर्गत कै द्वैताद्वैतवादी दार्शनिक चिन्तनमा आधारित आचार्य निम्वार्कद्वारा प्रतिपादित मत हो । नारद ऋषि यस मतका प्रमुख देवर्षि मानिन्छन् । निम्बार्कलाई नारदका शिष्य र भगवानका सुदर्शन चक्रका अवतार हुन् भन्ने मान्यता यस सम्प्रदायका अनुयायीहरूमा देखिन्छ । हंस सम्प्रदायका नामले पनि चिनिने यो मत श्रीहंसबाट प्राप्त ज्ञान, सनातन र कृष्णभक्तिका सन्देस, भागवत् निर्माणमा नारदको भूमिका, कृष्णको परम तत्त्व स्वीकार गर्ने चिन्तनमा आधारित छ । वृन्दावनकी राधाकी रूपमा नारीको यौन स्वतन्त्रतालाई घृणित यौन उच्छृङ्खलता ठान्ने कि पवित्र प्रेमाभक्ति ? यो दर्शन बोल्दैन । राधा र कृष्णका यो प्रक्रियालाई कृतनमा

परिणत गर्नु, राधा र कृष्णलाई जगतका परम तत्त्व मानेर अज्ञानी समाजलाई धर्मको नाममा धारण गर्न लगाउनु निम्बार्क मार्गीहरूको नियति देखिन्छ । भक्तिकै आधार लिएर दार्शनिक सिद्धान्त बनेको यो दर्शन आत्म ज्ञान बिना मानवको मुक्ति असम्भव देख्ने श्रीकृष्ण तत्वमा आधारित सिद्धान्त हो ।

४. वल्लभ दर्शन :

यस दर्शनका वास्तविक प्रवर्तक वि.सं. १३०७ तिरका द्रविड देशीय राजपुत्र आचार्य बिष्णु स्वामी हुन् । वल्लभाचार्य शुद्वाद्वेत सम्प्रदायको प्रचार प्रसार गराउने आचार्य हुन् । श्रीमद्भागवत् गीताका महाराष्ट्री भाषामा अनुवादक ज्ञानदेव पनि यस दर्शनलाई अघि बढाउन मद्धत गर्ने अर्का आचार्य मानिन्छन् ।

यो पनि वैष्णव सम्प्रदायकै अर्को भेद हो । वल्लभाचार्यद्वारा लिखित अणुभाष्य र अन्य उपनिषद, गीता, ब्रम्हसूत्र आदि तत्कालीन वेदान्त मतको उपजीव्य शास्त्र मानिन्छन् । गिरिधर महाराज, हरि राय, ब्रजनाथ भट्ट, बालकृष्ण भट्ट आदिले यस सम्प्रदायलाई अघि बढाएको देखिन्छ । **यस दर्शनका मान्यता** निम्न देखिन्छन् ।

- सबै रूपको सर्वत्र अस्तित्त्व छ अस्तित्त्व नै ब्रम्हत्व हो ।
- सांख्य दर्शनलाई यिनीहरूले विकृत रूप भनेका छन् ।
- भगवान्का कार्यमा मिथ्या छैन । यदि कोही कसैले आफुलाई भोक्ता वा फलकर्ता ठान्छ भने त्यो मिथ्या हो । जे हुन्छ त्यो सत्य हो । संसारका परमपुरूष भनेका श्रीकृष्ण हुन् ।
- वेद, गीता, ब्रम्हासूत्र, भागवत, कर्मकाण्ड, ज्ञानकाण्ड आदि नै तत्वार्थ दीप प्रमाण हुन् ।
- वैराग्य, सांख्य, योग, तप र भक्ति नै मोक्ष प्राप्तिका साधन हुन् ।
- शास्त्रको अनुसन्धानले ज्ञान, कर्म र भक्ति भेटिन्छ ।

भौतिकवाद र यसको पृष्ठभूमि

आदर्शवाद (प्रत्ययवाद)को ठिक विपरीत वैज्ञानिक र दार्शनिक दर्शन धारा नै भौतिकवाद हो । वाह्य जगतको वस्तुगत उपस्थितिलाई स्वीकार गर्ने दार्शनिक दृष्टिकोण नै भौतिकवाद हो । यो एउटा प्रगतिशील दर्शन हो । यसले पदार्थ वा भौतिक जगतलाई पहिलो मान्छ र पदार्थबाट चेतनाको निर्माण हुन्छ भन्दै जगतलाई सास्वत देख्दछ । यो जगत ईश्वरबाट रचना भएको होइन । देश, काल अनन्त छन् भन्ने विश्व दृष्टिकोण सहित प्रगतिशील बर्ग र शक्तिको पक्षमा रहने दर्शन नै भौतिकवादी दर्शन

हो।

कार्लमार्क्स पूर्व पनि भौतिकवादी दार्शनिकहरू थिए । भारत, चीन, युनानका दास, मालिक समाजमा भौतिकवादी चिन्तनहरू मार्क्सवाद पूर्व नै प्रकट भएका यथार्थहरू थिए। भौतिकवादको उच्चतम र सुन्दर रूप कार्ल मार्क्स, फ्रेडरिक ऐंगेल्स आदिद्वारा अभिव्यक्त भएको मानिन्छ र पनि मार्क्स पूर्वका केही प्रमुख भौतिकवादीहरूका योगदानलाई पनि भुल्न मिल्दैन।

मानव समाजमा आदिम कालदेखि दै प्रगतिशील असल विचारहरू अस्तित्त्वमा थिए । कार्लमार्क्स र फ्रेडरिक ऐंगेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र जारी गर्नु अघि अर्थात् मार्क्सवाद पूर्व पनि मानिस द्वारा मानिसमाथि हुने गरेका शोषण अन्त्य गरी शोषणमुक्त समाजको परिकल्पना गर्ने धेरै चिन्तकहरू थिए। तर पनि शोषण, उत्पीडन मुक्त समाजको निर्माण प्रक्रियाबारे वैज्ञानिक निचोड (निष्कर्स)लाई मार्क्स पूर्वका दार्शनिकहरूले ठम्याउन सकेनन्। यो उनीहरुको कमजोरी मानिन्छ। ती मध्ये मुख्य दार्शनिकहरू निम्न थिए।

१. थोमस मन्जेर :

उनी सोह्रौ सताब्दीका जर्मन किसान युद्दका नेता थिए। नीजि स्वामित्त्व रहित जनकल्याणकारी राज्य संयन्त्रमा आधारित समाज निर्माणको कार्यक्रम अघि सार्ने व्यक्ति थिए उनी। उनी त्यतिबेला सफल हुन सकेनन्। तैपनि उनीबाट काल्पनिक समाजवादको जन्म हुन पुगेको हो।

२. थोमस मोर : सन् १५१६ मा 'उटोपिया' नामक पुस्तक प्रकाशित गरेर काल्पनिक समाजवादमा थप योगदान गर्ने वेलायती चिन्तक थोमस मोर (१४७८-१५३५) हुन्। गरिबी, शोषण, दमन उत्पीडनको मुख्य जड नै नीजि स्वामित्त्व भन्ने मान्यता उनको देखिन्छ।

३. सेन्ट साइमन (सन् १७६०-१८२५) : उनी फ्रान्सेली विचारक हुन्। भविष्यको आदर्श राज्य उद्योगपति र वैज्ञानिक द्वारा सन्चालन हुने धारणा उनको देखिन्छ। तर उत्पीडनका पीडा खेप्ने मजदुर बर्ग क्रान्ति र परिवर्तनका बाहक बन्न सक्ने कुरामा उनको दृष्टि पुग्न सकेको देखिदैन। उद्योग र विज्ञान वीचको एकता र केन्द्रीकृत संरचनाबाटै उनका केही महत्वपूर्ण विचारहरू आएकै कारण उनलाई कार्ल मार्क्सले समेत **समाजवादका पिता** भनेका थिए।

४. रोवर्ट ओवेन (१७७१-१८५८) : उनी बेलायतका काल्पनिक समाजवादी थिए। तर्क र चेतनाबाटै समाजको परिवर्तन गर्न सकिने धारणा उनको थियो।

५. **चार्ल्स फुरिए** (१७७२-१८३६) : फ्रान्सका काल्पनिक समाजवादी चार्ल्स फुरिए पुँजीवादी समाजका कटु आलोचक र वैज्ञानिक साम्यवाद सम्बन्धि केही अपूर्ण अवधारणाहरू सहित नैतिक शिक्षालाई स्वच्छ समाजको आधार मान्ने हेगेल पूर्वका विचारक थिए । फ्रान्सको राज्य क्रान्ति (सन् १७८९) पुँजीवादीहरूले गरेको पहिलो राज्यक्रान्ति हो । उत्पीडित मजदुर किसानका पक्षमा उक्त क्रान्ति औचित्यहीन देखिए पनि रोबर्ट ओवेन र उनीहरूले समाजवादी चिन्तन जन्माउने काम गरे ।

६. **हेगेल** (१७७०-१८३१) : जर्मनीका हेगेल दर्शन शास्त्रमा द्वन्दात्मक तर्क शास्त्रका प्रयोक्ता हुन् । उनी वस्तुगत भाववादी जर्मन शास्त्रीय दर्शनका प्रवर्तक भएपनि द्वन्द प्रक्रियाका नियमहरूलाई निरन्तरताका आधारमा नभएर अपूर्ण र मनोगत रूपमा उठाउनुले उनी पनि द्वन्दवादका कुरा उठाउने अधुरा विचारकका रूपमा ठहरिए । द्वन्दात्मक भौतिकवादको बारेमा सर्वप्रथम नियमको प्रतिपादन उनीबाटै भएको हो ।

७. **सिग्मण्ड फ्रायड** : उनी पनि भैतिकवादी विचार राख्ने दार्शनिक हुन् । उनले पनि वस्तुलाई गतिमा हेर्दैनन् । उनीबाट फ्रायडवादी मनोविश्लेषणात्मक चिन्तन देखा परेको छ ।

८. **लुडभिख फायरवाख** (१८०४-१८७२) : उनी जर्मन शास्त्रीय दर्शनमा पदार्थलाई प्रमुख तत्त्व र चेतनालाई दोस्रो गौण तत्त्व मानेर दृढताका साथ भौतिक(वादी दर्शनका पक्षधर देखिए पनि धर्म, ईश्वर, पुनर्जन्म, अन्धविश्वासबाट मुक्त हुन नसकेका दार्शनिक थिए । सामाजिक व्यवहार अन्तरविरोध आदिका बर्गीय आधारहरू उनले समाउन भने सकेनन् । उनले वस्तुलाई गतिमा पनि हेरेनन् ।

यसरी, मार्क्स ऐंगेल्स पूर्वका भौतिकवादीहरुका यिनै प्रशस्त कमजोरी र अवैज्ञानिक विचारहरूलाई वस्तुगत विश्लेषणका आधारमा वैज्ञानिक दृष्टिसहित संश्लेषण गर्दै वैज्ञानिक र व्यवहारिक नवीन दर्शनको प्रतिपादन मार्क्स ऐंगेल्सहरूले गरेका हुन् । मार्क्सको मृत्युपछि मार्क्सवादलाई पूर्णता दिनमा ऐंगेल्सको भूमिका महत्वपूर्ण देखिन्छ । लेनिन, स्टालिन, माओत्सेतुङ्देखि नेपालका किरणसम्म आइ पुग्दा धेरैले मार्क्सवादी दर्शनको जगमा उभिएर एकपछि अर्को ईंटा थप्दै विश्व जगतको वैज्ञानिक विश्लेषणमा मार्क्सवाद वाहेकको अर्को वैज्ञानिक दृष्टिकोण नभएको तथ्यलाई प्रमाणित गर्ने क्रम निरन्तर छ ।

मार्क्सवादका सङ्घटक अङ्ग (स्रोतहरू) :

लेनिनका विश्लेषणमा मार्क्सवादका प्रमुख स्रोतहरू :

१) **फ्रान्सेली काल्पनिक समाजवाद** : जब सन् १७८९ मा पुँजीवादीहरूले गरेको

पहिलो राज्य क्रान्तिका रूपमा फ्रान्सेली राज्य क्रान्ति भयो । उत्पीडित मजदुर, किसान, निम्ति औचित्यहीन उक्त क्रान्तिबाट रोबर्ट ओवेन, चार्ल्स फुरिए जस्ता समाजवादी चिन्तकहरू जन्माउन मद्दत गऱ्यो । रोवर्ट ओवेनको तर्क र चेतना द्वारा समाज बदल्न सकिने धारणा देखिन्छ भने चार्ल्स फुरिएको पुँजीवादी समाजको आलोचना र आशा लाग्दो वैज्ञानिक साम्यवादी चिन्तनहरूले मार्क्सवाद जन्माउन मद्दत गरेको यो क्रान्ति मार्क्सवाद जन्मनुको पहिलो कारण वा स्रोत मानिन्छ ।

२) वेलायती राजनीतिक अर्थशास्त्र : १६ औं शताब्दीपछि अर्थात् ब्रिटेनको औद्योगिक क्रान्तिपछि पुँजीवादी र मजदुर सर्वहारा बीच बर्ग सङ्घर्ष चर्कदै गयो । मजदुरले मेसिन तोड्ने आन्दोलन सुरू गरे पनि सामाजिक आन्दोलनका रूपमा सुरू भएको चार्टिस्ट आन्दोलनले अधिकार खोसेर लिनुपर्ने पाठ सिकाए पछि मुल्य र श्रम सिद्धान्त बीच कै कुराले बेलायती अर्थशास्त्रमा खैला बैला मच्चियो । एडम स्मिथ र डेभिड रिकार्डो जस्ता अर्थशास्त्रीहरू द्वारा अघि सारिएका मुल्य र श्रम सिद्धान्तका नवीन विचारहरूलाई मार्क्स ऐंगेल्सहरूले गम्भीरताका साथ अध्ययन गरिरहेका थिए । 'अतिरिक्त मुल्यको सिद्धान्त' र 'मार्क्सवादी राजनीतिक अर्थशास्त्र'मार्क्सवाद निर्माणको महत्त्वपूर्ण स्रोत यो नै थियो ।

३) जर्मन शास्त्रीय दर्शनशास्त्र : ब्रिटेनको औद्योगिक क्रान्ति र फ्रान्सेली राज्य क्रान्तिपछि सामन्तवादी र अध्यात्मवादी दर्शनका आलोचना र खण्डन क्रमहरू तीव्र देखिन्छन् । यसै क्रममा नयाँ चिन्तनका रूपमा १९ औं शताब्दीका आरम्भमा जर्मनीमा जार्जी हेगेलको द्वन्दवाद, लुडविख फायरवाखको भौतिकवादी मान्यताहरू देखा पर्नुले पनि मार्क्सवाद निर्माणमा तेस्रो स्रोत बन्न पुगेको देखिन्छ ।

समग्रमा मार्क्सवादका सङ्घटक अङ्गभित्र निम्न स्रोतहरू पर्दछन् । ती हुन् :

क) दर्शनशास्त्र (Philoshophy) ख) राजनैतिक अर्थशास्त्र

ग) वैज्ञानिक समाजवाद

भौतिकवाद प्रगतिशील विश्व दर्शन हो । यसले संसारलाई बुझ्न र अध्ययन गर्न सक्ने देख्छ । भौतिक संसारका सही चित्र प्रस्तुत गर्ने, शोसित, उत्पीडित बर्गको सेवा गर्ने, प्रतिगामी र शोसक तत्वसँग लड्ने साहस यसबाट प्राप्त हुन्छ ।

दर्शनका आधारभूत प्रश्नको समाधानमा मार्क्सवादको निचोड यस्तो छ ।

- पदार्थ चेतनाको स्रोत हो भने चेतना पदार्थको परावर्तन हो ।
- पदार्थ कै उच्च रूपबाट सङ्गठित मस्तिस्कको गुण वा कार्य चेतना हो । भाषाको भौतिक खोलविना चेतनाको अस्तित्व असम्भव छ ।

- चेतनाको स्वरूप सामाजिक हुन्छ। मानिसको भौतिक श्रमले जन्माएर् यो विकसित हुन्छ।

भौतिकवादीका मतमा पदार्थ

लेनिनको परिभाषामा पदार्थ :-

- जसको अस्तित्त्व मानव चेतना बाहिर स्वतन्त्र हुन्छ। वैज्ञानिक र दार्शनिक गरी पदार्थका दुई रुप हुन्छन्।
- जसले हामीभित्र अनुभूति पैदा गर्छ, यसलाई नष्ट गर्न र सृष्टि गर्न सकिन्न। तर गतिका आधारमा स्वरूप वदल्न सकिन्छ। जसको प्रतिबिम्बन हाम्रा (मानिसका) अनुभूति र चेतनामा हुन्छ।

चेतना :

- वस्तु (पदार्थ/प्रकृति)को लामो विकासको उपज
- मानिसको भौतिक परिवेशसँग अभिन्न, पदार्थको गुणबाट विकसित प्रतिबिम्बन वा सोच्ने प्रकृति प्रदत्त शक्ति
- पशु भन्दा पृथक देखाउने मानव श्रमकै विशिष्ट दिमाखी चेत वा मस्तिस्क

गति :

- प्रत्येक पदार्थको अभिन्न गुण
- गतिविना पदार्थ बन्न सक्दैन। गति न पैदा गर्न सकिन्छ न नष्ट गर्न सकिन्छ। यो पदार्थसँग अभिन्न छ।
- यान्त्रिक, भौतिक, रासायनिक, जैविक, सामाजिक आदि गतिका विविध रूप हुन्छन्।

संसारका अध्ययन विधिहरू

द्वन्दवाद र अधिभूतवाद गरी संसारका अध्ययन गर्ने दुई विधि प्रचलनमा देखिन्छन्।

१. द्वन्द्ववाद :

द्वन्दवाद भनेको प्रकृति, समाज, मानव र उसका चिन्तन विकासका अध्ययन गर्ने सामान्य नियमहरूका विज्ञान हो। कार्लमार्क्स तथा फ्रेडरिक ऐंगेल्सबाट यस्तो अवधारणा विकास भएको हो। संसारलाई गति, परिवर्तन र विकासशीलताका आधारमा यसले अध्ययन गर्छ। नियमित र निरन्तरका परिवर्तनका नियम सापेक्ष हुनु, संसारका सबै कुरालाई गतिशील देख्नु यसको विशेषता हो। यसका मुलभूत

विशेषताहरू निम्न छन् ।

- संसारका सबै कुरा निरन्तर रूपमा परिवर्तनशील देख्नु, विकासको गति सरलबाट जटिलतातर्फ, न्युनबाट उच्चतर्फ, नयाँ गुणको खोजीतर्फ उन्मुख देख्नु ।
- विकासका प्रत्येक चरणहरू अघिल्ला चरणका भन्दा समृद्द, गहन, विशिष्ट र विविधतापूर्ण हुन्छ ठान्नु
- यसले वस्तुको गति वाह्य नभएर आन्तरिक मान्दछ र वस्तुलाई अन्तरविरोध र अन्तर सम्बन्धमा हेर्दछ ।
- निरन्तर नयाँको विजय र नवीनता प्राप्तिका पुष्टि गर्नु यसको विशेषता हो ।
- एकबाट दुईमा बिभाजित हुनु वस्तुको विशेषता हो । वस्तु परिस्थिति सापेक्ष हुन्छ भन्दै निषेधात्मक द्वन्दवादलाई यसले द्वन्दवाद विरोधी देख्दछ ।

२. अधिभूतवाद :

संसारलाई हेर्ने, बुझ्ने, व्याख्या विश्लेषण गर्ने, द्वन्दवादको ठीक विपरीतको यो विधिप्रति लेनिनको टिप्पणी महत्वपूर्ण देखिन्छ । लेनिन भन्छन्- 'सङ्ज्ञानको हरेक पक्षलाई निरपेक्षकरण गर्नु अधिभूतवाद हो ।' अधिभूतवादले -

- वस्तुको अस्तित्वलाई परिस्थिति निरपेक्ष भएर मुल्याङ्कन गर्छ ।
- हरेक वस्तुका परिवर्तन तथा विकासलाई अन्तर सम्बन्धमा नहेरी अलगथलग रूपमा हेर्छ ।
- वस्तुको चरित्रमा स्थिरता देख्छ र गतिको स्रोत आन्तरिक नमानेर वाह्य मात्र देख्छ । यसले वस्तुमा अन्तरनिहीत खास गुणहरू परिवर्तन हुदैनन् भन्दै वस्तु वा घटनालाई अमूर्त र गोलमटोल भाषामा अभिव्यक्त गर्छ ।

हेगेलजस्ता दार्शनिकबाट संसार सिर्जना गर्ने सर्वोच्च सत्ताको खोज पनि यस अन्तर्गत भएको छ । तर पनि यो एउटा प्रत्ययवादी दर्शन हो । वस्तु जे हो, त्यही हो, त्यो बाहेकको अरू कुनै नयाँ वस्तु होइन र हुन नसक्ने देख्नु, वस्तुका गुणहरू वाह्य कारण बाहेक अन्य आन्तरिक कारणले परिवर्तन हुदैनन् भन्दै गतिको चरित्र सधैं एउटै हुदैन भन्ने तर्फ आँखा चिम्लेर चक्रिय गति (कोलरिंगाइ) गतिमा विश्वास गर्नु अधिभूत वादीहरूको विशेषता हो ।

यान्त्रिक भौतिकवाद

पन्ध्रौं, सोह्रौं शदाब्दीमा युरोपमा पुनर्जागरण आयो । त्यहाँको पुनर्जागरणले जब पुरेत पादरीहरूका भन्डाफोर सुरू भयो । औद्योगिक विकासमा नयाँ लहरहरू देखिए । न्युटनको यन्त्र विज्ञानले गतिको स्रोत आन्तरिक नभएर वाह्य बल हो भन्दै

गतिका बारेमा पनि फरक धारणा दियो ।

एक ठाउँबाट चल्नु, सर्नु मात्र गति हो भन्दै रोक्न, सार्न, यताउता गर्न वाह्य बल चाहिन्छ भन्ने कुरालाई यान्त्रिक भौतिकवादले जोड दिएको छ । यसले ठाउँ सर्नु, संख्या, तापक्रम घटबढ हुनुलाई गति मान्दछ । यसले गतिको चक्र कुमालेको चक्र जस्तो घुमिफिरी उही ठाउँमा आउने (सत्य, कलि, त्रेता, द्वापर जस्तै/बिहान, दिउँसो, साँझ जस्तै) चक्रिय स्वरूपमा अभिव्यक्त हुने कुरामा विश्वास गर्छ । यसले वस्तुलाई अन्तर सम्बन्धमा हेर्दैन । (रूख हरियो देख्छ, फलेको फुलेको देख्छ तर हरियो हुनु, फुल्नु र फल्नुको कारण खोज्दैन ।)

यान्त्रिक भौतिकवाद वस्तुको समग्र नभएर एक पक्षीय कोणबाट (मात्र एक पाटो) हेर्ने दर्शन हो । पदार्थकै विकासको लामो परिणाम पछि पनि वस्तुको गुण एक अर्कोमा परिवर्तन हुदैन भन्ने निष्कर्स यसले निकाल्छ । (जस्तो कि गरिब सधैं गरिब हुन्छ, शासक सधैं शासक हुन्छ । कहिल्यै पनि उसको गुणमा परिवर्तन आउदैन ।) यसले संसार सिर्जना गर्ने सर्वोच्च सत्ताको खोजी त गर्छ । परिवर्तन स्वीकार गर्छ तर चक्रीय परिवर्तनको गति स्वीकार गर्नु, पदार्थको कणलाई निष्क्रिय देखेर वाह्य बल द्वारा मात्र गति सिर्जना भइ वस्तुमा परिवर्तन आउँछ भन्ने धारणा राख्नु यसको विशेषता हो । त्यसैले यसलाई अधिभूतवाद वा यान्त्रिक भौतिकवाद बुझ्न सकिन्छ ।

द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद

यान्त्रिक भौतिकवादको निषेधबाट द्वन्द्वात्मक भौतिकवादको अङ्कुरण भएको हो । यसका मुख्य विशेषता निम्न छन् :

- यो क्रान्तिकारी मजदुर बर्गलाई मुक्तिको बाटो देखाउने क्रान्तिकारी विश्व दृष्टिकोण अर्थात् मार्क्सवादको दार्शनिक आधार हो । यसले संसारका हरेक वस्तु जीवजन्तु, सोच, विकास आदिलाई परिवर्तनशील देख्छ । यो समाज विकासको इतिहास बुझ्ने र विश्लेषण गर्ने एकमात्र वैज्ञानिक र आज सम्मकै विशिष्ट प्रणाली हो । वाह्य बल परे पनि नपरे पनि हरेक अवस्थामा पदार्थ भित्र गति देख्नु, हरेक समयका सबै परिवर्तनहरू गतिकै कारण हुन्छन् र ती नयाँ प्राप्तिहरू सबै नयाँ भएर आउँछन् भन्ने यो एउटा निरन्तर क्रान्तिकारी परिवर्तनको अपेक्षा गर्ने विज्ञान हो । जैविक, रासायनिक, भौतिक, यान्त्रिक आदि हरेक परिवर्तनमा गतिको स्रोत द्वन्दलाई देख्नु, परिवर्तन र गतिको स्रोत आन्तरिक देख्नु र गतिको स्रोत चक्रीय नदेख्नु अर्थात् सोपानक्रमीय (Spiral) प्रकृतिको अर्थात् धरहराको सिंढी जस्तो तलबाट माथितिर बिशिष्ट उपलब्धी र प्राप्तिका लागि भइरहेको देख्नु यसको विशेषता हो ।

यसले अधिभूतवादी तथा यान्त्रिक भौतिकवादीहरूले जस्तो हरेक वस्तु, घटना आदिलाई एक पक्षीय (एक पाटोबाट) रूपमा मात्र नहेरी वहुपक्षीय (समग्रताबाट) हेर्छ र विश्लेषण गर्छ। द्वन्दात्मक भौतिकवाद प्रकृति र समाजका नियमहरूलाई मानिसका चेतनाभन्दा स्वतन्त्र हुने निष्कर्स दिन्छ। प्रकृति र समाजका नियम बुझेपछि मानिसले नै नयाँ नियमहरूका आविष्कार गर्न सक्छन्। जगत भन्नु नै पुरानोको मृत्यु र नयाँ प्रादुर्भावको अनन्त प्रक्रिया हो। यो विकासको प्रगतिशील प्रक्रिया, पुरानो विरूद्ध नयाँको सङ्घर्ष, नयाँको अवस्यम्भावी विजय देख्ने वैज्ञानिक प्रणाली हो। वस्तुलाई पहिलो, चेतनालाई वस्तुको उपज दोस्रो तत्त्व देख्ने, संसारलाई बोध गर्न सकिने र सृष्टिको कारण ईश्वर होइन भन्दै मानवको श्रमलाई देख्ने, भौतिक वस्तु वा पदार्थ विना चेतनाको अस्तित्त्व असम्भव देख्ने, समग्र क्रान्तिकारी परिवर्तनको बाटो निर्देशित गर्ने दर्शन नै द्वन्दात्मक भौतिकवाद हो। तसर्थ यो आजसम्म देखिएका अन्य दर्शनहरु भन्दा वैज्ञानिक र बिशिष्ट दर्शन मानिन्छ।

मार्क्सवादका सन्दर्भमा

आदर्शवादी विचारक हेगेलको द्वन्दवाद, भौतिकवादी विचारक लुदभिग फायरवाख भित्रका प्रत्ययवादी आदर्श तत्वहरू हटाएर कार्लमार्क्स र फ्रेडरिक ऐंगेल्सले सन् १८४५ तिर द्वन्दात्मक भौतिकवादको संश्लेषण गरेका थिए। आफु पूर्वका राम्रा विचारहरूको ग्रहण गरेर आएको यो चिन्तन नै मार्क्सवादको मुख्य आधार थियो। यस दर्शनले त्यतिबेला धर्म र धर्मशास्त्रका मात्र विरोध गरेन। सबै प्रकारका समाज विकासका अवरोधक अधिभौतिकवादी प्रवृत्ति र चिन्तनको समेत विरोध गऱ्यो।

द्वन्दात्मक भौतिकवादका आधारभूत सिद्धान्त निम्न छन्।

- निरन्तर परिवर्तनको सिद्धान्त।
- अन्तरसम्बन्धको सिद्धान्त।
- पदार्थले चेतनालाई निर्धारण गर्छ र चेतनाले पदार्थलाई प्रभावित पार्दछ।

द्वन्दात्मक भौतिकवादका मुख्य नियमहरू :

१. प्रतिपक्षहरूको एकता र सङ्घर्षको नियम
२. मात्राबाट गुणमा र गुणबाट मात्रामा परिवर्तनको नियम
३. निषेधको नियम

१. प्रतिपक्षहरूको एकता र सङ्घर्षको नियम :

मार्क्सवादी द्वन्दवाद प्रतिपक्षहरूको एकता र परस्परको द्वन्द सङ्घर्षमा आधारित नियम हो। हरेक क्रिया र वस्तुभित्र परस्पर विरोधी तत्वहरू हुन्छन्। जैविक,

भौतिक, रासायनिक, सामाजिक सबै गतिको स्रोत द्वन्द हो । हरेक वस्तुमा जीवन तत्वसँगै मृत्यु तत्त्व पनि छ । वस्तु, मानिस, जीव आदि भित्रै अन्तर सम्बन्धमा रहने यिनै आन्तरिक तत्वहरू नै गतिका स्रोत मानिन्छन् । मानिसले आफ्नो इच्छा अनुरूपका नियम बनाउन र हेरफेर गर्न सक्दैन । मानिसको काम भनेको नियमहरू बुझ्ने र चित्रण गर्ने मात्र हो । भ्ला.इ. लेनिन भन्छन्- 'जगत् भनेको पदार्थको गति हो र मानव चेतना प्रकृतिको उच्चतम् उपज हुनाले यसले वस्तुगत संसारको प्रतिबिम्बन मात्र गर्दैन । निर्माण समेत गर्दछ र आफ्ना कर्म द्वारा पुरानोलाई फेर्छ निरन्तर ।'

विपरीत तत्त्वहरूको उपस्थिति प्रत्येक वस्तुमा हुन्छ तर ती अन्तर सम्बन्धमा बाँधिएका हुन्छन् । ती बीचका एकत्त्व र सङ्घर्षका नियमहरूले द्वन्दवादका प्रश्न र समस्याहरू बुझ्न सहज हुन्छन् । विपरीत गुण चरित्र हुदा हुदै पनि एक अर्कोमा आश्रित सम्बन्ध वस्तुमा एक अर्का बीच परिपुरक भएर रहन्छन् । जस्तो कि बर्गीय समाजमा शोसक र शासित, चुम्बकमा उत्तरी र दक्षिण ध्रुव, गणितमा + र −, दर्शनमा अध्यात्मवाद र भौतिकवाद, बर्ग समाजमा पुँजीपति बर्ग र सर्वहारा बर्ग, नोकरशाही समाजमा नोकर र मालिक, सामन्तवादी समाजमा भुदास र सामन्त आदि ।

विरोधाभास पूर्ण परस्पर विरोधी पक्षहरू सर्वव्यापक र सर्वकालिक हुन्छ । प्रतिपक्षले एक अर्कालाई निषेध गर्ने मात्र होइन एक अर्काको अस्तित्वलाई अनिवार्य देख्छ पनि । सर्वहारा बर्गको अस्तित्त्व विना बुर्जुवा बर्गको अस्तित्त्व सम्भव हुदैन । ऋणात्मक र धनात्मक तत्वहरूको अस्तित्त्व विना रासायनिक योगहरूमा अणुहरूको अस्तित्त्व सम्भव छैन । आन्तरिक र वाह्य, प्रधान र गौण सत्रुता र मित्रता, उत्तरी र दक्षिणी ध्रुव आदि जस्ता अन्तर विरोधहरू रहेनन् भने समग्र समाज विकासको स्रोत सम्भव देखिदैन । सह अस्तित्त्वमा रही विपरीतहरू अन्तर विरोधी हुनुको अर्थ एक अर्काको परिपुरक हुनु पनि हो । राम्रोको ठाउँमा नराम्रो, आकर्षणका ठाउँमा विकर्षण, शान्ति-क्रान्ति, नयाँ-पुरानो, परस्पर विरोधी विशेषताहरू नै प्रतिपक्ष बीचका एकत्व र सङ्घर्षका आधार हुन्छन् । तर परस्पर विरोधी तत्वहरू बीचको यस्तो एकता क्षणिक हुन्छ ।

तर मार्क्सवादी द्वन्दवादको क्रान्तिकारी सार तत्वलाई बङ्ग्याउदै कतिपय बुर्जुवा दार्शनिकहरू प्रतिपक्ष बीचको सङ्घर्षलाई नकार्दै समन्वयवादी सामाजिक प्रक्रियालाई अस्तित्वमा टिकाइ रहन चाहन्छन् । बर्गीय अन्तरविरोध बीच समन्वय असम्भव हुन्छ । समाज, विश्व, विज्ञान, मानव जीवन आदिको अग्रताका निमित्त यस्ता अन्तर विरोधहरू अनिवार्य र उपयोगी हुने कुरालाई द्वन्दात्मक भौतिकवादीहरूले

अध्ययनको विषय बनाउदै आएका छन् । समग्र विकास र समाधानको आधार प्रतिपक्ष बीचको एकता र तिनीहरू बीचको द्वन्द प्रक्रिया नै हो भन्ने निष्कर्स द्वन्दात्मक भौतिकवादीहरूको निचोड हो ।

२. मात्राबाट गुणमा र गुणबाट मात्रामा परिवर्तनको नियम :

परिवर्तनका निरन्तर प्रक्रियालाई मानिसले रोक्न सक्दैन । बुर्जुवा र प्रतिक्रियावादीहरूले परिवर्तन प्रक्रियालाई रोक्न खोजे पनि त्यो असम्भव छ । हरेक वस्तुका लक्षण, गुण, चरित्र र रूपहरूका चरित्र आ-आफ्नै हुन्छन् । घटनाहरूका प्रकृति पनि आ-आफ्नै हुन्छन् । वस्तु, घटना, सेवा, पदार्थ आदिलाई फरक अस्तित्वको देखाउने आधार गुण हो । त्यसले ग्रहण गर्ने आयतन मात्रा हो । हरेक वस्तुका निश्चित गुण र परिमाण हुन्छ । संख्या, आकार, तौल, आयतन र पैदा हुने अनुभूतिका आधारमा परिमाणको अभिव्यक्ति गर्न सकिन्छ । असल-खराब, तातो-चिसो, धेरै-थोरै, होचो-अग्लो, बाक्लो-पातलो, मात्रात्मक परिवर्तन अनेक किसिमका हुन सक्छन् । गुणको परिवर्तनले पुरानो वस्तु लोप गरेर नयाँको निर्माण हुन्छ । नयाँको निर्माण प्रक्रिया नै गुणात्मक परिवर्तनको प्रक्रिया हो । नयाँ वस्तुमा परिवर्तन हुदा वस्तुको रूप, आयतन, आकार आदिमा देखिने घटबढको स्थिति नै मात्रात्मक परिवर्तन हो । पुँजीवाद र समाजवाद अलग गुण भएका व्यवस्था हुन् । उत्पादन शक्ति, श्रम, साधन, शिक्षा, सामाजिक, आर्थिक, सांस्कृतिक जीवनवृत्ति पनि यिनीहरूका फरक छन् । गुणात्मक र परिमाणात्मक लक्षणहरूमा यिनका बर्गीय स्वार्थहरू प्रतिबिम्बित हुन्छन् ।

फ्रेडरिक एंगेल्स भन्दछन्-'खास केन्द्रीय विन्दुहरूमा विशुद्ध मात्रात्मक योग र वियोगले गुणात्मक फड्कोलाई जन्म दिन्छ ।'

फड्को के हो त ?

यो द्वन्दवादका नियमहरूको आन्तरिक अभिव्यक्ति हो । यो परिपक्व अन्तरविरोधको समाधान हो । यो क्रमिकता र नियमिततामा आउने परिवर्तन हो ।

३. निषेधको नियम :

हरेक कुरालाई नयाँ कुराले विस्थापित गर्छ भन्ने मान्यता यसको हो । द्वन्दात्मक भौतिक वादले हरेक कुराको अन्त्य हुन्छ भनेको छ । यान्त्रिक निषेध र द्वन्दात्मक निषेध गरी निषेध दुई रूपका हुन्छन् । यान्त्रिक निषेधमा मानौं कि मान्छे काटिन्छ भने द्वन्दात्मक निषेधमा मानिस काटिदैन बरू सुधने मौका आउँछ । तर द्वन्दात्मक निषेधको चरित्र विकासात्मक हुन्छ । बुद्धको अनित्यताको दर्शनले हरेक कुरा एउटा कारणबाट पैदा हुन्छ भन्थ्यो । डार्विनले निरन्तर परिवर्तन र अन्तर

सम्बन्धको सिद्धान्तका आधारमा पुरानोको विस्थापन अनिवार्य देख्छन् । मार्क्स ऐंगेल्सले मान्छेलाई आशावादी तुल्याउँदै संसारका हरेक कुरालाई परिवर्तशील देखेका छन् । गति सुन्य हुदैन र समय परिवेशमा घटित गतिकै कारण पुरानोका निषेधपछि नयाँको आगमन हुन्छ । द्वन्दात्मक भौतिकवादीहरूको मत यसरी अभिव्यक्त हुदै आएको छ ।

द्वन्दात्मक निषेध अनुसार वस्तु, पदार्थ वा प्रकृतिका हरेक कुराहरू पूर्ण रूपले पुनरावृत्ति हुदैन । पुरानाका उपयोगी तत्त्व लिएर अनुपयोगी तत्त्व छोड्ने क्रम निरन्तर रहन्छ । निषेधको अर्थ उन्मुलन मात्र होइन । पुरानोको सकारात्मक गुणलाई नयाँ उचाइ दिनु पनि हो । यो विकासको निरन्तरतामा हुन्छ । यस नियमले वस्तुको रूपान्तरण गर्छ । परिवर्तन चक्रीय स्वरूपको (घुमिफिरी उही .....) नभएर सोपानक्रमीय हुन्छ र विकास भन्नु नै निषेधको अनन्त क्रम हो ।

अधिभूतवादले पुरानाको पूर्ण ध्वस्त वा त्यागलाई निषेध मान्थ्यो भने द्वन्दात्मक निषेधमा पुरानोमाथि नयाँको विजयी हुनु अघि नयाँ र पुरानाबीच धेरैचोटि हारजीतका सङ्घर्षहरू भएका हुन्छन् । (जस्तै आदिम साम्यवादलाई दासयुगले, दास समाजको निषेध सामन्तवादले, सामन्तवादको निषेध पुँजीवाद र पुँजीवादलाई निषेध समाजवादले ... ।)

द्वन्दवादका मुख्य भावहरू (प्रबर्गहरू)

भाव वा प्रबर्गले प्रकृति, समाज र चिन्तनका सामान्य, सारभूत, गुण वा नियमलाई प्रतिबिम्बन गर्छ । सङ्ज्ञान वा सामाजिक व्यावहारका ऐतिहासिक विकासको प्रक्रियामा भाव (प्रबर्ग)को रचना हुन्छ । मानिस सामु प्रकृतिका अनेक घटनाहरू छताछुल्ल छन् । ती घटनाहरूबाट अनेक भावहरू जन्मछन् । सामान्य र विशेष, अन्तर वस्तु र रूप, कार्य र कारण,अनिवार्यता र आकस्मिकता, सम्भावना र वास्ताविकता, ज्ञान र व्यावहार गरी छ वटा भावलाई द्वन्दवादका भावहरू भन्ने बुझिन्छ ।

१. सामान्य र विशेष :

कुनै पनि वस्तुमा अन्य वस्तुको जस्तो सामान्य गुण वा समानता हुन्छ भने त्यो सामान्य हुन्छ । अरू वस्तुबाट त्यसलाई भिन्न देखाउने गुण भए त्यो चाहि विशेष हुन्छ तर सामान्य र विशेष दुवै बीच द्वन्दात्मक सम्बन्ध हुन्छ । प्रत्येक विशेष कुनै न कुनै रूपले सार्वभौम हुन्छ भने सार्वभौमको अस्तित्त्व विशेषमा रहन्छ ।

२. अन्तरवस्तु र रूप :

हरेक वस्तु वा पदार्थका आन्तरिक र वाह्य दुई पक्ष हुन्छन् । आन्तरिक पक्ष

अन्तरवस्तु वा सार हो । वाह्य पक्ष रूप हो । यी दुवै बीच द्वन्दात्मक एकता हुन्छ । एकको अभावमा अर्कोको अस्तित्त्व रहदैन । अन्तरवस्तु भित्री तत्त्व(गुण, भाव, सार) हो । रूप बाहिरी आवरणमा देखिने प्रतिबिम्ब हो । रूपले अन्तरवस्तुलाई प्रभाव पार्छ । अन्तरवस्तु फेरिदा नयाँ रूपको जन्म हुन्छ ।

३. कार्य र कारण :

द्वन्दवादी भावको महत्वपूर्ण घटक कार्य र कारण पनि हो । यी दुबै बीच अभिन्न सम्बन्ध छ । कुनै कारण नभइ कुनै पनि कार्य हुदैन । कार्यविना कारण हुदैन । यथार्थ भित्रको वस्तुगत सम्बन्ध नै कार्यकारण सम्बन्ध हो । कारण क्रियाशीलताको परिणाम हो भने कार्य कारणबाट पैदा हुन्छ । मार्क्सवादले व्याख्या गर्ने कार्य कारण सम्बन्ध र गान्धीवादले व्याख्या गर्ने कार्य कारण सम्बन्ध फरक छ । एक समयको कार्य अर्को समयमा कारण बन्छ भने एक समयको कारण अर्को समयको कार्य बन्दछ ।

४. अनिवार्यता र वास्तविकता :

यी दुबैले बिभिन्न वस्तुका गति, घटना, परिघटनाको द्वन्दात्मक सम्बन्धलाई दर्शाउछन् । विशेष स्थितिमा कुनै घटना घट्नै पर्ने अवस्था अनिवार्यता हो । खास घटनाका लागि यो निरन्तर र स्थिर हुन्छ । एउटा अवस्थामा कुनै वस्तुको सिर्जना अनिवार्य हुन्छ भने त्यसलाई प्रभावित पार्ने वस्तु आकस्मिक हुन्छ । आकस्मिकता अनिवार्यताको विपरीत हुन्छ अधिभूतवादीहरूका अनुसार मानिसका जीवनमा घट्ने सबै घटनाहरू अनिवार्य हुन् । तर आकस्मिकता वस्तुको प्रकृतिबाट जन्मदैन । यो अस्थिर र अस्थायी हुन्छ । प्रत्येक नयाँ अनिवार्यता पहिलो नयाँ सम्भावनाको रूपमा हुन्छ ।

५. सम्भावना र वास्ताविकता :

सम्भावनाको अर्थ वस्तुका पूर्वावस्था हो । ती पूर्वावस्थाहरू विकसित हुदै जाँदा त्यो वास्तविकतामा परिणत हुन्छ । सामाजिक तथा राजनैतिक क्रान्ति हुने कुरा एउटा सम्भावना हो । त्यसको अङ्गहरू विकासित हुदै गएपछि त्यो वास्तविकतामा परिणत हुन्छ । नयाँ जन्मनु अघि कुनै पनि वस्तुमा परिवर्तनको लक्षण देखिनु सम्भावना हो । परिवर्तन हुनु वास्तविकता हो । द्वन्दवादमा यी दुवैको सम्बन्ध अन्योन्याश्रित देखिन्छ ।

६. ज्ञान र व्यावहार

व्यावहारबाट ज्ञानको उत्पन्न हुन्छ भने ज्ञानबाट व्यावहारको विकास हुन्छ । ज्ञान भन्नाले वस्तु जगत र त्यसको नियमहरूको उद्देश्यमुलक बिशिस्ट र व्यावहारिक

प्रतिबिम्बन बुझिन्छ । वस्तुगत जगतका वास्ताविकतालाई आफ्ना अनुकुल बनाउन गरिने सम्पूर्ण क्रियाकलापहरू व्यावहार हुन् । यी दुवै बीच द्वन्दात्मक सम्बन्ध छ ।

मार्क्सवादका आधारभुत सिद्धान्त

मार्क्सले आफु बाँचेको समाज र आफु पूर्वका आर्थिक, सामाजिक, राजैनैतिक दार्शनिक यावत पक्षको गहिरो अध्ययन विश्लेषण गरेर प्रतिपादन गरेको विचार नै मार्क्सवाद हो । सन् १८४७ को कम्युनिस्ट सङ्घ, १८४७ मा लण्डनमा भएको दोस्रो महाधिवेशनले मार्क्सलाई सुम्पेको अभिभारा अनुरूप १८४८ मा ऐंगेल्सको सहयोग लिएर कम्युनिस्ट घोषणापत्रमा प्रस्तुत मार्क्स-ऐंगेल्सका वैज्ञानिक र व्यवहारिक दृष्टिकोण नै मार्क्सवाद हो । जुन संसार भरका मजदुर, श्रमजीवी, सर्वहारा आन्दोलन र मुक्तिको सैद्धान्तिक आधार बन्यो । मार्क्सवाद मानवविज्ञान, वैज्ञानिक दर्शन, राजनीतिक अर्थशास्त्र र क्रान्तिकारी समाज विज्ञान हो । जसले प्रकृति, मानव जीवन जगत, समग्र चिन्तन दृष्टिकोणका बारेमा अध्ययन गराएर संसार बुझाउछ । यसले रूपान्तरण र अग्रगमनका निम्ति द्वन्दकारी तरिकाले बाटो देखाउँछ । द्वन्दात्मक भौतिकवादी दर्शन, राजनीति र अर्थशास्त्र नै मार्क्सवाद हो ।

मार्क्सवादका आधारभूत सिद्धान्त निम्न छन् ।

- सर्वहारा विश्व दृष्टिकोण
- बर्ग सङ्घर्ष
- हिङ्सात्मक/ सिर्जनात्मक र निर्माणात्मक निरन्तर क्रान्ति
- सर्वहारा अधिनायकत्व
- पार्टी नेतृत्व
- जनवादी केन्द्रीयता
- सर्वहारा अन्तर्राष्ट्रियतावाद

ऐतिहासिक भौतिकवाद

समाजको इतिहासलाई द्वन्दात्मक भौतिकवादी तरिकाबाट हेर्ने, बुझ्ने विचार प्रणाली नै ऐतिहासिक भौतिकवाद हो । यसको क्षेत्र भनेको उत्पादन प्रणालीको ऐतिसिक विवेचनासँग सम्बन्धित छ । यसले समाज र त्यसका विकासका नियमहरूको अध्ययन गर्छ । जुन नियमहरू मानव चेतनाबाट स्वतन्त्र छन् ।

१. उत्पादन पद्दति　　२ आधार र उपरिसंरचना

३. बर्ग र बर्ग सङ्घर्ष ४. राज्य र समाजिक क्रान्ति

५. इतिहासमा जनता र व्यक्तिको भूमिका

६. सामाजिक चेतना र सामाजिक अस्तित्व

१. उत्पादन पद्दति

सामाजिक जीवनको भौतिक अवयवका रूपमा रहेको उत्पादन पद्दतिले सामाजिक विकासमा निरन्तर निर्णायक भूमिका राख्दछ । उत्पादन पद्दतिभित्र उत्पादक शक्ति र उत्पादन सम्बन्ध पर्दछन् । उत्पादक शक्ति भनेको उत्पादन साधन र भौतिक सम्पत्ति जुटाउने मानिस हो । भौतिक उत्पादन श्रम र साधनविना सम्भव हुदैन । उत्पादनको साधन भनेको श्रम सहितको साधन हो । उत्पादन प्रक्रियामा मानिसको सम्बन्ध रहन्छ । यो सम्बन्ध नै उत्पादन सम्बन्ध हो । यस्तो सम्बन्ध स्वामित्वका रूप माथि निर्भर रहन्छ । वितरणको रूप पनि उत्पादन बीच द्वन्दात्मक सम्बन्ध रहन्छ भने यी दुवैबीच मेल हुनु पनि आवश्यक छ । एकताका नियम, अनुरूपताको नियम र अन्तर्विरोधका नियम गरी ४ वटा नियमले उत्पादन पद्दतिलाई प्रभाव पारेको हुन्छ ।

२. आधार र उपरिसंरचना :

समाजको मुख्य आधार आर्थिक, सामाजिक प्रणाली हो । भौतिक र उत्पादन सम्बन्धहरूको कुल योग नै समाजको आर्थिक संरचना हो । समाजको आर्थिक संरचनाको आधार उत्पादनका साधन, उत्पादक शक्ति र उत्पादन सम्बन्ध अर्थात् उत्पादन प्रणालीका आधारमा निर्माण हुन्छ । यसको उपरिसंरचना वा अधिरचना भनेको राजनीति, कानुन, विचारधारा, कला, संस्कृति, दर्शन, राजनीतिक पार्टीहरू, बिभिन्न सङ्घ-सङ्गठन र संस्थाहरू हुन् । उपरिसंरचनाले आधारमाथि प्रत्यक्ष प्रभाव पार्दछ । आधारले उपरिसंरचना खडा गर्छ । आधार निर्णायक हो ।

३. बर्ग र बर्ग सङ्घर्स :

उत्पादन साधनमाथि रहने स्वामित्व र उत्पादन सम्बन्धमा रहने भूमिकाका आधारमा निर्मित निश्चित प्रकारका आर्थिक जीवन भएका मानव समुदाय वा समुह बर्ग हो । शोसक र शासित गरी समाजमा दुई बर्ग छन् । एउटा श्रम गर्छ त अर्को गर्दैन । शोसक बर्ग अन्तर्गत पनि अनेक आर्थिक स्तर भएका उपबर्गहरूको समुह देखिन्छ । शोसित श्रमजीवी सर्वहारा बर्गभित्र पनि अनेक स्तरहरू देखिन्छ । यिनै बर्ग बीच आ-आफ्नै स्वार्थका लागि हुने सङ्घर्स नै बर्ग सङ्घर्स हो । यो आर्थिक, राजनैतिक, सामाजिक, वैचारिक आदि हरेक क्षेत्र र स्तरको सङ्घर्सबाट निरन्तर प्रकट हुन्छ ।

उत्पादन पद्दतिमा स्थान, उत्पादनका साधनसँगको सम्बन्ध, श्रमको

सामाजिक सम्बन्धमा भूमिका, सामाजिक सम्पत्ति माथिका अधिकार आदिका आधारमा बर्गहरू छुट्टिन्छन् । आदिम साम्यवादी समाजको विघटनसँगै बर्गको उत्पत्ति भयो । दास र मालिक समाजका प्रारम्भिक बर्ग थिए । पुँजीवादी समाज व्यवस्थासम्म आइ पुग्दाको बर्ग समाजमा बर्ग सङ्घर्स नै समाज विकासको स्रोत बन्दै आएको छ । बर्ग सङ्घर्सका इतिहासमा बर्ग सङ्घर्सका अनेक रूप र सामाजिक समुहहरू देखिन्छन् । राज्यसत्ता प्राप्त गर्ने सङ्घर्स नै बर्गसङ्घर्स भएकाले बल प्रयोगविना यो सम्भव हुदैन । बर्गभेद समाप्त गरेर समाजवादी व्यवस्था लागु गर्नु नै कम्युनिस्टहरूको उद्देश्य हो भने कम्युनिष्ट विरोधीहरुको उद्देश्य सामन्तवादी र पुँजीवादी समाज व्यवस्थाको पक्षपोषणमा आफ्नो हित सुरक्षित देख्नु हो ।

४. राज्य र सामाजिक क्रान्ति :

बर्ग समाजको परिणाम नै राज्य हो । बर्गको उदयसँगै राज्यको पनि उदय हुन्छ । बर्ग मेटिए राज्य पनि लोप हुन्छ । बर्ग समाजमा सबै बर्गको साझा राज्य असम्भव छ । दास, सामन्ती, पुँजीवादी समाज व्यवस्थामा राज्य शोसक बर्गको हुन्छ । समाजवादी व्यवस्थामा मात्र श्रमजीवी शोसित बर्गको राज्य हुन्छ । सर्वहारा अधिनायकत्व नै जनतन्त्रको सर्वोच्च रूप हो । समाजवादी समाज जब साम्यवादतर्फ सङ्क्रमण गर्दछ, राज्यको उपस्थिति निरर्थक हुन्छ ।

विरोधी बर्गमाथि दमन गर्ने चरित्र राज्यको हुन्छ । प्रत्येक सामाजिक क्रान्तिलाई शत्रुतापूर्ण बर्ग समाजको विकासको नियम मानिन्छ । सामाजिक क्रान्तिका स्वरूप भिन्न-भिन्न हुन्छन् । अर्धसामन्ती र अर्धऔपनिवेसिक मुलुकमा क्रान्तिका स्वरूप नयाँ जनवादका लागि हुन्छ । पुँजीवादी समाजमा समाजवादका लागि क्रान्ति हुन्छ । राष्ट्रिय मुक्ति आन्दोलनहरू पनि सामाजिक क्रान्ति कै रूपहरू मानिन्छन् । नयाँ जनवादी व्यवस्थापछि समाजवादका लागि क्रान्ति हुन्छ त समाजवादी व्यवस्थामा साम्यवादका निम्ति क्रान्ति हुन्छ ।

अहिलेसम्म जे जति सर्वहारा बर्गीय क्रान्तिहरू भए त्यसका विरूद्ध प्रतिक्रान्तिहरू भएका छन् । प्रत्येक देशका बिशिष्ट चरित्रका आधारमा क्रान्तिका मोडलहरू तयार हुन्छन् ।

५. इतिहासमा जनता र व्यक्तिको भूमिका :

बर्गविहीन आदिम समाजमा सबै जनता थिए । जब बर्ग विभाजन भयो, जनताका परिभाषा र र संरचनामा अन्तर आयो । ऐतिहासिक भौतिकवादले समाजमा प्रगतिशील कार्यभार पूरा गर्ने, आत्मिक मुल्यका सर्जक तथा सामाजिक विकासका

निर्णायक शक्तिलाई जनता देख्छ । जनतालाई इतिहासका निर्माता देख्छ यसले । भौतिक सम्पदाका आधार जनता हुन् । भाषा, संस्कृति, आन्दोलन, नेतृत्व, राज्यसत्ता आदिका निर्माता जनता हुन् । व्यक्ति वा नेता आफ्ना इच्छाले मात्र महान् हुदैन । आन्दोलनको नेतृत्वमा खास व्यक्तिमा आउनु संयोग हुन्छ । तर व्यक्तिको प्रतिभा, क्षमता, लगनशीलता, सासह, बुद्दि कौशलताले पनि नेता हुनु संयोग र आवश्यकता दुवै हुन सक्छ । कम्युनिस्ट पार्टीमा व्यक्ति गौण हुन्छ । किनकी यो पार्टी भनेको नेतै नेताको सङ्गठन हो ।

६. सामाजिक चेतना र सामाजिक अस्तित्त्वः

चेतनाको अभिव्यक्ति स्थल समाज हो । भाषा, सिद्धान्त, विचारधारा, मत, रितिरिवाज, चलन, सामाजिक भाव आदिको समग्रता सामाजिक चेतना हो । वस्तुगत यथार्थ वा सामाजिक सत्ताको प्रतिबिम्बन जसमा चेतनाका विविध रूपहरू व्यवहारबाट प्रदर्शन हुन्छन् । विचारधारा बर्गीय हुनुका कारण सामाजिक चेतनाका रूप पनि बर्गीय हुन्छ । सामाजिक अस्तित्वको उपज नै सामाजिक व्यवहार हो । सामाजिक चेतनाले सामाजिक अस्तित्वलाई प्रभाव पार्दछ । विचारधाराको भूमिका सामाजिक विकासमा महत्वपूर्ण रहन्छ ।

उत्पादन पद्दतिको विकासमा समाजको इतिहास :

आजसम्म अस्तित्वमा आएका समाज विकासका पाँच चरणका आ-आफ्नै उत्पादन पद्दतिहरू देखिन्छन् । जसको सङ्क्षेपमा चर्चा :

क) आदिम साम्यवादी समाजको उत्पादन पद्दति :

भूमि लगायतका उत्पादन साधनहरू माथि सबैको साझा स्वामित्व रहेको, यो समाज प्रारम्भिक अवस्थाको साम्यवादी समाज थियो । सुरूमा रक्त सम्बन्(धका आधारमा कविलाहरू थिए । मान्छेमा कुनै खालका भेदभावहरू थिएनन् । जब विस्तारैउत्पादन साधनमाथि केही बलिया र सीमित मान्छेहरूको स्वामित्व स्थापित हुन्छ त्यसपछि भने नीजि सम्पत्तिको सुरूवात आरम्भ हुन्छ । निजी सम्पतिको सुरुवात भएपछि समाजमा दास र मालिकको जन्म हुन पुग्यो । यसको कारण पनि उत्पादन सम्बन्ध नै थियो । जसबाट समाज बर्गमा बाँडियो ।

ख) सामन्ती समाजको उत्पादन पद्दति

कृषि प्रणालीको विकाससँगै उत्पादन प्रणालीको तीव्र विकास, यो पद्दतिमा सामन्तहरुका हितमा केन्द्रित देखिदै सामन्ती सम्बन्धको अनुरूप किन्ने बेच्ने चलन थियो । विस्तारै कारखानाहरू स्थापना हुन थालेपछि सामन्ती समाजको उत्पादन

पद्दतिले विस्तारै पुँजीवादी समाजमा सङ्क्रमण गर्न थाल्यो ।

ग) पुँजीवादी समाज :

उद्योग र मेसिनको विकास पछि वस्तुको उत्पादन त बढ्यो । पुँजीवादी समाज र त्यसको सम्बन्ध पुँजीपति वर्गको नीजि स्वामित्वमा आधारित हुन्छ । मजदुर बर्ग स्वतन्त्र जस्तो देखिए पनि श्रम बेच्न वाध्य देखिन्छन् । नाफाको केन्द्रीय भूमिकाले मजदुर र मालिक बीचका अन्तरविरोध चर्कदै गएको स्थिति देखिन्छ । पुँजीवादको विकाससँगै साम्राज्यवादको आमन्त्रण र हस्तक्षेपको विकास पनि हुन्छ । पुँजीवाद भित्रकै अनतरविरोधले समाजवादी उत्पादन पद्दतितर्फ जाने क्रान्तिको आरम्भ हुन्छ ।

घ) समाजवाद : पुँजीवादी समाज व्यवस्था पछिको यो चरणमा उत्पादन पद्दति सामाजिक स्वामित्वमा आधारित हुन थाल्छ । सोभियत सङ्घ र चीनमा समाजवादी समाज अस्तित्वमा आएका हुन् । सर्वहारा बर्गको नेतृत्वको राज्यसत्ता हुने हुदा यो चरणमा समाजमा कुनै पनि शोषण हुदैनन् । क्षमता अनुरूपका काम र ज्याला प्रणालीले सबै खालका आर्थिक शोषण र विभेदहरूको अवस्था यो चरणमा देखिदैन । नागरिकहरूका आवश्यकता र आकाङ्क्षाको परिपूर्तिको दायित्व राज्य सरकारको हुने हुदा ऐतिहासिक भौतिकवादी दर्शन अनुरूपको साम्यवादी समाज व्यवस्थाको उत्कृष्ट चरण यसलाई मानिन्छ ।

उत्पादनका साधनमाथि सार्वजनिक स्वामित्व, शोषणबाट मुक्ति, समान अधिकार प्राप्त समाज, जनताको जनवादी स्वशासन, जनतन्त्रको उच्चतम रूप, राजनीति र कानुनका दृष्टिमा सबैलाई समान अधिकार, मेहनतकस श्रमिक बर्गको सहभागिताको सुनिश्चतता, सर्वहारा, श्रमजीवी बर्ग नेतृत्वको सत्ता, जनएकताको सुनिश्चितताको स्थिति समाजवादी चरणको विशेषता हुन्छ । समान रूपले राष्ट्रिय सम्पत्तिको वितरण, सामाजिक न्यायका आधारमा सबैलाई जीवन निर्वाहको अधिकार, उत्पादनका साधनहरू माथि नीजि स्वामित्वको अन्त्य, सामाजिक आवश्यकता अनुरूपको उत्पादन र सेवाहरूमा सार्वजनिक नियन्त्रण र समान अवसर, श्रमको सामाजिकीकरण प्रक्रिया, उत्पादन वृद्दि र उत्पादनको सामाजिकीकरण, नवीनतम् सामाजिक तत्त्वहरूको आधार निर्माण, विज्ञानको सचेत प्रयोग, सामूहिक श्रमको संयोजन र सबै खाले बर्गीय विरोधाभासको अन्त्य समाजवादी व्यवस्थामा सुनिश्चित हुन्छ । त्यतिबेला सामाजिक सम्बन्धहरूमा राज्यसत्ताको कुनै हस्तक्षेप हुदैन । राज्यको दायित्व मानिसहरू माथि शासन गर्नु हुदैन । उत्पादन प्रक्रिया र वस्तुहरूको नियन्त्रण एवम् उत्पादनको सङ्गठन प्रक्रियाको निर्देशनतर्फ केन्द्रीत रहन्छ ।

मार्क्सवाद, लेनिनवाद र माओवादका सन्दर्भमा :

भविष्यमा समतामुलक समाज निर्माणका गौरवशाली इतिहासको आरम्भ गर्ने योजना सहितको विज्ञानमा विश्वस्त दर्शन नै मार्क्सवाद थियो । सन् १८४८ को सेरोफेरोको समयसम्म आइपुग्दा पुँजीवादले आफ्नो प्रगतिशील चरित्र गुमाइ सकेको देखिन्छ । सामन्तवाद र साम्राज्यवादको उत्पीडनबाट समाजको नयाँ विचारधाराको स्थापनाको आवश्यकता बोध भइ सकेको समय थियो । मार्क्सवाद भनेको समाज विकासको इतिहासलाई बर्ग सङ्घर्षको इतिहास भनेर बुझ्ने दर्शन हो ।

नीजि सम्पत्तिबारे कम्युनिस्ट घोषणापत्र :

"कम्युनिस्टहरू त्यस्तो नीजि सम्पत्ति उन्मुलन गर्न चाहदैनन्, जुन मानिसहरूले आफ्नै परिश्रमले कमाएका छन् । उनीहरू त्यस्तो सम्पत्ति उन्मुलन गर्न चाहन्छन्, जसले पराइ श्रमको शोषण गर्ने सम्भावना प्रदान गर्दछ ।"

"कम्युनिस्टहरू आफ्नो विचार उद्देश्यहरू लुकाउनु आफ्नो प्रतिष्ठाको विरूद्ध ठान्दछन् । उनीहरु खुलमखुल्ला घोषणा गर्दछन् कि उनीहरूको लक्ष्य वर्तमान सामाजिक व्यवस्थालाई बलपूर्वक उल्टाएर मात्रै प्राप्त गर्न सकिन्छ ।"

-मार्क्स एंगेल्स (कम्युनिस्ट पार्टीको घोषणापत्रबाट)

"दार्शनिकहरूले विश्वलाई बिभिन्न तरिकाले व्याख्या मात्र गरेका छन्, महत्वको कुरा चाहिं त्यसलाई बदल्नु हो ।"

- कार्ल मार्क्स

"मार्क्सको दार्शनिक भौतिकवादले नै सर्वहारालाई त्यस वैचारिक दासत्वबाट मुक्तिको मार्ग देखायो जुन दासताभित्र आजसम्म सम्पूर्ण उत्पीडित बर्ग गुम्सिएका थिए । भौतिकवादमा पक्षधरता छ र यसले हरेक घटनाहरूको हरेक मुल्याङ्कनमा खुशीसाथ एउटा निश्चित सामाजिक समुहको अडानलाई प्रत्यक्ष र खुलमखुल्ला ग्रहण गर्दछ ।" - **ब्ला.इ.लेनिन**

सामाजिक विकास, त्यसमा सर्वहारा बर्गको आवश्यकताको प्रतिकारमा हेगेलको प्रत्ययवादी द्वन्दवाद, फायरवाखको अधिभूतवादी भौतिकवाद र सामाजिक अभ्यास, नियम तथा वैज्ञानिक आविस्कारहरूको सामान्यीकरणका बलमा प्रकृति, समाज र चिन्तनका विकासमा सन्चालित विकास नियमहरूका विज्ञान नै द्वन्दात्मक र ऐतिहासिक भौतिकवाद हो । जुन मार्क्स र ऐंगेल्सद्वारा सिर्जना भएको थियो । जसमा :-

- बर्गहरूको परिभाषा ठोस गरियो ।
- राज्य र सर्वहारा बर्गको अधिनायकत्त्वको सिद्धान्तलाई ठोस गरियो ।
- द्वन्दवादले विकासको सिद्धान्त र शास्वत विकासशील पदार्थको अस्तित्त्व प्रदान गर्दछ ।
- प्रकृतिको सङ्ज्ञानमा मानव समाजको सङ्ज्ञान प्रतिबिम्बित हुन्छ ।
- ऐतिहासिक भौतिकवादी (उत्पादन शक्तिका परिणाम, सामाजिक एक चरणबाट अर्को उच्चतर पद्दतिमा विकसित हुने) धारणाको विकास भयो ।
- जसमा श्रमजीवी बर्गलाई मुक्तिका शक्तिशाली शास्वत र वैचारिक उपकरणहरू प्रदान गरिए ।
- प्रकृतिलाई विकासशील र अस्तित्त्ववान देखियो ।
- मानिसका दार्शनिक, सामाजिक र राजनीतिक ज्ञानहरू आर्थिक पद्दतिमा प्रतिबिम्बित हुने यथार्थको प्रतिबिम्बन भयो ।

लेनिनवादी धारणा

नयाँ ऐतिहासिक युग, साम्राज्यवाद र समाजवादी क्रान्तिको युगमा मार्क्सवादी दर्शनको सिर्जनात्मक विकासमा लेनिनको भूमिका बिशिष्ट देखिन्छ । मार्क्सवादलाई गुणात्मक रूपले नयाँ मौलिक चरणमा उकास्ने काम उनीबाट भयो । लेनिनबाट -

- पदार्थको दार्शनिक परिभाषा आयो ।
- गतिको वस्तुपरकता प्रमाणित गर्दै गति र दिक्-कालको वस्तुपरकता सिद्द भयो ।
- ज्ञान सिद्धान्तको विस्तार गर्दै प्रकृति विज्ञान सम्बन्धमा दार्शनिक सामान्यीकरण गर्दै दार्शनिक र प्रकृति शास्त्रीहरूबीच एकताको आवश्यकता प्रमाणित गरियो ।
- वुर्जुवा दर्शनका मुल प्रवृत्ति, संशोधनवाद र अवसर वादको कडा आलोचना गरियो ।

मार्क्सवादबारे लेनिन भन्दछन्,- "हामी मार्क्सका सिद्धान्तलाई कुनै अन्तिम र अलङ्घनीय वस्तु ठान्दैनौं । यसका विपरीत हामी के कुरामा विश्वास गर्छौं भने यसले केवल त्यस विज्ञानमा जगको ढुङ्गा मात्र हालेको छ, जसलाई समाजवादीहरूले दसै दिशामा विकसित तुल्याउनु पर्दछ । अनि उनीहरूले जीवनसँग कदम मिलाउन सक्छन् । यस सिद्धान्तले केवल सामान्य निर्देशक सिद्धान्तलाई मात्र प्रदान गर्दछ । जसलाई बिशिष्ट रूपमा बेलायतमा फ्रान्सको भन्दा फरक, जर्मनीको भन्दा बेग्लै र जर्मनीमा रूसको भन्दा भिन्न ढङ्गले प्रयोग गरिएको छ ।"

यसरी मार्क्सवादको सिर्जनात्मक प्रयोग उनीबाट भएको देखिन्छ। **पदार्थबारे लेनिन भन्दछन्- "विश्वमा गतिमान पदार्थ वाहेक अरू थोक छैनन् र गतिशील पदार्थ दिक् र काल बाहेक अन्त कतै गतिशील हुन सक्दैन ।"**

विश्व बोधगम्य छ भन्न सकिने आधार लेनिनबाट आएको हो। पदार्थलाई परिभाषित गर्ने क्रममा वस्तुगत यथार्थ जनाउने मानिसका लागि मानिसकै चेतनाबाट प्राप्त हुने, स्वतन्त्र अस्तित्वमा रहेका अनुकुल रूपमा प्रतिबिम्बित हुने दार्शनिक प्रबर्गका रूपमा उनले दर्साएका छन्।

माओवाद

जनवादी गणतन्त्र चीनका क. माओत्सेतुङ द्वारा चीनका सापेक्षतामा चीनको वस्तुगत स्थितिसँग मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक विकासका क्रममा विकास भएको वैज्ञानिक र व्यवहारवादी दर्शन नै माओवाद हो। चिनिया जनताको लामो सशस्त्र जन-युद्दको मुक्ति सङ्ग्रामलाई सफलतापूर्वक सञ्चालन गर्ने क्रममा देखिएको नवीन चिन्तन नै माओवाद हो। यसले संसारको व्याख्या मात्र मुख्य कुरा मान्दैन। परिवर्तन ल्याउने क्षमता व्यवहारमा पुष्टि गर्ने सवक माओबाट विश्वले सिकेको छ। संसारलाई सिर्जनात्मक रूपमा अध्ययन र प्रयोग गर्ने, अध्ययनलाई व्यवहारसँग मिलाउने, छिटो परिणाम प्राप्तिका लागि खाँचो परेको विषयको पहिले नै मिहिन ढङ्ग ले अध्ययन गर्ने र आर्जित ज्ञानलाई व्यवहारमा उतार्नुमा माओको जोड देखिन्छ। माओ व्यवहारवादी नेता थिए। दर्शन शास्त्रलाई दार्शनिकहरूको प्रवचन, कोठा र पुस्तकहरूका घेराबाट मुक्त गर्दै त्यसलाई व्यापक र उत्पीडित जनसमुहको हातमा रहेको धारिलो र प्रभावकारी हतियारका रूपमा फेर्नु पर्छ भन्ने व्यवहारिक विषयको उठान माओवादको सार हो। माओको यही बिचारका कारण बर्ग सङ्घर्ष र उत्पादनका लागि सङ्घर्ष र अन्य वैज्ञानिक प्रयोगहरूमा समेत ससक्त र व्यापक जन अभियान नै चलेको थियो। गरीब तथा निम्न मध्यम बर्गीय किसान, मजदुर, सिपाही, बुद्दिजीवी, विद्यार्थी माओकै विचार अनुरूप चिनिया क्रान्तिमा सामेल थिए।

व्यवहारबारे - विचार र व्यवहार तथा बर्ग अन्तर विरोधबारे चर्चा गर्ने क्रममा माओले मार्क्सवादलाई कट्टरता होइन भनेका छन्। मार्क्सवादी आवरणमा केही कट्टरता वादीहरूको कट्टरतावाद र अनुभववादका मनोगतवादी गल्तीहरू घटाउन माओको विचारले मद्दत पुऱ्यायो। सन् १९३१ देखि १९३४ को अवधि मा चिनिया क्रान्तिलाई ठूलो नोक्सानी भएको थियो। सर्वहारा बर्गले ससक्त सङ्घर्ष बिना सत्ता प्राप्त गर्दैन भन्ने लेनिनको दार्शनिक दृस्टिकोणलाई उनले व्यवहारमा उतारे।

उत्पादनमा मानिसका गतिविधिलाई मार्क्सवादीहरू व्यवहारिक रूप दिन्छन् भन्ने यथार्थलाई पनि माओले चिनिया समाजमा प्रमाणित गरी देखाए । बर्गीय समाजमा बिभिन्न सामाजिक बर्गका सदस्यहरू बिभिन्न किसिमबाट उत्पादनका निश्चित सम्बन्धहरूमा प्रवेस गर्छन् र आफ्ना भौतिक आवश्कताहरु पूरा गर्न उत्पादनका लाग्छन् । मानव ज्ञान विकसित हुने प्राथमिक स्रोत नै उत्पादन हो । बर्ग सङ्घर्ष, राजनीतिक जीवन, कलात्मक खोज अनेक रूपबाट मानिसले समाजको व्यवहारिक जीवनका सबै पक्षमा भाग लिन्छ । मानिसका भौतिक, राजनीतिक र सांस्कृतिक जीवनसँग मानिसका सम्बन्ध घटित रहन्छ। सीमित उत्पादन मानिसको दृष्टिकोणलाई नै सीमित बनाउने कारक बनिरहेको बेला मार्क्सवादी विज्ञानको भाव अनुरूप ठूला तहका उद्द्योगका साथै आधुनिक सर्वहाराहरूको उत्पत्ति नहोइन्जेल समाज विकासको वास्तविक ज्ञान प्राप्त हुदैन । सामाजिक व्यवहारका क्रममा भौतिक उत्पादन, बर्ग सङ्घर्ष र वैज्ञानिक प्रयोग जस्ता इच्छा गरिएका प्राप्ति पछिका ज्ञानलाई माओले सत्य ज्ञान मानेका छन् । 'असफलता नै सफलताको आमा हो र ठेस नलागी बुद्दिको विकास हुदैन' भन्ने ज्ञानको द्वन्दात्मक भौतिकवादी ज्ञान सिद्धान्तलाई पनि व्यवहारिक रूप दिने काम माओबाट भएको छ । द्वन्दात्मक भौतिकवाद सर्वहाराहरूको पक्षमा छ भनेर यसको व्यवहारिकतामा जोड दिनु नै माओवादको मुख्य सार हो । मार्क्स, ऐंगेल्स, लेनिनले जस्तै माओले पनि ज्ञानलाई विज्ञान स्वीकारेका छन् । तर उनको विज्ञानमा व्यावरिकताको अपेक्षा बढी गरिन्छ । संसारका सबै द्वन्दात्मक गतिहरू ढिलो चाँडो मानव ज्ञानमा प्रतिबिम्बित हुन्छन् । विश्वलाई फेर्ने क्रान्तिकारी सर्वहारा बर्ग बीच व्यवहारबाट सत्य खोज्न र व्यवहारबाटै सत्यलाई सच्याउन येनानमा जापान विरोधी सैनिक राजनैतिक कलेजमा प्रवचन/व्याख्याका रूपमा प्रसारित माओका विचारहरू नै माओवादका रूपमा स्थापित वैज्ञानिक चिन्तन हो ।

अन्तर विरोधबारे माओ- सही अर्थमा द्वन्दवाद भनेको पदार्थ स्वत्वभित्र रहेको अन्तर विरोधको अध्ययन हो भन्ने लेनिनको सारलाई माओले त्यसलाई पुष्टि गर्न द्वन्दवादको गुदी भन्नु भएको छ । मार्क्स, ऐंगेल्स, लेनिन, स्टालिन आदिले व्याख्या गरेको अन्तर विरोधको सार्वभौमिकतालाई क्रान्तिकारी व्यवहारमा डोऱ्याउन र चिनिया समाजमा त्यसलाई लागु गर्न माओको प्रत्यत्न बिशिष्ट देखिन्छ । अन्तर विरोधको आफ्नै बिशिष्टता र सापेक्षता हुन्छ । सबै वस्तु विकासको निरन्तर प्रक्रियामा रहन्छ । चिनिया जनताको समृद्दि र चीनको औद्धोगिकरणको बाटोलाई समृद्दिको दिसातिर लैजान मार्क्सवाद र लेनिनवादको व्यवहारिक प्रयोगमा जोड दिनु नै माओवाद हो ।

कला साहित्यिक वादमा अभिव्यक्त दर्शन :

मानव समाजमा आदिमकाल देखि नै अनेक विचारहरू अस्तित्वमा देखिन्छन् । पूर्वमा साहित्य र कला शास्त्रका माध्यमबाट दर्शनको अभिव्यक्ति क्रम आरम्भ हुन्छ । पश्चिममा पनि यो क्रम चलेको देखिन्छ । चेतनालाई प्रकृतिबाट अलग गराउदै रहस्यमय बनाउने र अज्ञेय वादमा पुऱ्याउने तथा रूढिपन्थी वा प्रतिक्रियावादी बर्गको विश्व दृष्टिकोणको प्रतिनिधित्व प्रत्ययवादी वा आदर्श वादीहरूको दायित्व जस्तै बन्दै आएको स्थिति पूर्वीयहरूको विशेषता देखिन्छ । त्यसो त संसारलाई ईश्वरले सृष्टि गरेको भन्ने धार्मिक जडताको निकट पुगेर विश्वलाई हेर्ने दृष्टिकोण पूर्व र पश्चिम सबैतिर थियो । ज्ञान विज्ञानका अनेक शास्त्रहरू बुझ्काउने अभिप्रायबाट लोक कल्याणका भावना सहित अभिव्यक्त रचना विशेषलाई काव्य वा साहित्य मान्न थालिए देखि नै पूर्व र पश्चिम दुवैतिर नवीन सोचहरू देखा पर्न थाल्छन् ।

पूर्वीय कला साहित्य मार्फत् दर्शनको अभिव्यक्ति

अमर कोशमा शुक्राचार्यलाई कवि र वेदमा ब्रह्ममालाई कवि तथा वेदलाई काव्य मान्न थालिए पछि व्यवहारिकता वाद, जीवन दर्शन, व्यक्ति श्रद्धावाद, दार्शनिक नृविज्ञान, फ्रेङ्कफुर्ट पन्थ जस्ता एक पछि अर्का प्रत्यय वादी चिन्तनहरू देखा परेका पाइन्छन् । वुर्जुवा दार्शनिकहरूका लागि प्रत्ययवादी आदर्शवादका अनेक रूपहरू मार्क्सवादपूर्व देखिए पनि ती त्यति ससक्त भने देखिदैनन् ।

पूर्वमा अग्नि पुराण नामक ग्रन्थ र पश्चिममा अरिस्टोटलको काव्य शास्त्र ग्रन्थबाट काव्य सिद्धान्तको सैद्धान्तिक जग बसेको देखिन्छ । प्रथम शताब्दीको आसपास तिर रसवादी आचार्य भरतको नाट्य शास्त्र, प्रथम सर्वाङ्गपूर्ण ग्रन्थका रूपमा पूर्वमा देखा पर्छ । समाज र कला साहित्य बीचको अन्तर सम्बन्ध बोध गर्ने उक्त ग्रन्थपछि प्रसस्त गद्य र पद्य विधा अन्तर्गतका काव्य कृतिहरूको आरम्भ क्रमहरू देखिन्छन् । इस्वीको पाचौं शताब्दी देखि संस्कृत साहित्यका बिभिन्न आचार्यहरूले पूर्वमा पुरेत्याईं दर्शनलाई स्थापित गर्ने प्रयत्नमा देखिन्छन् । काव्य वा साहित्यमा रस, अलङ्कार रीति, बक्रोक्ति, ध्वनि जस्ता सम्प्रदायहरू देखिए पनि आध्यात्मिक आदर्श, रूढिपन्थी आदर्श र व्यक्ति श्रद्धाको निरन्तरतामा कला साहित्यको अभिष्टता समाज सुधारका लागि भन्ने चिन्तन सहित देखिन्छ ।

इस्वीको छैठौं शताब्दीका **काव्यालङ्कार**का रचनाकार भामह, काव्य वा साहित्यमा अलङ्कारवादी आचार्यका रूपमा चिनिन्छन् । इतिहास, दर्शन, भूगोल, विज्ञान आदि वाङ्मयका विधाहरूमा शब्द र कर्म बीच सामन्जस्य नखोज्नु, आठौं शताब्दीका

रीतिवादका संस्थापक वामन, अलङ्कारलाई काव्यको आवश्यक गुण र बक्रोक्तिलाई काव्यको आत्मा मान्ने बक्रोक्तिवादका संस्थापक कुन्तकका चिन्तनहरू पनि पूर्वीय साहित्यमा अभिव्यक्त प्रत्ययवादी सोचका उपजहरू थिए।

नवौं शताब्दीका ध्वनिवादका संस्थापक आनन्दवर्धन र उनको चमत्कारवाद, दोषमुक्त गुण र अलङ्कार युक्त काव्यको मौलिक लक्षण खोज्ने बाह्रौ शताब्दीका मम्मट, 'वाक्यं रसात्मक काव्यम्' भन्ने चौधौं शताब्दीका विश्वनाथ र 'रमणीयार्थ प्रतिपादक शब्द काव्यम्' भन्ने सत्रौं शताब्दीका जगन्नाथ हुन् वा रूद्रट, भोज, जयदेव, वाग्भट्ट र हेमचन्द्र आदि हुन् ती सबै पूर्वीय समाज र साहित्य परम्परामा प्रत्ययवादी दार्शनिकहरूका रूपमा चिनिन्छन्।

काव्य सिर्जनाका कारण वा हेतुका सन्दर्भमा होस् वा कला साहित्यको प्रयोजन र काव्यको लक्षण, गुण दोष किटानका सन्दर्भमा होस् प्रत्ययवादी पन्डितहरूको लहर पूर्वीय समाजमा ठूलो देखिन्छ। भरतको रसवाद, रससूत्रकै व्याख्या र मत मतान्तरका क्रममा भट्टलोल्लटको उत्पत्तिवाद, शङ्कुकको अनुमितिवाद, भट्टनायकको भुक्तिवाद, अभिनव गुप्तको अभिव्यक्तिवाद, ध्वनिवादी आनन्द वर्धनले आरम्भ गरेको ध्वनि वाद, रीति वाद, बक्रोक्ति वाद र औचित्य वादको साहित्य र समाजका लागि उपयोगिता पुष्टीका क्रममा देखिएका एकपछि अर्का चिन्तनहरू सबै पूर्वमा देखिएका प्रत्ययवादी (आदर्शवादी) चिन्तनहरू नै मानिन्छन्।

नेपाली कला साहित्यिक वादमा अभिव्यक्त दर्शन

विश्व साहित्य र समाजमा देखा परेका अनेक वाद तथा सिद्धान्तको प्रभाव नेपाली साहित्य र समाजमा पर्दै आएको छ। नेपाली मौलिकतामा आएका केही चिन्तनहरु निम्नछन्।

प्रमाणवाद

नेपाली बौद्धिक समाजमा नयाँ आन्दोलनका रुपमा देखा परेको यो वाद वा आन्दोलन वि.सं. २०४६ सालमा सुर्खेतमा घोषित कला साहित्यिक आन्दोलन हो। निम्बार्की (अच्युतशरण अर्याल) यस आन्दोलनका सुत्रधार देखिन्छन्। नेपाली भाषा देवनागरी लिपिमा लेखिदैमा कुनै पनि साहित्य नेपाली साहित्य हुन सक्दैन। यो प्रम(ाणित तत्थ्य सङ्गत कुरालाई महत्व दिने वाद हो। युगान्तकारी लेखकका रचनामा मौलिकताको आशङ्का गर्दै यस वादले औंला उठाएको छ। लेखकीय कृति र स्वामित्वका विषयमा विशुद्दताको खोज, स्थापित मान्यता र धारणा प्रति आँखा चिम्लेर समर्थन

गर्नु पूर्व त्यसका तथ्यसङ्गत प्रमाणतिर दृष्टि दिनुपर्छ भन्ने मान्यता यस दर्शनको देखिन्छ। देवीप्रसाद वनवासी यी मान्यता सहित देखिएका छन् (निम्बार्कीः२०४८:१)। तेजेश्वरबाबु ग्वंगले प्रमाणवादलाई चुनौतिपूर्ण अभियान भन्दै हिन्दुहरुको पुनर्जन्मवादी आत्मासँग प्रमाणवादलाई सङ्केत गर्न खोजेका छन् (निम्बार्कीः२०४८:१)। प्रमाण र वादको समिश्रणका रुपमा, कला, साहित्य, संस्कृति र सभ्यताको परिष्कार, मानवीय चिन्तनको जीवन्तता र निरन्तर तथ्यसङ्गत मौलिक प्रयोगशीलता नै प्रमाणवादको निचोड देखिन्छ। यसको आधार सुत्र यस्तो देखिन्छ।

- भाषिक कलात्मक, साहित्यिक, लिखित, प्रकाशित कृतिगत सत्य तथ्य खोज।
- सत्यम्, शिवम्, सुन्दरम् को शास्वत धारणामा जीवन सापेक्षता।
- साहित्यकारका पुर्खा पृष्ठभुमि, मनोवैज्ञानिक प्रेरणा र प्रतिक्रिया (कृतिकार विवरण)
- साहित्यिक चोरी विरुद्द मौलिकतालाई प्रश्रय। अग्रगामी प्रगतिशील विचारको खोज।
- इतिहास सचेतता र नयाँ पुस्ता प्रतिको प्रतिबद्दता।
- साहित्यिक सिर्जनशीलता, साक्षी अनिवार्यता, कृति प्रमाणीकरण।
- कला साहित्यकार प्रति जिउँदैमा आस्था सम्मान, साहित्यकार पुस्ताहरुका स्थलगत तथ्य सङ्कलन, कला साहित्यको वस्तुगत मूल्यबोध, प्रवचन र समीक्षा । कृतिहरुको कानुनी संरक्षण र बौद्धिक शोषण अन्त्यको प्रयासमा जोड।

प्रमाणवाद यथास्थिति परम्पराबाट पालिएका बौद्धिक शोषक सामन्तहरुको साहित्यिक कला कृति चोरहरुको खेदो खन्ने अभियान हो (निम्बार्की/अर्यालः २०४८:१३)। यो नेपाली कला साहित्यमा देखा परेको नवीन साहित्यिक आन्दोलन हो। सत्य प्राप्तिका अनन्त बाटा, सम्प्रदाय, समुहहरुको निरन्तरतालाई निम्बार्कीले नकारेका छैनन्। कला साहित्यमा नयाँ बिद्रोह जन्माउने नयाँ अभियानात्मक जिज्ञासा वृत्तिका रुपमा प्रभाववाद देखिन्छ। रुढि र आडम्बर रहित सत्यको खोजी यसको विशेषता हो। आत्मगत र बस्तुगत गरी सत्य ज्ञानका दुई आधार मध्य यस दर्शनको आत्मगत बाटोले अन्तरदृष्टिको विकास र बस्तुगत बाटोले वैज्ञानिक विश्लेषण सम्भव मानेको छ। कला साहित्यलाई वस्तुगत विचार मान्दै विश्व सांस्कृतिक चेतनामा देखा परेको परम्परागत प्रयोग, अनुशासन र मुक्ति वा मानवहीत, सार्वभौम सत्ताको मौलिक र जीवन सापेक्ष प्रस्तुति र प्रयोगमा यसको जोड देखिन्छ।

लेखक साक्षी निम्बार्की (अच्युतशरण अर्याल, स्याङ्जा) ले २०४६ फागुन १३ गते वीरेन्द्रनगर सुर्खेतमा प्रमाणवादको घोषणापत्र जारी गरेका हुन् । मणिकुमार पोखरेल, महेन्द्रप्रसाद गिरी, मित्रलाल पङ्ज्ञानी स्याङ्जा, घनश्याम न्यौपाने 'परिश्रमी' स्याङ्जा आदि लगायत बिभिन्न भाषाभाषी र बिभिन्न भाषा साहित्यका साक्षी आदिको उल्लेख गर्दै प्रमाणवाद : सिर्जनाका अनेक उदाहरण सहित 'प्रमाणवाद सिद्धान्त र सिर्जना'का रुपमा सुर्खेतबाट प्रकाशित देखिन्छ ।

न्यायवाद

यसका मान्यता :-

- विश्वका सबैकुरा सबैका लागि साझा हुनुपर्छ, विश्व साझा हो ।
- कला साहित्य र सिर्जनामा यथार्थको अनुकरण हुन्छ । सूचनात्मक सिर्जन कर्म भन्दा समाधानमुखी नयाँ सम्भावना आमन्त्रित सिर्जन कर्म बिशिष्ट हुनुपर्दछ ।
- सामाजिक हितका सिर्जना कर्म नै बिशिष्ट मानवको पहिलो लक्षण हो ।
- राजनीति, अर्थनीति, सामाजिक नीतिमा न्यायका उद्देश्य अनिवार्य छ ।
- राजनीति, समाजसेवा र कला साहित्य वा अन्य सिर्जनाहरु सबै सामाजिक न्याय, प्रगति र सम्वृद्दिका लागि हुनु पर्छ ।
- परम्परागत सत्य केवल इतिहास हुन् । परम्परित सत्य भन्दा वर्तमानको सत्य धेरै भिन्न र विकसित छ ।
- इतिहासको बोध वर्तमान र भविष्यको न्याय विना असम्भव छ, अग्रजलाई श्रद्दा नगर्दा आफै माथि अन्याय हुन्छ ।
- मानिसको जीवन आफ्ना लागि कम र समूहका लागि बढि हो ।
- समय गति नभएर कहिल्यै नफर्कने निरन्तरता हो । शक्तिशाली हुन प्रत्येक भो लिलाई नयाँ बनाइ समयमाथि न्याय गर ।
- बर्ग, लिङ्ग, जाति, वर्ण र धर्मका आधारमा विभेद गर्नेहरु मानव विरोधी हुन् ।
- गास, बास, उपचार, शिक्षा, रोजगारी र न्याय सहितको राज्य प्रदत्त समान अधिकार नै न्यायवादी अधिकार हो ।

(प्रस्तावित न्यायवादको घोषणापत्र,२०७०, पोखराबाट)

पश्चिमी कला साहित्यिक वादमा दर्शनको अभिव्यक्ति :

स्वच्छन्दतावाद :

शास्त्रीयतावादी नीति नियमका विरूद्धको विद्रोहका रूपमा स्वच्छन्दतावाद पश्चिमबाटै जन्मेको चिन्तन मानिन्छ। सन् १६५४ मा प्राचीन फ्रान्सेली रोमान्व रचना (उपन्यास) बाट लिइएको रोमान्स (रोमान्टिक) शब्दको प्रामाणिक प्रयोग सर्वप्रथम वेलायतमा भएको हो। रोमान्टिसिजम को नेपाली अनुवाद स्वच्छन्दतावाद इस्वीको अठारौं शताब्दीमा आइपुग्दा आलोचनाको तात्पर्यबाट हटेर प्रशंसाको तात्पर्यमा प्रयोग हुन थालेको देखिन्छ। फ्रेडरिक श्लेगेनले जर्मनीमा सुरूमा अभिजात्यवादको विरोधी पक्षका रूपमा रोमान्टिसिजम शब्दको प्रयोग गरेता पनि फ्रान्सेली साहित्यमा साहसी, भावनाशील र कल्पनाशीलको अर्थमा प्रयोग गरिन्थ्यो। अठारौं शताब्दीको उत्तरार्ध र उन्नाइसौं शताब्दीको प्रारम्भमा आइ पुग्दा बन्धन मुक्त, वैयक्तिक स्वच्छन्द अभिव्यक्ति, आत्मपरकता, शास्त्रीय नियम र रूढि विरोधी, वैयक्तिक उद्दिप्ति, निजीस्वप्न आदि अर्थमा स्वच्छन्दतावादलाई लिन थालिएको पाइन्छ। रूसो वन्धनको त्याग र स्वतन्त्रताको ग्रहण गर्न आव्हान गर्ने पहिलो स्वच्छन्दवादी दार्शनिकका रूपमा देखिन्छन्। दृष्यजगत र यथार्थमा विश्वास नराख्नु, परम्परागत कुनै पनि धर्म विशेष वा नीति नियमलाई अस्वीकार गर्नु, इन्द्रियातीत नवीन रहस्यप्रति वैयक्तिक धारणा राख्ने छुट दिइनु व्यक्तिवादिता, रहस्यात्मकता, स्वप्नशीलताका सन्दर्भमा रोमान्टिक (स्वच्छन्दता) को अर्थ लगाइनु र अभिजात्य वादको पूर्णतया विपरीत काव्य प्रवृत्ति र सैद्धान्तिक दार्शनिक अर्थमा प्रयोग हुनु कै वीचबाट साहित्य र समाजमा यो स्थापित दर्शन मानिन्छ। आत्मा शान्तिको अपेक्षा, आत्माको मन्थन वा उल्लास, उदात्त र भव्य अनुभूति र जिज्ञासाको खोजी, कल्पना र भावनाको उपासक, कल्पना र भावनाको मुक्ति यस दर्शनको अभिस्टता देखिन्छ। शेलीको मानवतावाद, बर्डस्वर्थको सर्वात्मवाद, किट्सको सौन्दर्यप्रति उल्लासपूर्ण आस्था, वायरनको जीवन प्रतिको अवाध उत्साह जस्ता आनन्द वादका अनेक रूपहरू साहित्य र समाजमा अभिव्यक्तिको सन्दर्भ बन्दै आएका छन्।

आदर्शवाद :

आयडियालिजमको नेपाली रूपान्तरण आदर्शवाद भावपरक, आत्मपरक प्रत्ययवादी दृष्टिकोण हो। कलाले सामाजिक जीवनका यथार्थको चित्रण गर्छ। कला साहित्यको दृष्टि सामाजिक जीवन माथि केन्द्रित रहन्छ। अरस्तुले कलालाई सामाजिक जीवनको अनुकरण भनेका छन्। अरस्तुको यही तर्क नै आदर्शवादको वीज मानिन्छ। साहित्य वा कलालाई जीवनको भावना र नैतिक तत्त्वको प्रचुरता देखिन्छ (पोखरेलः२०४०)।

कान्ट र हेगेलजस्ता दार्शनिकहरूले आदर्शवादको गम्भीर दार्शनिक निरूपण गर्ने क्रममा मानव चेतनामा एउटा आदर्श वृत्ति रहने कुराको स्वीकार गरेका छन् । जुन नैतिक वृत्तिले नै मानिसलाई उचित कामतिर प्रेरित गरेको हुन्छ । कान्टले यस वृत्तिलाई सहजानुभूति र हेगेलले यसलाई विवेक मानेका छन् । सहजानुभूति र विवेक नै आदर्शवादको दार्शनिक आधार हो । आत्म तत्त्व र नैतिक तत्त्वको समिश्रण, कल्याणवादी मुल्यमा आधारित, भावपरक र प्रत्यय मूलक कला दर्शन नै आदर्शवाद हो । सत् असत् मध्य सत्लाई रोज्ने, सुन्दरता, स्वच्छता र पवित्रताको आग्रह राख्ने, गुण र सौन्दर्यलाई आत्मसात गरी आदर्शलाई आदर्श देख्ने दर्शन नै आदर्शवाद हो । भौतिक जीवन र मृत्युभन्दा पर आध्यात्मिक पक्षको महत्व देखाइने हुनाले भौतिकवादीहरूका नजरमा यो आलोचित दर्शन मानिन्छ ।

पात्रहरूको उदात्त गुणहरूको चित्रण गरिने तर तिनका दुर्गुण र निकृष्टताहरूको ढाकछोप गरिने कारणबाट पनि भौतिक वादीहरूका नजरमा यो दर्शन आलोचित मानिन्छ । 'सत्य डग्दैन, झुटो टिक्दैन', 'जसको कर्म उसको फल' आशावाद अभिव्यक्त गर्ने दर्शनका पक्षहरू आदर्शवादका विशेषता मानिन्छन् । यो पूर्वमा वाल्मिकी, कालिदासहरू र पश्चिममा होमर, भर्जिलहरूमा देखिएको प्राचीन दार्शनिक धारणा हो । पश्चिमका अरस्तु हुन् वा पूर्वका भरत आदि, साहित्य र त्यसको प्रभाव स्थल समाजमा आदर्शवादका प्रभाव प्राचीन काल देखिको निरन्तरता हो । मानव जातिमा आदर्शवृत्ति, न्यायिक, नैतिक र सदवृत्ति रहनु पर्छ र रहन्छको सङ्केत गर्ने, जीवन जगतको सुन्दर भविस्य प्रति आशा विश्वास जगाउदै कल्याणकारी मुल्यको स्थापना गर्ने जस्ता सैद्धान्तिक र व्यवहारिक पक्षहरू हुदाहुदै पनि केवल आग्रह र आशामुखी चिन्तन हुनुले भौतिक वादीहरूका नजरमा यो दर्शन आलोच्य बन्न पुगेको छ ।

कलावाद:

कला साहित्य र सामाजिक जीवन बीचको सम्बन्ध घनिस्ट मानिने परम्परा प्राचीन काल देखिकै निरन्तरता हो । "कलाका निम्ति कला" भन्ने आन्दोलनको सुरूवात फ्रान्समा अठारौं उन्नाइसौं शताब्दीतिर जब सुरु भयो । कला साहित्यलाई जीवनबाट अलग गर्ने सौन्दर्यशास्त्रीले जब जीवनसँग कलाको सम्बन्ध छैन भन्ने जस्ता मतहरू प्रकट गरे । कलाको उद्देश्य कलाकै लागि भन्ने जस्ता सिद्धान्तहरूको जन्म फ्रान्सबाट भए पनि **जर्मन दार्शनिक इमानुएल कान्ट**बाट यसलाई सैद्धान्तिक र वैचारिक रूप दिने प्रयत्न गरियो । कलाको लक्ष्य आनन्दको सृष्टि गर्नु हो र कलाकारको कर्तव्य चाहिँ

अनासक्त भावले आफ्ना प्रतिभाद्वारा सुन्दर रूपहरूको निर्माण गर्नु हो भन्दै जीवन प्रतिको उपेक्षा कलावादको नियति बन्न पुगेको देखिन्छ । कान्ट पछि **जेम्स हिस्लर, वाल्टर पेटर, अस्कर वाइल्ड** आदिले पनि कला साहित्य समाज र जीवनका लागि हो भन्ने कुरालाई चटक्कै बिर्सेको देखिन्छ । क्लाइब बेल तथा ए.सी. ब्रेडले लगायतका विद्वानहरूबाट पनि कलाको चरित्र बस्तु जगतको अङ्ग या उसको अनुकृति बन्नु नभइ कला स्वयम्मा स्वतन्त्र, पूर्ण र स्वप्रेरित जगत्का रूपमा आर्विभूत हुनु पर्ने भन्दै उनले वस्तु जगत्का विश्वास, उद्देश्य र विशेष अवस्थाहरूलाई कलामा पूरै वेवास्ता गर्नु पर्ने तर्क राखेका छन् । जीवनको धर्म नै कलाको विसेषता वा उद्देश्य हुनु पर्ने चिन्तनको पूरै उपेक्षा सहित कला सौन्दर्यका लागि हो, कला कलाका लागि हो भन्ने मान्यता बोकेको सिद्धान्त नै कलावाद हो । कलावादले कलालाई नैतिक र जीवन मुखी हुनुपर्ने कुरालाई अनिवार्य देखेको पाइन्न । साहित्य वा कलाको अखण्ड र स्वतन्त्र अस्तित्वका लागि कला हुनुपर्छ भन्दै कला जीवनका लागि मात्र नलेखिए धनोपार्जन, व्यापार, सन्तुष्टी आदि अनेक अभिप्रायबाट आउने तर्क कलावादीहरूको देखिन्छ ।

यथार्थवाद :

स्वच्छन्दवाद र आदर्शवाद विरोधी अर्थमा प्रयुक्त यस वादले समाजको वस्तुपरक कलामा जोड दिएको पाइन्छ । सन् १८३० तिरै जर्मनीमा जुर्मुराएको औद्योगिक युग, त्यसै युगीन यथार्थको धरातलमा अघि बढ्न खोजेको देखिन्छ । प्लेटो जतिकै पुरानो र अरस्तुको ससक्त साहित्यिक आन्दोलनको रूपमा यथार्थवाद देखिन्छ । कला, साहित्य र सामाजिक तथा अन्तर्राष्ट्रिय रूपमै वस्तुपरक दृस्टिकोण प्रस्तुतिमा यो सिद्धान्तको जोड देखिन्छ । कला क्षेत्रमा जीवन र जगतको यथार्थ चित्रण गर्नु मानिस वा सर्जकका भावना, कल्पना र विचारहरूलाई तटस्थ रहेर अभिव्यक्त हुनु यस वादको विशेषता मानिन्छ । कतिपय समीक्षकहरूबाट यथार्थवादलाई विज्ञानको प्रतिरूप मान्दै भौतिक विज्ञान र जीव विज्ञानका क्षेत्रमा नयाँ र विचित्र तथ्यहरूका अध्ययन गर्ने सिद्धान्त भन्ने गरेको पनि देखिन्छ । सुरूदेखि प्रकृतिको अनुकरण र "कला कलाका लागि" भन्नेहरूलाई पनि यस सिद्धान्तले विज्ञानका विधि प्रणालीको प्रभाव ग्रहण गर्न बाध्य वनाएको देखिन्छ । तथ्यप्रति निष्ठा, लेखनमा सतर्कता, विचारमा सुद्धता, विज्ञानमा विश्वास, वस्तु प्रधानता, भौतिक जीवनप्रतिको आशा र विश्वास, काल्पनिक आदर्शको विरोध, जीवनलाई जीवनकै वास्तविकता र यथार्थ चित्रणमा जोड यथार्थ वादको प्रकृति देखिन्छ । जीवनका सत्त्य र गुण दोसको उद्घाटन यसको विशेषता हो ।

प्रकृतवाद :

प्रकृतको अर्थ अकृतिम र स्वभाविक हुन्छ । यथार्थको निकट हुन्छ यो । यथार्थवाद बाटै प्रकृतवादको जन्म भएकोले यो पनि प्रत्ययवादकै एउटा शाखा मानिन्छ । यथार्थवाद सँग यसवादको प्रयोगात्मक गुणहरू प्राय धेरै मिल्दाजुल्दा छन् । फ्रान्सेली उपन्यासकार फलावेदरका यथार्थवादी प्रयोगबाटै प्रकृतवादको अङ्कुरण भएको र सन् १८६५ तिर गङ्कोर्ट बन्धुका रचनाबाट टुसाएको भए पनि **एमिली जोला** प्रकृतवादको आरम्भक मानिन्छन् । साहित्यमा जोलाबाट यसलाई सिद्धान्तका रूपमा प्रयोग गरियो । **मोपासा** जस्ता प्रकृतवादी लेखकहरूले प्रकृतिभन्दा अलग मानिसको कुनै स्वतन्त्र सत्ता नभएको र प्रकृति देखि भिन्न अरु कुनै आत्म तत्त्व पनि छैन भनेका छन् । विकासवादी सिद्धान्त अनुसार मानिस दैवी शक्तिको प्रतीक नभएर सामान्य पशुसरह नै मानिन्छ । मानिसलाई वंशानुगत संस्कारको उपज देख्ने दर्शन हो प्रकृतवाद । यो समसामयिक नियतिवादका मान्यतासँग सम्बन्धित देखिन्छ । प्रकृतवाद वातावरण र वंशानुगत गुणलाई मानव व्यक्तित्वको निर्णायक तत्त्व ठान्दछ । जीव शास्त्रीय मान्यताका आधारमा मानव मनोवृत्तिलाई स्वभाविक रूपमा विकास हुन दिनुपर्ने, कुनै नैतिक र धार्मिक नियन्त्रण हुन नहुने र सामाजिक वातावरण, समाजको गति, मानवीय प्रकृतिको सत्त्य दृष्यको अपेक्षा यस सिद्धान्तमा गरिन्छ । मान्छेको उदात्तीकरण, असामान्यीकरण वा दैवीकरणलाई कोरा भावुकताको परिणाम मान्दै प्राकृतिक मनुष्यको चित्रण, मनुष्यका सहज वृत्ति र प्रवृत्तिहरूका प्राथमिक आवेश, वास्तविक वातावरण र मानवीय स्वभाविक प्रकृति र गतिमा आस्था प्रकृतवादका विशेषता मानिन्छन् । प्रकृतितर्फ फर्क भन्ने रूसो जस्ता प्रकृतिवादी साहित्त्यकारका चिन्तन यथार्थतर्फ उन्मुख देखिए पनि नैतिक आदर्शका विरोधीका रूपमा उनको उपस्थिति आलोचित देखिन्छ ।

विज्ञानले मान्छेलाई पशु योनीबाट विकसित देख्छ भनेर यस सिद्धान्तले त्यसैलाई कटु सत्य ठानेको छ । मानवतावादी, आदर्शवादी आदर्शको विरोधमा व्युँझिएको यो चिन्तनले मान्छेलाई उच्च देवताको कल्पना गर्ने रोमान्टिक र भावुक चिन्तनमा विश्वास गर्दैन । सामाजिक यथार्थ प्रतिको झुकाव सहित प्रकृतिको स्वभाविक धर्म, प्रक्रियाको स्वीकार गर्नु, प्राकृतिक सौन्दर्य प्रेम प्रतिको अभिरूचि, मानव र प्रकृति वीचको सम्बन्ध मानव रचित धर्म र नैतिकता विरुद्धको स्वभाविक व्याख्या, जीवनलाई जैविक प्रक्रिया सँग जोड्दै विश्लेषण, मान्छेका साँस्कृतिक र आध्यात्मिक गतिविधिको उपेक्षा गर्दागर्दै पनि वैयक्तिक र एकाङ्की प्रत्ययवादी चिन्तन हुनुले प्रकृतवाद पनि संकुचित देखिन्छ । यथार्थवादबाट जन्मेको प्रकृतवाद यथार्थवाद कै अतिरञ्जित नग्न यथार्थको प्रतिरूप मान्ने समालोचकहरू पनि अधिक देखिन्छन् ।

प्रतीकवाद :

फ्रान्सका **एडगर एलन पो**का रचनाहरूबाटै देखा परेको मानिने प्रतीकवादी चिन्तन काव्य सम्बन्धी आन्दोलनका रूपमा सन् १८७६ मा घोषित भएको देखिन्छ। **बोद्लेयर** यसका आरम्भकर्ता मानिन्छन्। काव्यमा कल्पना र भावुकताको निषेध गर्ने प्रकृतवाद विरूद्ध काव्य साहित्यमा कल्पना र भावुकतालाई प्रतिस्थापित गर्ने सौन्दर्यवादी र आत्मवादी दर्शनका रूपमा पश्चिममा यसलाई हेरिन्छ। **प्रो. बउरा**ले प्रतीकवादको सार तत्त्व आदर्श अर्थात् आध्यात्मिक सौन्दर्यको संसार प्रतिको आग्रहको उपज मानेका छन्। धार्मिक विश्वास अनुरूप साधकले साधनाद्वारा, भक्तले प्राथनाद्वारा प्राप्त गर्ने आनन्द सर्जकले आफ्ना कला साहित्य द्वारा प्राप्त गर्छ भन्ने चिन्तन यसको देखिन्छ। सौन्दर्य प्रकट गर्न नसक्ने शब्दका साहित्यमा महत्त्व हुदैन। आध्यात्मिक सौन्दर्यमा काव्यको प्राण देख्ने सौन्दर्यको धर्मसंहिता नै प्रतीकवाद हो। रस र ध्वनिवाद जस्तै पाश्चात्य उपजका रूपमा यो देखिन्छ। व्यक्तिमा पाइने बिभिन्नता, अनुभूति, संवेदना, नयाँनयाँ मार्गको खोज अनुसन्धान, नवीन शिल्प शैली विम्व प्रतीकहरूको अभिव्यक्ति यसका सन्दर्भहरू मानिन्छन्। **मलार्मे र प्रुस्त**ले वाह्य एवं अन्तर जगतका बोध, वौद्दिकता र भावनाको वहिष्कार गरेका छन्।

अँध्यारो र उज्यालो बीचको मध्यस्तता गर्ने फ्रान्सेली चिन्तनका रूपमा यो देखिए पनि काव्यमा संवेदनाको रहस्यमय अनुभूति सहित शैली तथा व्यञ्जनासँग यसको सामीप्यता देखिन्छ। शब्द योजनालाई वढी महत्व दिनु, रूढिभूत छन्द वन्धनबाट मुक्ति गराएर नयाँ संगीतसँग संश्लिष्ट गराउनु प्रतीकवादको विशेषता हो। ध्वनिवाद र ब्यन्जनावाद कै मर्मसँग मेल खाने प्रत्ययवादी चिन्तनका रूपमा यो देखिन्छ।

प्रभाववाद :

१९ औं शताव्दीमा फ्रान्सका चित्रकार र चित्रकलाबाट (सन् १८७२ देखि) चर्चामा आएको प्रभाववाद सन् १९७४ मा पेरिसमा **कलड मोनेर**को चित्रकला प्रदर्सनी पछि चित्रकै प्रभावबाट देखिएको हो। कला सम्बन्धी परम्पराको विरोधी देखिने यो वादले कुनै वस्तु वा पदार्थ देखेर आँखामा पार्ने प्रभावलाई महत्वको देख्छ भन्ने पनि छन्। अनुभूतिका क्षण समाइ कलाका माध्यमले तिनलाई स्थायी रूप दिनु प्रभाव वादको लक्ष्य हो। भावनाका प्रत्येक अवस्था क्षणिक र अति वैयक्तिक हुन्छन्। क्षण र परिवर्तनलाई सत्य ठान्ने हुनाले एक प्रकारको निरासावाद यसमा झल्किनु पनि स्वभाविक हो। प्रभाववाद तात्कालिन अनुभूतिमा प्रकट हुन्छ। तर एक पटकको अनुभूति अर्को पटक पुनरावृत्ति हुदैन। **इलियड**ले मनोभावलाई नै सवै थोक ठान्नु

प्रभाववादको ठूलो दोष मानेका छन् । क्षणिकतालाई नै जीवन जगतको सर्वस्व बुझ्ने चिन्तन यथार्थमा गलत हो र पनि प्रभावकारी जीवन र चेतनाका प्रवाहमा समाजको गतिशीलता अभिव्यक्त हुदै आएको यथार्थलाई यसवादले नकारेको छैन । तसर्थ यो पनि पश्चिममा देखा परेको अर्को प्रत्यवादी सिद्धान्तकै रूप मानिन्छ ।

अभिव्यञ्जनावाद :

यसवादका प्रवर्द्धक **क्रोचे** हुन् । बिसौं सताब्दीका आरम्भमा सन् १९०२ मा 'सौन्दर्यसास्त्र'को रचना भएपछि नवीन चिन्तनका नाममा पश्चिममा देखा परेको विश्व प्रसिद्द प्रत्ययवादी यो नयाँ चिन्तनले व्यवहारवाद र विचारात्मक अभिव्यञ्जना वादका दुई क्रियालाई सङ्केत गरेको छ । व्यवहारात्मक क्रिया, कला सन्दर्भमा नियमित प्रयोग भइ रहने क्रिया हो । विचारात्मक क्रिया ज्ञान पक्षसँग सम्बन्धित छ । स्वयम् प्रकाश ज्ञान र प्रमेय ज्ञान गरी सहजानुभूति लाई उनले कलाको पक्ष मानेका छन् ।

कला भनेको सहजानुभूति नै हो । पदार्थ वोध र समवेदना वोध बिनाको सहजानुभूति रूप बिनाको स्पन्दन सहजानुभूति भएकोले अभिव्यन्जनासँग यो अभिन्न छ । सहनानुभूति, अभिब्यञ्जना र कला पर्यायवाची जस्तो भएर कलाका अभिप्रायबाट समाजमा स्थापित हुन पुगेको यस वादकै सन्दर्भमा सौन्दर्य वस्तुमा निहित कि अभिव्यञ्जना वा दुवैमा ? क्रोचे वस्तुमा सौन्दर्य देख्दैनन् । यो उनको कमजोरी थियो । अभिब्यन्जनाको तात्पर्य व्यक्तिकरणको क्रियासित (अभिव्यक्त/प्रकटीकरणमा) सम्बन्धित भाव भए पनि वस्तु र अभिब्यन्जनाको योग भित्र क्रोचे सौन्दर्य देख्दैनन् । किनकि उनी भाव तत्त्व नै अभिब्यन्जनाका रुपमा प्रकट हुन्छ भन्दछन् । सौन्दर्य नै अभिव्यन्जना हो । अभिव्यन्जना नै सौन्दर्य हो । कला कृतिलाई आध्यात्मिक क्रियाको मूर्त भौतिक रूप देखेर पनि यसलाई सदैव अनिवार्य नदेख्ने चिन्तन अभिब्यञ्जना वादले राख्दछ ।

रूप विनाको समवेदना, अरूप समवेदनाको आन्तरिक सहजानुभूति, आन(न्दानुभूति, आन्तरिक अभिव्यञ्जनाको मुर्तिकरण, कला कृतिको भौतिक मूर्त रूप । यी मध्य अरूप समवेदनाको आन्तरिक सहजानुभूतिलाई मुख्य ठान्दै क्रोचेले कलाको अभिव्यक्त भौतिक रूपलाई महत्व दिएको देखिदैन । अभिव्यक्ति गर्नु वाहेक अर्को उदेश्य नदेखिनु, कलामा सामाजिक नियमहरूको अधीन रहनु, समाजका लागि हितकर हुने गरी सहजानुभूतिलाई अरूप संवेदनहरूको आन्तरिक समिन्विति वा वास्तविक कला सिर्जना ठानेको देखिन्छ । विशुद्द कलादर्शन र विशुद्द सौन्दर्य दर्सनको रूपमा अभिव्यञ्जना वादलाई बुझ्ने र ग्रहण गर्ने प्रत्ययवादी सोचको उपज देखिन्छ यो ।

बिम्बवाद :

प्रचलित कविताहरू सोझो अभिव्यक्तिका कारण कमजोर भएको आरोप सहित बिसौं शताब्दीको जर्जियन कविता (बेलायती राजा जर्ज पन्चमको शासन काल १९१० देखि १९३६ बीच लेखिएका कविता) को विरोध हुन थालेपछि अङ्ग्रेजी कवि **एज्रा पाउण्ड**द्वारा विम्ववाद शब्दको प्रयोग कविता लेखन सन्दर्भमा हुन थाल्यो । एज्रा पाउण्डद्वारा कविता आन्दोलनलाई विम्बवादी कविता आन्दोलनका रूपमा लिइन्छ । **हुल्मे**द्वारा सन् १९०९ तिरै वीजारोपण भएको काव्य सम्बन्धि आन्दोलनका रूपमा, पूर्वीय स्वच्छन्ततावाद र प्रभाववाद विरूद्ध जन्मेर हुर्केको प्रतिक्रियाको रूपमा समीक्षकहरूले चर्चा गरेको पनि देखिन्छ। फ्रान्समा बिम्ववाद अधिका प्रतीकवादी र प्रभाववादी काव्य सिद्धान्त प्रचलनमा रहेको बेला प्रतीकवादको प्रेरणामा प्रभाववादको विरोध सुरू भएको देखिन्छ । कतिले यसलाई १९०९ मा **टी.ई.ह्युम**ले स्थापना गरेको इम्प्रेसनिस्ट र पोएट्स का एउटा रूप थियो भनेका छन् । कवि एमी नोबेलको एमीवाद (Amyism) सन् १९१५ को घोषणाले बिम्बवादी कवितामा निम्न कुरा आवश्यक देखेको छ ।

एज्रा पाउण्ड, टी.इ.ह्युम, एमी लोबेल, हिल्डा डुलिटन, टी.एस.इलियड, वालेस स्टिभेन्स, डब्लु, बी. यिट्स जस्ता कविहरू चर्चित विम्ववादी कवि मानिन्छन् ।

- यसले नवीन लय सिर्जना गर्ने सामान्य वोली चालीको भाषा कवितामा खोज्छ ।
- विषयवस्तुको छनोटमा पूर्ण स्वतन्त्रता र सटीक बिम्बलाई कठोर र स्पस्टसँग प्रकट गर्नुपर्छ भन्छ ।

प्रथम विश्व युद्दको पूर्व सन्ध्यामा पाश्चात्य साहित्य जगत रोमान्टिक युग र भिक्टोरिया कालिन परम्परासँग सम्बन्ध विच्छेद गर्दै अमेरिका र वेलायतमा कविता मार्फत आधुनिकताको थालनी गर्न थालेको देखिन्छ । बिम्व किन र केका लागि ? एज्रा पाउण्ड लेख्छन् - 'एकै मुहर्तमा बौद्धिक र संवेगात्मक जटिलतालाई प्रकट गर्नु नै बिम्ब हो । यसमा प्रष्ट दृष्टिगोचर सहित तीब्रता क्रममा चित्रहरू प्रस्तुत हुन्छ ।'

बिम्बवादको प्रेरणा स्रोत प्रतीकवाद थियो । वस्तुगत दृष्यलाई साङ्केतिक रूपमा प्रतीकवादले सम्प्रेषण गर्दछ । प्रतीकवाद नै बिम्बवादको उद्गम मानिन्छ । बिम्बवाद आत्मगत र भावगत तत्त्वको उपेक्षा गर्ने दृष्यात्मक गुणको अपेक्षा गर्ने सामाजिक सिद्धान्त हो । भौतिक प्रक्रियामा रहेको बिम्बवादी आन्दोलनलाई उठाउन एजा पाउन्डले काव्यमा बिम्बलाई सर्वोपरि महत्वका साथ उठाएका छन् । वस्तुपरकता, स्पस्ट तथ्यता, सङ्क्षिप्तता, भाषिक मीत व्ययितालाई प्रसय दिनु, सर्जकीय स्वतन्त्रता,

नयाँ प्रतीतिहरूको अभिव्यक्ति बिम्बवादका विशेसता हुन् । अलङ्कारको प्रयोग कौसलबाट निर्मित बिम्बवाद थोरै घुमाउरो र हेर्दा जटिल पनि लाग्छ तर प्रभावकारी प्रत्ययवादी सिद्धान्तका रूपमा पश्चिमबाटै यसको इतिहास अघि बढेको देखिन्छ ।

अतियथार्थवाद :

यथार्थ भन्दा परको अवस्था नै अतियथार्थ भन्ने बुझिन्छ । उच्च स्तरको भित्री र निरपेक्ष यथार्थ अति यथार्थ हो । कला साहित्यमा वौद्दिकताको विरोध गर्दै स्वप्निल कल्पनामा बल दिनु अति यथार्थवाद कै उपज मानिन्छ । यसले कुनै पनि बौद्धिक साँस्कृतिक वा शिल्पगत अनुशासन र नियमहरू मान्दैन । वौद्दिक सन्तुलन, नैतिक औचित्य, परम्परागत विश्वास र सौन्दर्यगत सचेततको बहिस्कार गर्दै स्वप्निल वा अर्धनिन्द्रित मानसिक प्रक्रियालाई प्रवाहित गर्ने लक्ष्य यसको देखिन्छ । वस्तुपरक यथार्थ तथा आदर्शमूलक यथार्थमा आश्रित मान्यता विरूद्ध असीमित मानव चाहना र कल्पनाका तरङ्गका समर्थनमा यो उभिन्छ । कुण्ठित रूचि प्रवृत्तिकै कारण सिर्जने विकृत प्रवृत्तिहरूलाई स्वच्छन्द रूपले प्रवाहित हुन पाउनुपर्छ भन्ने नयाँ यथार्थको सन्देस जस्तो देखिन्छ यो । आन्द्रे बेतन अतियथार्थवादका प्रवर्तक मानिन्छन् ।

देशका रचनात्मक लेखक कलाकारहरूका आकाङ्क्षालाई जीवनको नवीन चेतनाका रूपमा एकत्रित गर्नु यसको विशेसता हो । **पोल एलगर** जस्ता व्याख्याताहरू यसलाई चेतनालाई प्रकाशमा ल्याउने साधन सम्झन्छन् ।

अति यथार्थवाद माथि सिग्मण्ड फ्रायडको अवचेतन सम्बन्धि मनोविज्ञानको प्रभाव थियो भन्ने तर्कमा भानुभक्त पोखरेल जस्ता समीक्षकहरूको नेपालका सन्दर्भमा सहमति देखिन्छ (पोखरेलः२०४०) । साहित्यमा मानसिक व्यापारको अनियन्त्रित चित्रण, यौन आकाङ्क्षा, भय, घृणा आदिका स्वप्न प्रतीकहरूको उपस्थिति यसैको परिणाम मान्न सकिन्छ ।

यस वादले हेगेलको द्वन्दवाद र मार्क्सका द्वन्दात्मक भौतिकवादका भाव समेत ग्रहण गरेर आफूलाई अन्तर्राष्ट्रिय दार्शनिक पृष्ठभूमिबाट प्रस्तुत गर्न खोजे पनि आधुनिक भौतिक वादीहरूले यसमा विश्वासको आधार प्राप्त गर्न सकेको देखिन्न ।

प्रचलित स्वीकृत व्यवस्थाको विरोध गरेर अव्यवस्था र अराजकताको समर्थनमा विरोधका लागि विरोध र बिद्रोहका लागि विद्रोह जस्तो देखिए पनि समग्रमा अतियथार्थवाद विरोध र विद्रोह पछि कुनै नयाँ व्यवस्थाको स्थापना गर्न उत्सुक देखिदैन । सिर्जनात्मक कर्म प्रेरणाको अभाव देखिन्छ यसमा । अवचेतन मनका अन्धकारयुक्त भविष्यहीन रहस्यमय गुफाहरूमा विचरण गर्नु र मानसिक विकृतिसँग

लहसिदै विश्वव्यापी अभियानका रूपमा कला साहित्य र समाजमा अभिव्यक्त हुदै आएको देखिन्छ । अस्तित्व वादको उदयसँगै पछारिए पनि पश्चिममा यो प्रभावशाली त देखिन्छ अझै । एकातिर बिद्रोह र क्रान्तिका कुरा, अर्कातिर मानव जीवनको जटिल अन्तर-विरोधको चित्रण गर्दै अवचेतन स्वप्निल रहस्यहरूका आकर्षणशाली जादु नगरीको निर्माणका सपनाहरू सहित यो विश्वभरि फैलिए पनि समग्रमा यो अव्यवस्था र अराजकताको समर्थक देखिन्छ ।

प्रगतिवाद :

यथार्थवादमा सामाजिक तत्त्वले प्रधानता पाए देखिनै सामाजिक यथार्थवाद आयो । मार्क्सवादी दृष्टिकोणको वाहुल्यता पछि नै यो स्थिति आएको हो । सामाजिक यथार्थवाद वास्तविक तथ्यमा आधारित साहित्यिक दर्शन थियो । सन् १९३५ मा पेरिसमा प्रगतिशील लेखक संघको स्थापना भएपछि अन्तराष्ट्रिय अभियान बनेको यो दर्शन मार्क्सवादी द्वन्दात्मक भौतिकवादी दर्शन हो । काल्पनिकतामा अविश्वास, तर्क, आलोचना, प्रत्यालोचना, वास्तविकता छानबिन, वैज्ञानिक दृष्टि र विवेक, निरन्तर रूपान्तरणको अपेक्षा, नयाँ समाज निर्माणको खोजी, भौतिक जीवनका तमाम दर्शनहरूभन्दा भिन्न वैज्ञानिक एक मात्र दर्शन मार्क्सवादको अपरिहार्यता यसको विशेषता हो । मार्क्सवाद भनेकै जीवनद्वारा चेतनाको निर्माण हुन्छ भन्ने दर्शन हो । सबै खाले शोषण उत्पीडन, बर्गीय विभेद आदिको विरोध गर्नु, समाजलाई गतिको निरन्तरतामा हेर्नु र वैज्ञानिक तथ्य विश्लेषणका आधारमा समाजको विश्लेषण गर्नु यस दर्शनको विशेषता हो ।

मार्क्सवादले कला साहित्यलाई विचारधारात्मक अधिरचनाको अङ्ग मान्दछ । सामाजिक चेतनाको बिशिष्ट रूप कला साहित्य हो । जीवन र समाजका अभिन्न अङ्ग कला साहित्यलाई मान्दै मानिसका दिनचर्या, सङ्घर्ष, बर्ग सङ्घर्ष आदिका आधार निर्माण गर्ने कला साहित्य नै प्रगतिवादी साहित्य हो ।

वस्तुगत जीवन यथार्थको अभिव्यक्ति, शोषक, सामन्त, उत्पीडक विरूद्ध पीडित बर्गलाई बिद्रोहको आव्हान, सामाजिक भौतिक जीवनमा उत्पादन पद्दति निर्देशन प्रगतिवादी साहित्यमा हुन्छ । कला साहित्य सधै विचार राजनीतिको अधिनस्त रहन्छ । साहित्यमा राजनीति हुनु हुदैन र बर्गभन्दा माथि साहित्य रहन्छ भन्ने पुँजीवादी तथा समन्वयवादी सोचको प्रगतिवाद आलोचना गर्दछ । समाजको अन्तरविरोध पहिचान गर्नु, प्रगतिशील विचार व्यवहारलाई सहयोग पुऱ्याउनु, यथास्थिति र प्रतिक्रियावादको विरोध गर्नु, अन्धविश्वास, धार्मिक जडताको विरोध गर्नु, मार्क्सवादको आधारभूत

मान्यतामाथि टेकेर बर्ग हितका परिवेस र परिणामहरू जन्माउनु यसको अभिष्टता हो । उपभोक्तावादी, पुँजीवादी लेखन प्रवृत्ति विरूद्धको सिर्जन कार्य नै प्रगतिवाद हो । उत्पीडित बर्ग पक्षधरता, बर्ग समाजको बोध, सामाजिक, आर्थिक, सांस्कृतिक रूपान्तरण, मानवता प्रेम, उत्पीडकहरू प्रतिको घृणा, क्रान्तिकारी आशावादी सोच, श्रम प्रतिको आस्था, सुन्दर भविष्यको आशा, गरिखाने बर्ग र युगका परिस्थिति सापेक्ष कला दृष्टि सहित विज्ञानमा विश्वास, बर्ग जटिलता वीचको अन्तरविरोध, सर्वहारावादका पक्षपोषण सहित अभिव्यक्त हुने विशिष्ट र वैज्ञानिक उन्नत चिन्तन नै प्रगतिवाद हो ।

यसले मार्क्स, एंगेल्स, लेनिन, माओ आदिका श्रमजीवी बर्गप्रतिको संवेदनालाई ग्रहण गर्दछ । क्रान्ति गतिको निरन्तरता हो । जीवन गतिकै परिणाम हो । सर्वहारा र श्रमजीवीका मुक्ति आन्दोलनको सहयोगी साहित्यिक प्रवृत्ति नै प्रगतिवाद हो । सामाजिक चेतना र व्यवहार पक्ष बर्ग सापेक्ष हुन्छ । आदिम साम्यवाद वाहेक मानव समाजको आज सम्मका सबै इतिहासहरू बर्ग सङ्घर्षकै इतिहास हुन् । समाजको बर्ग संरचना अनुरूप बर्गीय हितमा सिर्जित कला साहित्य बर्गीय सौन्दर्य बिमुख हुदैनन् । उत्पादन साधन माथि सबैको समान पहुँच नपुगेसम्म समाजमा शोषण निरन्तर रहन्छ । शोषण उत्पीडनलाई पतनोन्मुख देख्ने प्रवृत्ति नै प्रगतिवाद हो । वर्गीय समाजमा हरेक सर्जकहरूलाई सामाजिक उत्तरदायित्व निर्वाहको बोधले थिचिरहन्छ । यही थिचाइको क्रम सँगै आदिम समाज देखि नै कला साहित्य, संस्कृति, राजनीति आदि सबैमा बर्ग हित अभिव्यक्त हुदै आएका छन् । भविष्यमा पनि यो क्रम निरन्तर रहनेछ ।

कला साहित्यलाई दर्पण भन्नेहरू कला साहित्यका वास्तविक मर्मज्ञ मानिदैनन् । कुनै दर्पणमा पूर्णता, जीवन्तता र गतिशीलताको अपेक्षा गर्न सकिन्न । साहित्यलाई दर्पण भन्ने यथार्थ विरोधीका मतसँग पनि प्रगतिवाद सहमत हुदैन । साहित्यले जीवन र समाजको व्याख्या र आलोचना गर्छ । सामाजिक चेतना निर्माण सहित ईश्वर, धर्म, भाग्य, पारलौकिकता आदिको अविश्वास र विरोध सहित पुँजीवाद, साम्राज्यवाद यथास्थितिको विरूद्ध उभिने सर्जकीय चिन्तन नै प्रगतिवाद हो । यो एउटा कला साहित्यिक आन्दोलन हो । जुन आन्दोलनमा सामाजिक, आर्थिक, साँस्कृतिक समग्र क्षेत्रलाई रूपान्तरण गर्ने तागत हुन्छ ।

अस्तित्ववाद :

यो बिसौं सताब्दीको आरम्भ मै देखा परेको प्रभावशाली साहित्यिक दर्शन हो । डेनमार्कका किर्केगाड यसका प्रवर्तक हुन् । प्रथम विश्व युद्दपछि पुराना नैतिक धार्मिक मुल्यहरूमा युरोपभरि ह्रास आयो । यसैबेला अस्तित्त्व शब्द विशेष दार्शनिक अर्थ

सम्बन्धमा प्रयोग हुन थाल्यो । ईश्वरवादी (आस्तिक) र निरीस्वरवादी (नास्तिक) गरी अस्तित्ववादी दार्शनिकहरू पनि दुई शिविरमा त्यतिबेला देखि नै बाँडिएका देखिन्छन् ।

यी मध्य **किर्केगाड, यास्पर्स, मार्सल आदि पहिलो खेमाका** हुन् । **हेडेगर, ज्यानपाल सात्र दोस्रो खेमा**का । तर यी दुवै खेमाका दार्शनिक वीच जीवन जगतका जटिल गति, परिस्थिति, परम्परागत मुल्यप्रतिको अविश्वास, आस्तिक, नास्तिक आदि प्रति खासै फरक मतभेदहरू देखिदैनन् । मान्छेलाई अतिसय स्वतन्त्र र स्वयम् आत्मनिर्माता ठान्ने अस्तित्ववादका दार्शनिकहरू सुरूमा सबैले ईश्वर मान्थे । पछि गएर विरोधी देखिएका पाइन्छन् । नास्तिक हेडेगर र निरीश्वरवादी ज्यानपाल सात्र नै यस दर्शनका आधिकारीक व्याख्याता हुन् (पोखरेलः२०४०) । दोस्रो विश्वयुद्द पछिको अन्यौल र त्रासपूर्ण परिस्थितिमा पूरै युरोपभरि अस्तित्ववादको महिमा र गरिमा बढ्नु, सन् १९४३ देखि ज्यानपालबाटै साहित्त्यमा यसलाई मुर्तिकरण गर्नु आदिले विश्वभर यसको अस्तित्त्व वृद्दि भएको देखिन्छ ।

मानिसको अर्धचेतना सम्पन्न क्रियाशीलता यसको दार्शनिक अर्थ हो । सारसत्ता र अस्तित्त्व सम्बन्धमा यो दर्शनले सार सत्तालाई (प्रकृतिको निश्चित आकार, प्रयोजन आदि निस्क्रिय तत्त्व) र अस्तित्वलाई (चेतनायुक्त, सक्रिय, अनिश्चित अङ्श) फरक रूपमा धारणा दिएको छ ।

प्रत्येक मानिसका आ-आफ्नै अस्तित्त्व छ । आफ्नै चिन्तन र निष्कर्स द्वारा अज्ञेत बाटो हिडे पनि अनुसन्धान र प्रयत्नबाटै मानिसका विजय सम्भव छ । 'सचेत अस्तित्वकै कारण परम्परागत व्यवस्थामा मानिस सन्तुष्ट हुदैन' भन्ने **हेगेल**का विरूद्ध अस्तित्व वादका प्रथम प्रवर्तक **किर्केगाड** नै उभिएका छन् । सत्यलाई बुद्दि सङ्गत सत्य देख्ने **हेगेल विरूद्ध** संसार बुद्दि सङ्गत छैन भन्दै विसङ्गत तत्वहरू धेरै देख्ने र जीवन जगतलाई अव्यवस्थित र विसङ्गत देख्ने किर्केका विचारसँग **हेडेगर र सात्र** सहमत देखिन्छन् । **हेडेगर** मानिसलाई यो सहानुभूतिहीन संसारमा लक्ष्य प्राप्तिका लागि निरन्तर प्रयत्न रत दयनीय प्राणी ठानेका छन् । सात्रले विश्वको केन्द्रविन्दु मान्छेलाई मानेर मानव अस्तित्वको प्रश्न उठाएका छन् । मान्छे त्यो हो, जसले आफ्नै प्रयत्नमा आफुलाई आफै बनाउँछ । चेतनाको अस्तित्त्व उसको क्रियाशीलतामा देख्ने सात्रले संसारलाई विसङ्गत, अव्यवस्थित र अज्ञेय ठानेका छन् । मान्छेका स्वतन्त्रता र व्यक्तिवादितामा अस्तित्त्व निहित हुने तर्क अस्तित्त्व वादीहरूको देखिन्छ । अस्तित्त्ववादका विशेषता निम्न देखिन्छन् ।

- यो व्यक्ति सापेक्ष आत्मनिष्ठ अनुभव हो । यस सिद्धान्तले जगतको सत्ता मुलत

सुन्य, निष्क्रिय र निरपेक्ष देख्छ । भ्रम र अज्ञानबाट मुक्त सचेत मानिस नवीन सत्यको निर्माणमा सधैं सङ्घर्स गर्छ र यही सङ्घर्स नै अस्तित्वको धर्म हो ।

- मानवलाई सचेत सङ्कल्पयुक्त, कर्मठ हुदाहुदै पनि अत्यन्त दयनीय देख्नु, यो संसार मानवका लागि यातना गृह मात्र देख्नु
- मानवीय चेतना अतीतका चेतनासँग पुरै असम्वद्द देख्नु, इतिहास र साहित्यको परम्परालाई महत्वहीन देख्नु, विद्रोह र क्रान्ति भने पनि त्यस पछिका कुनै योजना नहुनु ।
- यो स्वेच्छाचार र अराजकताको समर्थन गर्ने चिन्तन हो ।
- जीवनको व्यर्थता, वीभत्स यौनवृत्ति, नैतिक अवमुल्यन, निरासा, पलायन जस्ता ह्रासोन्मुख तत्त्व अधिक पाइने यो एउटा साहित्यिक सिद्धान्तभन्दा बढि दार्शनिक चिन्तनका रूपमा देखिएको सिद्धान्त हो ।

विसङ्गतिवाद :

बिसौं शताव्दीका अस्तित्ववादी ज्यानपाल सात्रबाट आरम्भ भएको यो दर्शनलाई अल्बर्ट कामुबाट विकास भएको देखिन्छ । बेकेट, इयानेस्को, अडामोबहरू विसङ्गतिवादी नाटकका प्रर्वतक मानिन्छन् । विलियम आइ.ओलिभर विसङ्गतिवादका मुख्य व्याख्याता र सिद्धान्तकार मानिन्छन् । प्रवृत्ति र विशेषताका आधारमा हेर्दा -

- यो विवेकको हत्या गर्ने र भ्रमलाई पूर्ण देख्ने निरर्थक र विसङ्गत जीवनको विशेषता हो ।
- जीवनको निरर्थकता, सुन्यता, अनास्था, निस्सारता आदिकै रासायनिक तत्त्वबाट यो निर्मित छ ।
- विसङ्गति बोध गराउनु नै यो सिद्धान्तको उद्देस्य हो ।

मान्छेका विवेकमा विसङ्गतिवोध, दुराग्रह र भ्रान्ति, विसङ्गत शैली, पद्धति र जीवनको वोध पछि मात्र ओलिभरले खारिएको सचेतता, परिष्कृत र प्रकासोन्मुख सक्रिय जीवनको अपेक्षा गर्न सकिने कुरामा जोड दिएका छन् । सबै विश्वास, आस्था र मानिसभित्र अन्तरनिहित रूढिहरूबाट ज्ञानका नाममा अङ्गालिने सबै अज्ञान वा भ्रमबाट बाहिर निस्कन वा भ्रमको महाजालबाट मुक्त हुनु नै ओलिभरका भाषामा विसङ्गतिवोध हुनु हो । उनले विसङ्गति वोध पछिको समय मुल्यवान, उत्तरदायित्व पूर्ण र क्रियाशील हुन सक्नु पर्नेमा जोड दिएका छन् । जस्तो सुकै स्पष्टीकरण दिए पनि विसङ्गति वादी कलाकृति वा चिन्तन समाज र पाठक निम्ति ह्रासोन्मुख र दुर्वोध्य नै देखिन्छ ।

प्रयोगवाद :

नवीन विम्ब प्रतीक र शिल्पको प्रयोग प्रयोगशीलताकै सन्दर्भमा सन् १९४३ मा भारतबाट प्रयोगवादको आधिकारीक धारणा जन्मेको हो । कवि अज्ञेय(सच्चिदानन्द वात्स्यान) को तारसप्तक (सन् १९४३) सामुहिक कविता सङ्ग्रहको भुमिकामा पहिलोपटक प्रयोगवादको घोषणापत्र छापिएको थियो । जसमा सात जना कविका कविता सङ्कलित थिए । अजेय, मुक्तिवोध, नेमिचन्द्र, भारतभूषण, प्रभाकर, गिरिजाकुमार माथुर र रामविलास शर्मा सातैजना प्रयोगवादी आन्दोलनका प्रवर्तक कवि मानिन्छन् (पोखरेलः२०४०) । पश्चिमी कविहरू मध्ये टी.एस.इलियड र एज्रा पाउण्डका प्रवृत्तिबाट बढि प्रभावित देखिएका **प्रयोगवादी सर्जकका विशेषता** निम्न देखिन्छन् ।

- बैज्ञानिक हैसियतले जीवनका स्थिति र प्रतिक्रियाहरूको मीमांसा गर्दै कलात्मक नवीन शब्द योजना, विम्ब, शैली, शिल्पको आविष्कार र प्रयोग प्रतिको रूचि ।
- कल्पनाबाट काम लिइने बुद्दिको प्रयोग बढि गरिने, नवीन सन्दर्भ र सम्भावनाको उद्घाटन गरिने साहित्यिक चिन्तन ।
- प्रयोगवादी कवि सर्जकहरू बाटामा होइन बाटोका खोजीमा हुन्छन् । प्रयत्न गरे एक न एकदिन नयाँ भोलि भेटिने आशा राखेर नयाँ प्रयोग अन्वेषणमा लागिरहने तर कुन्ठा, कामग्रन्थी, आत्मरति व्यक्तिकेन्द्रिताको प्रभाव परी रहने चिन्तन ।
- समस्याप्रति प्रतिक्रिया देखाएर पनि समाधानसम्म पुग्ने आँट नगर्नु , अति यथार्थवाद र अस्तित्व वादबाट प्रभावित हुदै अस्पस्ट र विकृत यथार्थको उद्घाट गर्नु, कल्पनाको अभाव, लघुताबोध, आफ्नै दुर्वलता र खिन्नतालाई वौद्दिक आवरणले ढाक्ने प्रयत्न गर्नु, अतृप्ति, क्षोभ र विद्रोहको स्वर दिए पनि समाजपरक नहुनु ।
- यसमा नवीन र बिचित्र प्रयोगद्वारा पाठकलाई आश्चर्य चकित पार्ने प्रवृत्ति रहन्छ । बौद्धिक विश्लेषण र खण्डन मण्डन तथा कवितालाई अकविता बनाउने कविता र गद्यको मौलिक अन्तर मेट्ने प्रवृत्ति यसमा रहन्छ ।
- यसमा परम्परागत धारणा प्रतिको अस्विकृति गर्ने प्रतिक्रियावादी प्रवृत्ति रहन्छ ।
- यो प्रयोगका लागि प्रयोग हुने अस्थिर साहित्यिक प्रवृत्ति हो ।
- कलापक्ष वा शिल्पतर्फ नवीन प्रयोग, व्यङ्ग्य र वैचित्र्यको प्रदर्शन र यौन प्रतीकहरूको अधिक प्रयोग हुनु ।

समग्रमा समसामयिक जीवन प्रणाली र परम्परागत मान्यताहरूप्रति शङ्का र असन्तोस व्यक्त गरे पनि नीजि मान्यता र प्रयत्नहरूलाई विकसित र परिस्कृत गर्ने

प्रयोगवादीसँग कुनै योजनाहरू भेटिदैन। जीवन जगतका अनुभूतिलाई त्यति महत्व नदिएर अभिव्यक्ति वैचित्र्यलाई नै सर्वस्व देख्ने चिन्तन प्रयोगवाद हो।

दादावाद :

कला साहित्यमा देखा परेको सुन्यवादी आन्दोलन नै दादावाद हो। प्रथम विश्व युद्द उर्लदै गर्दा सन् १९१६ मा फ्रान्सेली कवि तथा नाटककार ट्रिस्टान जाराले जुरिखमा स्थापना गरेको यो आन्दोलन विश्व युद्दको वर्वरता विरूद्ध थियो। यस आन्दोलनले बौद्धिक, सांस्कृतिक र सामाजिक परिपार्टी आध्यात्मिक र नैतिक मान्यता विरूद्द निन्दा आलोचनाको उद्घोस गऱ्यो। कला, साहित्य र समकालीन सभ्यताप्रति वितृष्णा, कला, साहित्यमा नवीन प्रयोगको सुत्रपात यस आन्दोलनका विशेषता देखिन्छ। परम्परा विरोधी, औपचारिकताको विरोधी यस वादका मुख्य साहित्यिक प्रवक्ता **ट्रिस्टान जारा** हुन्। कलातर्फ **ड्च्याम्पको** अहम् भूमिका यस आन्दोलनमा देखिन्छ।

दादावादी आन्दोलन नै पछि गएर अति यथार्थवादमा परिणत भएको देखिन्छ। फ्रान्सहुदै अमेरिका, जर्मनी आदिमा फैलिएको यो साहित्यिक वादले स्थापित सबै मुल्यहरूको विनास चाहेको देखिन्छ। युद्दले क्षतविक्षत निरास जीवन जगतले खोजेको निरास युगको खोजी मात्र थिएन दादावाद। घोर सुन्यता र निरासाको अभिव्यक्ति पनि थियो त्यो (डा.भट्टराईः२०६२)।

अब कुनै चाहिदैन, रिपब्लिकन चाहिदैन।
अब कुनै निरङ्कुश चाहिदैन, समाजवादी चाहिदैन
अब कुनै बोल्सेविक चाहिदैन, राजनीति चाहिदैन
अब कुनै सर्वहारा चाहिदैन, प्रजातन्त्र चाहिदैन।

लुई आरागनको यो कविता अङ्स सुन्यवादी निरासाको अभिव्यक्ति थियो। विश्वमा भौतिक ह्रासको अपेक्षा, कला साहित्य, विवेक, तर्क, परम्परा, इतिहास सबैबाट उन्मुक्तिको खोज गर्ने दर्शन नै दादावाद थियो। यो युद्दप्रतिको वितृष्णावादी आन्दोलन थियो। प्रत्येक युद्द आन्दोलनहरु प्रतिको वितृष्णा यसको देखिन्छ।

भविष्यवाद :

इटालियन फिलिपो मारिनेती (सन् १८७८-१९४४) बाट कला साहित्यका क्षेत्रमा सर्वप्रथम यो आन्दोलन देखा परेको हो। पूर्व आदर्शवादको अभिव्यक्तिको रूपमा साहित्यमा आएको यो आन्दोलनले भविष्यको नराम्रो र इतिहास विरोधी

पक्षलाई सङ्केत गरेको छ। म्युजियम बनाउनु, क्युरियो र सङ्ग्रालयमा आगो लगाउनु, कलाका पुराना दुर्लभ नमुनाहरू सखाप पार्नु, फासिज्मलाई उक्साउनु यसको लक्ष्य देखिन्छ (डा.भट्टराईः२०६२:६७)। कलालाई प्रतिकात्मक अभिव्यक्तिबाट अलग गरेर सोझो अभिव्यक्तिको माध्यम बनाउन चाहन्छ यसले।

यो आन्दोलनको घोषणा पत्रमा सर्वप्रथम हस्ताक्षर गर्ने अम्बर्टो बोजिनी थिए। उनले पेन्टिङको क्षेत्रमा यसलाई प्रयोग गर्न खोजेका थिए। तीव्र युग चेतना परिवर्तनको आग्रह, भीमकाय भविष्यका योजनाहरू सहित आमूल परिवर्तनको आकाङ्क्षा, पुराना र जर्जर भइ सकेका मृत प्राय मुल्य मान्यताहरु प्रतिको घृणा, उपेक्षा यस वादको विशेषता देखिन्छ। प्रथम विश्व युद्द सकिए पछिको समय आतङ्कपूर्ण र निरासाको समयको थियो। वायरनको जस्तो आदर्शवाद यसमा थियो। नित्से जस्ता दार्शनिकहरू यस वादसँग जोडिएका देखिन्छन् (डा.भट्टराईः२०६२:६७)। उन्नाइसौं शताब्दीको अन्त्यतिर इटालीमा देखिएका मुख्य साहित्यिक वादहरूमध्ये दादावाद, अतियथार्थवाद, अस्तित्त्ववाद र भविष्यवाद मध्य यो भविष्यवाद प्रथम विश्व युद्दपछि नयाँ चेतना सहित तीव्र युग चेतना र तीव्र परिवर्तनको आग्रह गर्दै मानव जगतले खोजेको नयाँ भविष्यको सङ्केत गर्ने साहित्यिक वाद थियो।

उत्तर आधुनिकतावाद

Post Modernity र **Post Modernism** को नेपाली रूपान्तरण उत्तर आधुनिकतावाद हो। वास्तुकला क्षेत्रमा सन् १९३४ मा फ्रेडरिको डि. ओनिसले सर्वप्रथम यो शब्दको प्रयोग गरेका हुन्।

यो ज्याँ फ्रयान्स्वाँ ल्यौतार, ज्याँ बौद्रिलाको उत्तर आधुनिकता, मिलेस फुको, ज्याक डेरिडा, जुलिया खिस्टेमा, गिलेस डेलेउज आदिको उत्तर संरचनावाद, अर्नेस्टो लाकलाउ र च्यान्टल मफको उत्तर मार्क्सवाद, नियामरको उत्तर इतिहास, फुकुयामाको इतिहासको अन्त्य र एडबर्ग सइद, गायत्री स्पिवाक चक्रवर्ती, होमो भाभा आदिको उत्तर औपनिवेशिकताका सामाजिक सांस्कृतिक समालोचना सिद्धान्तबाट समाजमा बौद्धिक चर्चाको विषय बन्दै आएको छ। १९६० को दसकपछि खास गरी दोस्रो विश्व युद्द पछि साम्राज्यवादी, एकाधिकारवादी, पुँजीवादको आर्थिक सांस्कृतिक विशेषतामा यो आधारित छ। उत्तर फोर्डवाद र उत्तर औद्ध्योगिक समाजसँग यसलाई विश्लेषणको विषय बनाउनेहरू पनि छन्। नवीन शैलीका रूपमा विश्लेषणको विषय बनाउनेहरू पनि अधिक छन्। वास्तुकला पछि सङ्गीत, नृत्य, कला, साहित्त्य, संस्कृति,

दर्शन, समालोचना, सङ्गीत शास्त्र, उद्ध्योग निर्माण तथा अन्य व्यवहारगत पक्षहरूसँग सम्बन्धित चिन्तन भनेर पुष्टि गर्नेहरू पनि धेरै छन् । अमेरिका, फ्रान्स, क्यालिफोर्निया आदि मुलुकहरूबाट विकसित यो वाद आज संसार भरि फैलिएको छ ।

आधुनिकता माथि आक्रमण गरेर खासगरी मार्क्सवाद माथि नै प्रहार गर्नु यसको मुख्य उद्देश्य हो । आधुनिकतावाद जस्तै उत्तर आधुनिकता पनि पश्चिमी पुँजीवादी आर्थिक, सामाजिक, संस्कृतिमा आधारित छ । पुँजीवादी चिन्तन धाराकै एउटा प्रत्ययवादी धारा हो यो । यो पुँजीवादको विचारधारात्मक हतियारका रूपमा देखा परेको छ । फ्रेडरिक जेमसनले यसलाई वृद्ध पुँजीवादको सांस्कृतिक तर्क भनेका छन् । निनु चापागाईले सर्वहारा, दार्शनिक, वैचारिक, सांस्कृतिक चिन्तन धारा मार्क्सवादमाथि प्रहार गर्ने वृद्ध पश्चिमी पुँजीवाद र साम्राज्यवादको बलियो हतियार भनेका छन् (चापागाई :२०६४) । चैतन्यले नव संशोधनवादी धारा अर्थात् सांस्कृतिक साम्राज्यवादको सन्तानका रूपमा देखा परेको चिन्तन भनेका छन् (चैतन्य : २०६४) । डा. लक्ष्मणप्रसाद गौतम नारीवाद, विनिर्माणवाद, नव इतिहासवाद, नव व्यवहारिकतावाद, नवमार्क्सवाद, नवमनोविश्लेषण आदि साहित्यिक सिद्धान्त तथा समालोचनाको क्षेत्रमा देखा परेको नयाँ चिन्तनका रूपमा यसलाई लिन्छन् । पाठकीय अनुक्रियापरकसमालोचना,उत्तरऔपनिवेसिकसमालोचना,समलिङ्गवादीसमालोचना, इकोक्रिटिसिज्म (परिवृत्तीय वा वातावरणीय समालोचना), अभिघात सिद्धान्त, परोक्ष यथार्थ, हाइपर रियालिटी, मायिक यथार्थ, सन्दिग्धता सिद्धान्त, डायरस्पोरिक लेखन, विनिर्माणवाद, जनजातीय लेखन, विपठन/पुनर्लेखन/पुनसिर्जन, सांस्कृतिक समालोचना अन्तर विषयकता, अन्तर्पाठनीयता आदि सिद्धान्त/समालोचना अटाउने छाताका रूपमा उत्तर आधुनिकतालाई लिएका छन् (डा. गौतमः२०६६) । साहित्य कला सम्बन्धि परम्परित सिद्धान्तहरू विघटित भएको र विज्ञान प्रविधिले गर्दा जीवन जगत् र दर्शन चिन्तनहरूमा बहुत्वमय परिदृश्य सिर्जना भएको तर्क उत्तर आधुनिकता वादीहरूको देखिन्छ । उत्तर आधुनिक मान्यतामा -

- साहित्यमा कुनै अन्तिम निर्विकल्प रूप र व्यवस्था हुदैन ।
- विचार, दर्शन, कला, संस्कृति आदिको परम्परित सिद्धान्तमा अतिक्रमण हुन्छ । सबैको अन्त्यको घोषणा गर्न सकिन्छ ।
- उत्तर आधुनिकता वादी विद्याहरूमा स्वतन्त्रता र स्वायत्तता हुदैन । यसमा सिर्जना र समालोचनाको भेद मेटिन्छ ।
- सबै साहित्य कला कृतिहरू अनुकरण मात्र हुन् । कुनै पनि कृति मौलिक हुदैनन् ।
- विशृङ्खलित र अव्यवस्थित बीचको व्यवस्था नै उत्तर आधुनिकता हो ।

आधुनिकताको अर्थ आधुनिकताको उत्कर्ष र चरम विन्दु, आधुनिकतासँग सम्बन्ध विच्छेद र बिद्रोह गर्ने आधुनिकताबाट विकसित भएको आधुनिकता कै विस्तार र निरन्तरता हो ।

तर मार्क्सवादीहरू यी मान्यतासँग सहमत देखिदैनन् । मार्क्सवादी दार्शनिकहरुका मतमा उत्तर आधुनिकता –

- मार्क्सवादी कला साहित्य, संस्कृति, सामाजिक सिद्धान्त माथिको आक्रमण गर्ने चिन्तन नै उत्तर आधुनिकता हो ।
- यो सर्वहारा सांस्कृतिक वैचारिक चिन्तन धारामाथि प्रहार गर्ने चिन्तन हो ।
- अराजकता, विध्वंस, निरङ्कुस संस्कृतिको बीज संस्कृति हो ।
- तर्क, बुद्दि, विवेक, न्याय, मानव उत्पादनको भूमिका माथि प्रहार गर्ने संस्कृति ।
- संरचना, कारण र सत्यको विरोधी संस्कृति
- विस्तीर्णता र विलम्बनमा विश्वास गर्ने, वस्तुगत यथार्थ, घटना, स्थिति, स्वत्व, अर्थ, इतिहास, विचारप्रति विश्वास घटाउने प्रवृत्ति ।
- अनिश्चितता र निश्चयवादी विशेषता भएको, विचार धारात्मक नेतृत्व र सचेतताको भूमिकालाई निषेध गर्ने नव रहस्यवादी एवं पुँजीवादी शक्तिको सेवा गर्ने दार्शनिक धारा ।
- सत्त्य विरोधी (यथार्थवादी) भ्रम, आधुनिकता वाद (ज्ञानोदय, हेगेल, फ्रान्सेली राज्य क्रान्ति, जर्मन क्रान्ति, मार्क्स, ऐंगेल्सको उदय.... आदि) माथि निसाना साँधेर आएको चिन्तन ।
- महाख्यान, सबै खाले साहित्यिक, सांस्कृतिक राजनैतिक कर्म, इतिहास, विचार धारा, साहित्य, सर्जक आदिको औचित्त्य समाप्त देख्ने, जनवाद, तर्कना, इतिहास बोधलाई अस्वीकार गर्ने, पुँजीवादले मात्र युगभावनाको प्रतिनिधित्व गर्न सक्छ ठान्ने, उदार र उदात्त राज्यको विरूद्ध क्रान्तिको केन्द्रीय विचार अब सम्भव नदेख्ने र उत्पादन कर्ता र सामाजिक बर्गहरूका अस्तित्त्व छैन भन्ने सिद्धान्त ।
- नयाँ आवरणमा देखा परेको पुरानोलाई पक्षपोषण गर्ने विचार ।
- आधुनिक मुल्यहरूका औचित्त्य नदेख्ने र गलत तर्कहरू दिने दर्शन ।

उत्तर आधुनिकता वादका विषयमा यतिबेला प्रशस्त बहसहरू उठ्ने गरेका छन् । मार्क्सवादको विकल्पको राजनीतिक धाराका रूपमा गोविन्द राज भट्टराई, सन्जिव उप्रेती, कृष्ण गौतम, आदिले यसका पक्षमा अनेक तर्कहरू गरेको देखिन्छ (बराल : २०५२, चापागाई : २०६१, भट्टराई : २०६२, गौतम : २०६४) । ऋषिराज बराल, निनु चापागाई, रमेश प्रसाद भट्टराई, चैतन्य, ताराकान्त पाण्डे, डा. जगदीशचन्द्र भण्डारी,

डा. गोपिन्द्र पौडेल, आदिले उत्तर आधुनिकता वादलाई आधार भत्काएर मान्छेलाई निराश्रित पार्ने, शङ्का, उपशङ्कालाई प्राथामिकता दिने, मानवतावाद, आत्मवाद एवं मान्छेका मुल्य अस्वीकृत गरेर केवल नास्तिकवादलाई प्रोत्साहन दिने दर्शनका रूपमा यसलाई चर्चा गरेका छन् ।

ठूलो आख्यानमा अविश्वास गर्नु, वुद्दिलाई महत्वहीन देख्नु, आत्मकेन्द्री, अराजकतावाद, अन्यौलता, वस्तुपरकतालाई तिलाञ्जली दिदै ज्ञान विज्ञानको भेद निर्मूल भएको देख्नु, इतिहासको उपेक्षा गर्नु, खण्डित वा व्यष्टिको अवधारणालाई महत्व दिनु, पाठ र अन्तर्पाठको धारणा (एउटा कृतिको अर्थ लगाउनु प्रत्येक पाठका अर्थ लगाउनु हो, रचना वा पाठ भित्र अन्तर्पाठीयता प्राप्त गर्न सकिने)मा विश्वास राख्नु, रोलाँ वार्थको लेखकीय मृत्यु, भूमण्डीलीकरण (विश्वव्यापीकरण)को मान्यता आदिमा विश्वास गर्नु आदिले यो दर्शन समग्रमा भन्दा आधुनिकताका विरूद्धमा देखिन्छ ।

आधुनिकता वादले सीमित विषयलाई प्रभाव पारेका छ भने उत्तर आधुनिकता वादले असीमित विषयमा प्रभाव पारेको छ । तसर्थ आधुनिकता र उत्तर आधुनिकता बीच ठूलो अन्तर छ । अन्तर संस्कृति मिश्रण, वहुलवादी अवधारणा, केन्द्र भङ्गको स्थिति, विनिर्माण, वहुलवाद, विखण्डन, साइबर संस्कृति, मानिसको आत्मपहिचानको समाप्ति आदि देख्नुका कारण उत्तर आधुनिकता आलोचित छ । अग्रगतिका विरूद्धमा आएको अभियान उत्तर आधुनिकता वाद आफ्ना सैद्धान्तिक मान्यता र विशेषतासहित आएको दर्शन प्रवृत्ति हो । दोस्रो विश्व युद्दपछिको भयावह परिणाम पश्चात कला, साहित्य आदिका क्षेत्र हुदै समाज र राजनीतिमा प्रभाव पार्ने गरी आएको नयाँ अवधारणाका रूपमा यसलाई लिन सकिन्छ । समकालीन युगलाई आत्मसात गर्ने नवीन प्रवृत्ति वा सामाजिक घटनावलीका रूपमा यसलाई हेर्ने गरिए पनि, रूढि र आदर्श विरूद्धको अवधारणा भन्ने गरिए पनि यसले आधुनिकताको अग्रगतिलाई स्वीकार गर्दैन । पाश्चत्य समालोचनाका क्षेत्रमा उत्तरवर्ती वा उत्तर आधुनिक प्रवृत्तिका रूपमा बिसौं शताब्दीको विज्ञान प्रविधिको विकासको परिणतिका धोतक चेतनाको रूप मानिए पनि यो विनिर्मित र व्यक्ति केन्द्रित छ । रूप रचनावाद, वहुलवाद, विनिर्माणवाद, नारीवाद, नवमार्क्सवाद आदि अनेक नामबाट यो परिचित छ ।

यस अन्तर्गतका सिद्धान्तहरूमा मुख्यत : विनिर्माणवाद, नारीवाद, नवइतिहास आदि हुदै नवमार्क्सवाद सम्मका बिभिन्न चिन्तनहरू देखा पर्छन् । जुन कुरा माथि उल्लेख भइ सकेका छन् ।

रोलाँ वार्थ, ज्याक डेरिडा आदि यसका मुख्य जन्मदाता हुन् । ज्या लकान, मिसेल फुको, जुलिया क्रिस्टिभा आदि यसका थप प्रवर्तक मानिन्छन् ।

कला, वास्तुकला, सङ्गीत, दर्शन, इतिहास, मानवशास्त्र, मनोविज्ञान आदि सबै क्षेत्र आज विश्वभर नै यो चिन्तनबाट प्रभावित छ । कृति वा पाठको मुल रूपलाई भत्काएर अर्कै रूप दिने विनिर्माणवादी सोच यस दर्शनको देखिन्छ ।

विनिर्माणवाद ज्याक डेरिडाको चिन्तन मानिन्छ । मार्टिन हाइडेगर, पौल डी. म्यान, जेफ्री हार्टम्यान, जे.हिलिस मिलर, जोनाथन कुलर, हेराल्ड, ब्लुम, जोसेफ रिडेल आदिले विनिर्माण वादले भने जस्तै एउटा पाठबाट धेरै पाठ हुन सक्ने सम्भावनाको ढोका खोली दिएका छन् ।

नारीवाद वहुलवादी समालोचनाको अर्को क्षेत्र हो । अठारौं शताब्दीदेखि सुरू भएको नारी मुक्ति आन्दोलनसँग जोडिएको म्यारी इलेमन (एलम्यान) को सन् १९६८ मा प्रकाशित पुस्तक 'Thinking About Women' बाट नारीवादी समालोचना कै परम्परा अघि बढेको देखिन्छ । एलेन मुर्स, सान्द्रा गिल्वर्ट, सुसन गुवाद, टोरिल मोई, एलेन सोभाल्टर, जुलिया क्रिष्टिभा, पौलिना, हेलेन सिकस आदिबाट नारी अस्तित्वको खोज सहित लैङ्गिक अवधारणामा आधारित समालोचना परम्पराबाट समाजमा योगदान गरेको देखिन्छ ।

नवमार्क्सवादीहरूले मार्क्सवादको बर्ग दृष्टि नकारेका छैनन् । तर वहुलतालाई स्वीकारेका छन् । समग्रमा हेर्दा यो मार्क्सवादका विरूद्धमा छ । नव इतिहास र नव व्यवहार वादीहरूले पनि साहित्यलाई ऐतिहासिक सामाजिक सन्दर्भबाट हेर्दा हेर्दै साहित्य सिद्धान्त निर्देशित हुदैन भन्ने मान्यता सहित संस्कृति, इतिहास, विचार, कृतिको लेखकीय अवधारणालाई सङ्कीर्ण बनाउन खोजेका छन् । रिचार्ड रोर्टी, डब्ल्यु जे.टी. मिसेल, स्टेन्ली फिस, वाल्टर मेन आदि यस विचारका प्रवर्तक मानिन्छन् ।

पाठक प्रतिक्रियापरक (पाठकीय अनुक्रियापरक) समालोचना सन् १९७४ मा प्रकाशित उल्फ ग्याङ आइजरको प्रकाशित समालोचनाबाट आरम्भ भएको हो । यसलाई अघि बढाउने मध्ये रोमन इल गार्डेन, रोलाँ वार्थ, ह्यान्स रोवर्ट जाउस, जर्ज ग्याडामर, जेराल्ड प्रिन्स, जोनाथन कुलर आदि मुख्य देखिन्छन् । ग्रहण सिद्धान्त (अभिग्रहण) सिद्धान्त र प्रतिक्रिया सिद्धान्त गरी यसका पनि दुई भेद वा सिद्धान्त भनेर डा.लक्ष्मणप्रसाद गौतम (डा.गौतम : २०६६) ले चर्चा गरेका छन् ।

नेपाली समालोचना क्षेत्रमा उत्तर आधुनिक समालोचना २०३० को दर्शकबाटै रूप संरचनावादी, शैली विज्ञान, कृति तथा प्रवृत्तिपरक, प्रभाववादी समालोचनाका परम्परासँग जोडिदै आएको देखिन्छ । नारीवादी, विनिर्माणवादी, सांस्कृतिक,

वातावरणीय, डायस्पोरिक, अभिघात, नवमार्क्सवादी, वहुलवादी प्रवृत्ति अन्तर्गतका समालोचना परम्परा उत्तर आधुनिक सन्दर्भकै उपजहरू मानिन्छन् । समग्रमा यो मार्क्सवादी सौन्दर्य मुल्य माथि नै आक्रमण गर्ने अभिप्रायबाट लक्षित देखिन्छ ।

सवाल्टन

इटलीका नव-मार्क्सवादी चिन्तक आन्तोनियो ग्राम्चीबाट सर्वप्रथम सिमान्तीकृत बर्ग वा बर्ग समुहलाई जनाउन सवाल्टन शब्दको प्रयोग भएको देखिन्छ । सम्प्रान्त बर्गीय शासन सत्ताबाट उत्पीडित, उपेक्षित किनारीकृत समुह (बर्ग)लाई सम्बोधन गर्न यो शब्दको प्रयोग भएको देखिन्छ । हेर्दा मार्क्सवाद सम्मत, उपेक्षित र उत्पीडित बर्गको पक्षमा देखिए पनि, प्रगतिशील आवाज सहितको साहित्यिक आन्दोलन जस्तो देखिए पनि मार्क्सवाद वा प्रगतिशील दर्शन विरोधी आन्दोलनका रूपमा यो देखिन्छ । रञ्जित गुहाको समुहबाट सन् १९८२ देखि सवाल्टन अध्ययन अभियान सुरू भएको देखिन्छ । मार्क्सले बोल्न नसक्ने श्रमजीवी बर्गका पक्षमा बोल्नु पर्ने मान्यतालाई अघि बढाएका थिए । सवाल्टनलाई लिङ्ग, वर्ण, जात, धर्म, उमेर, क्षेत्र, औकात, समुहहरूमा बिभाजित गरेर हेर्नु पर्ने मान्यता पछि विकसित मान्यता हो ।

सवाल्टन सबै बर्गभित्र देखिने उत्पीडनको उपज हो । तर उत्तर आधुनिकता वादीहरूका चिन्तनसँग निकट हुदै आजको समाज विश्लेषणमा खण्डित सौन्दर्यको अपेक्षा यो चिन्तनमा देखिनुले यसले बर्ग चेतनालाई उपेक्षा गरेको देखिन्छ । लिङ्ग, जाति, पेसा, जनजाति, ब्राम्हण, क्षेत्री, राई, लिम्बु, हिन्दु, मुस्लिम आदिका साङ्गठनिक विखन्डनकारी परिदृश्यबाट सिमान्तीकृत बर्ग आन्दोलन क्षयीकरणतर्फ उन्मुख छ । तर पनि लैङ्गिक, जातीय र पेसागत सङ्गठनलाई मुक्तिको आधार देख्छ यसले ।

एन.जि.ओ.,आइ.एन.जि.ओ.को पक्ष पोषणले पनि बर्गीय चेतनाबाट टाढिएको सवाल्टन आन्दोलन क्रान्ति र बर्ग चेतनालाई क्षत विक्षत पार्ने योजनामा देखिन्छ । किसान, मजदुर, ज्यामी, उद्यमी बीच पनि प्रशस्त विभेदहरू छन् । उत्तर आधुनिकतावादी, उत्तर संरचनावादी, विनिर्माणवादी चिन्तनका तहबाट मार्क्सवाद सम्मत बनाएर सवाल्टन आन्दोलनलाई उभ्याउने चेष्टा पश्चिमबाटै थालिएर विश्वभर फैलने योजनामा देखिन्छ । हेपिएर बोल्न नसक्ने, आफ्ना अधिकार खोज्न नसक्ने बर्गका आवाज उठाउनु पर्ने कुरामा सवाल्टन आए जस्तो देखिन्छ । दलित र जातीय आन्दोलन मार्फत खण्ड-खण्डमा टुक्रिएका समुह मार्फत मुक्ति आन्दोलन उठाउनु पर्छ भन्ने सोच सवाल्टन आन्दोलनको देखिए पनि समग्रमा यो मार्क्सवादी बर्ग चेतनालाई सङ्कट थोपर्ने नव मार्क्सवादी सोचकै उपज मानिन्छ । इतिहास र उत्पीडित आवाज तथा सङ्गठित बिद्रोहलाई कमजोर पारेर राज्य वा सम्प्रान्त बर्ग सत्ताबाट तात्कालिन

राहतमुखी कार्यक्रमका नाममा सानो-सानो सुधार, राहत, सहयोग, पुनर्वास आदिका नाममा यो आएको छ र आउने छ । स-साना लोभ लालच सपनाका जालमा निमुखो बर्गलाई फँसाएर लामो समय टिक्न सकिन्छ भन्ने पुँजीवादी सोचबाट विकसित नवीन बैचारिक हतियार नै सवाल्टन हो ।

नव-मार्क्सवाद :

देख्दा शोसित उत्पीडित सर्वहारा बर्गको पक्षमा आवाज उठाए जस्तो देखिने तर भित्री आसय बर्गीय चेतनालाई र बर्ग आन्दोलनलाई क्षेत् विक्षेत् पार्ने रणनीतिबाट देखा परेको चिन्तन नै नवमार्क्सवाद हो । बर्ग द्वन्दको निरन्तरता बर्गीय समाजको यथार्थ हो । मार्क्सवादको बर्गीय दृष्टिकोण सापेक्ष कला-साहित्य, राजनीति र अर्थनीति, संस्कृतिको निर्माणका अभिप्रायबाट मार्क्सवादलाई खन्डित र कमजोर देखाउन उद्दत चिन्तन नै नवमार्क्सवाद हो । पुँजीवादी युगमा सर्वहारा बर्गबाट सन्चालित हुने आर्थिक, सामाजिक र राजनीतिक सङ्घर्सहरू कमजोर पार्ने चिन्तनकै उपजका रूपमा यो पश्चिमबाटै देखिएको हो । बौद्धिक र उत्तर आधुनिक तर्कका नाउँमा बर्ग अस्मिता र पहिचानलाई मार्क्सवादी राजनीतिको सार्वभौमिक योजनाको विस्थापन तिर यो लक्षित देखिन्छ । यो दर्शन मार्क्सवाद विरूद्धको भ्रम हो । संवेदना विचार र भावनाका तहमा बर्गीय घृणा र तिरस्कार भन्दा पनि मानवता, मानवअधिकार, मानवीय अस्मिताका नामबाट यो व्यक्तिन्छ ।

मार्क्सवादलाई भद्दा, पुरानो, जडसूत्र, माक्किएको र जीर्ण सोचको उपज मान्दै कानुन, धर्म, कला आदिका माध्यमबाट सामाजिक चेतनाको अस्तित्व माथि पर्दा हाल्नु र बर्गीय आन्दोलन र विद्रोहलाई खण्डित पार्नु यसको नियति हो ।

सन् १८४८ को सेरोफेरो आइ पुग्दा प्रगतिशील चरित्र गुमाइ सकेको पुँजीवादले पेरिस कम्युन हुदै प्रथम विश्व युद्द बीचमै मानवीय मुल्य र विवेकजन्य सारगर्भिता गुमाइ सकेको थियो (बराल : २०६३:६७) । नाफाखोर, साम्राज्यवादी शक्तिमा फेरिएको पुँजीवाद कान्ट, हेगेललाई छाडेर हाइडेगर र नित्सेको दौराको फेर समातिसकेको थियो (बराल : २०६३:६७) । जनपक्षीय मुल्यहरूको समर्थन गर्दै समतामुलक समाज निर्माणको गरिमामय इतिहास आरम्भ गर्ने योजनासहित आएको मार्क्सवादलाई प्रहारको केन्द्र बनाएर उत्तर आधुनिकतावाद आएको देखिन्छ । परिवर्तन र चेतनाका विपक्षमा, एकता, केन्द्रीयता, तर्क, विवेक, इतिहास, यथार्थ, कारण, उद्देस्य सबै कुराको विरुद्धमा यो उभिन्छ । सँगसँगै मार्क्सवादकै नाममा मार्क्सवादको विरुद्धमा यो उभिन्छ । **प्रुँधो, बाकुनिन, बर्न्सटिन, काउत्स्की, मार्तोभे, त्रस्कि, बुखारिन, क्रुस्चेभ, ब्रेजनेम, लि-साउची,** तेङ हुदै देखिएको संसोधनवाद विरूद्धको लडाईबाट

जन्मिएको मार्क्सवाद, लेनिनवाद, माओवाद विरुद्ध निर्मम लडाईंमा उत्तर आधुनिकतावाद अभिव्यक्त छ।

मार्क्सवादलाई शास्त्रीयताको सङ्ज्ञा दिएर समय र सङ्घर्सको चरित्र फेरिएको विश्लेषण गर्दै मार्क्सवादका आधारभुत सारतत्वलाई वहुलवादी र समन्वयवादी चिन्तनबाट ओतप्रोत गर्ने नव-वामपन्थी (नव-मार्क्सवादी)हरूको व्याख्या नै नव-मार्क्सवाद मानिएको छ । बर्ग सङ्घर्ष, सर्वहारा अधिनायकत्व र कला-साहित्यको रूपान्तरणकारी भूमिका अस्वीकार गर्दै ती माथिको निषेध गर्ने चिन्तन नै नव-मार्क्सवाद हो।

फ्रान्सको १९६८ को विद्रोह असफलताबाट निरास वौद्दिक जमातले जब सबै कुराको अन्त्य भएको देख्यो । साम्राज्यवादी योजनाका महाजालमा फसेको वौद्दिक जमात मार्क्सवाद र बर्ग सङ्घर्षको महाख्यान गाथालाई 'प्रगतिको भ्रमपूर्ण महाख्यान' भन्दै जब मार्क्सबादको खारेजीमा बिजय देख्छ एकाएक । जब नित्सेको निकटताले सुन्यवाद अँगाल्छ। नाम र रूपमा मार्क्सवादको कुरा गर्ने तर मार्क्सवादको सार तत्त्व, इतिहास, यथार्थ, विचार सबै कुराको अन्त्य भएको देख्नु, संसोधनवादी गलत प्रवृत्ति कै उपज थियो त्यो । स्टालिन र माओको चर्को विरोध गरेर नव-मार्क्सवादीहरूले मार्क्सवादलाई 'भल्गर मार्क्सवाद' र 'शास्त्रीय जडसुत्रवाद' को आरोप लगाएका छन् । कम्युनिस्टहरूको असफलता र मार्क्सवादको समेत असफलता देख्ने उत्तर आधुनिकतावादीहरू नै नव-मार्क्सवादीहरूका भूमिकामा मार्क्सवादको आवरणभित्र क्रियाशील देखिन्छन्। वैचारिक टाट उल्टाइ, क्रान्ति विरोधी अधिभूतवादी चिन्तनको प्रस्तुति एवंम् स्टालिनको तीव्र विरोधी र ट्रटस्कीको प्रसंसक चिन्तन नै नवमार्क्सवाद हो । उत्तर आधुनिकतावादको विरोध नव-मार्क्सवादीहरूले गरेका छन्। तर आज यो केवल प्राज्ञिक क्षेत्रमा मात्र सीमित देखिए पनि भविष्यमा पुरै समाजमा यसको प्रभाव नपर्ला भन्न सकिदैन।

नव मार्क्सवादीहरु भन्छन्- 'मार्क्सले जे भने त्यो मात्र सत्य देख्नु पनि मार्क्सवादी हुनु होइन। सिर्जनात्मक प्रयोगका नाउँमा जथाभावी प्रयोग गर्नु पनि मार्क्सवादको सही प्रयोग हुदैन।' यिनीहरुमा आवश्यकता र आकस्मिकतामा, आवश्यकता र स्वतन्त्रता, निरन्तरता र क्रम भङ्गताको छलाङसँग जोडेर मार्क्सवादलाई बुझ्न नसक्ने समस्या देखिन्छ । सुद्धताका नाउँमा जडता र प्रयोगशीलताका नाउँमा सिमाहीन गर्नु पनि मार्क्सवादको सही प्रयोग हुदैन भन्ने निष्कर्ष सही जस्तो देखिए पनि नवमार्क्सवाद संसोधनवादकै तडभडक रूप मात्रै हो भन्ने आधारहरु प्रयाप्त देखा पर्दै गएका छन्।

आज सबै क्षेत्रमा उत्तर आधुनिकतावादको प्रभाव झ्याङ्गिदो छ । बहुरूपी,

रङ्गीचङ्गी आभुषणमा राजनीतिमा पसेर भाँडभैलो मच्चाउन र अराजकतावाद, व्यक्तिवाद, लिनप्याओवादी गुट र विखण्डनको निहीत साम्राज्यवादी आतङ्क र मनोविज्ञान भएर नवमार्क्सवाद पनि घटित हुदै छ । नेपाली क्रान्तिका सन्दर्भमा पनि यो लागु भएको छ । मार्क्सवादका सङ्घटक तीनै अङ्ग दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रलाई आज उत्तर आधुनिकतावाद र त्यस अन्तरगतका साम्राज्यवादी तमाम नव चिन्तनरुपी भ्रमहरूले तहसनहस पार्न खोजिरहेका छन् । बौद्धिक र सांस्कृतिक क्षेत्रमा देखिएका त्यस मध्यको एउटा रूप नव-मार्क्सवाद हो ।

सन्दर्भ ग्रन्थ :

- अधिकारी, रविलाल (२०५६), **प्रगतिवादी नेपाली समालोचना**, पोखराः लेकाली प्रकाशन
- अर्याल, अच्युतशरण (निम्बार्की), (२०४८), **प्रमाणवाद (सिद्धान्तःसिर्जना)**, वीरेन्द्रनगर सुर्खेतःप्रमाणवाद प्रकाशन
- उपाध्याय, गोपीरमण र बिष्णु प्रभात (सम्पा.) नारायण आचार्य (अनु.) **मार्क्सवादी लेनिनवादी दर्शनशास्त्र**, काठमाण्डौः एसिया पब्लिकेसन
- उपाध्याय, गोपीरमण (२०५६), **मार्क्सवाद सम्बन्धि केही प्रश्न र तिनका सक्षिप्त उत्तरहरू**, बागबजार काठमाण्डौं : एसिया पब्लिकेशन ।
- कुँवर, प्रेम (२०६१), **राजनीति शास्त्रको सिद्धान्त**, काठमाण्डौः एसिया पब्लिकेसन
- कोइराला, परशुराम (२०६२), **सिर्जनाको सेरोफेरो नियाल्दा**, सिर्जना ३, घाचोक, कास्की : सिर्जना साहित्य सदन
- कोइराला, परशुराम (२०६३), **प्रश्नमालामा वियोगीको अन्तरवस्तु**, उत्पीडित सरोकार-२, पोखराः मिजार समाज नेपाल केन्द्रीय समिति
- गौतम, डा. लक्ष्मण प्रसाद (२०६६), **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना**, काठमाण्डौं : ओरियन्टल पब्लिकेसन हाउस प्रा.लि. ।
- गौतम, प्रा.डा. देवीप्रसाद तथा अन्य लेखन तथा सम्पा.(२०६९), **स्नातक नेपाली**, काठमाण्डौः पिनाकल प्रकाशन प्रा.लि.

- चापागाई निनु, (२०६४) **मार्क्सवादी चिन्तनमा सौन्दर्य** (दो.सं.) ललितपुर : साझा प्रकाशन
- चैतन्य (२०६४), **क्रान्ति र सौन्दर्य**, काठमाण्डौं: प्रगतिशील अध्ययन केन्द्र
- चैतन्य, (२०६४) **मार्क्सवादी कला दृष्टि र समीक्षा** (दो.सं.) काठमाण्डौं : ऐरावती प्रकाशन प्रा.लि
- चैतन्य (२०६६), **मार्क्सवाद र संस्कृति**, काठमाण्डौं: सहिद स्मृति प्रकाशन
- थापा, डा. हिमांसु (२०५०), **साहित्त्य परिचय**, चौ.सं काठमाण्डौं: साझा प्रकाशन
- ढकाल, घनश्याम(२०५४) **मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना**, पोखरा : विजय ढकाल
- ढकाल, घनश्याम (सम्पा.२०६२), **यथार्थवादी नेपाली समालोचना**, पोखरा : गण्डकी साहित्तय सङ्गम
- ढकाल, घनश्याम (२०६४), **द्वन्द्वात्मक एवं ऐतिहासिक भौतिकवाद**, कास्की : नेपाल राष्ट्रिय बुद्दिजीवी सङ्गठन
- ढकाल, घनश्याम, भण्डारी, डा.जगदीशचन्द्र र अन्य (सं.) २०६६, **मार्क्सवादी साहित्त्य र जनयुद्दको सौन्दर्य**, काठमाण्डौं: अखिल नेपाल लेखक संघ
- प्रचण्ड (२०६३), **संस्कृति कला र सौन्दर्य चिन्तन**, काठमाण्डौं: अखिल नेपाल जन सांस्कृतिक संघ
- पौडेल, डा.गोपीन्द्र (२०५९), **सौन्दर्य बोध र समीक्षा विविध**, काठमाण्डौ: उर्मिला पौडेल
- पाण्डे, डा.ताराकान्त (२०६५), **अर्थभ्रान्तिको उत्तर चेतनाका विरुद्ध**, काठमाण्डौं: वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र
- पाण्डे, डा.ताराकान्त, डा. नन्दीश अधिकारी आदि (सं. २०६६), **जन युद्दका कविता**, काठमाण्डौ: इच्छुक साँस्कृतिक प्रतिष्ठान
- पाण्डे, डा.ताराकान्त,भण्डारी डा.जगदीशचन्द्र, पौडेल, डा.गोपिन्द्र (सं) (२०६७), **प्रवर्तक**, काठमाण्डौं: इच्छुक सांस्कृतिक प्रतिष्ठान
- पोखरेल, भानुभक्त (२०४०), **सिद्धान्त र साहित्त्य**, विराटनगर (नेपाल): श्याम पुस्तक भण्डार
- पौडेल, देबेन्द्र (सुनिल) (२०६५), **सङ्घर्षका वैचारिक मान्यताहरु**, काठमाण्डौं: नव नेपाल प्रकाशन प्रा.लि.
- फर्लोव (१९८० इ.) **दर्शन कोश**, मास्को: प्रगति प्रकाशन ।
- बराल, डा.ऋषिराज (२०६३), **उत्तर आधुनिकता वाद र समकालीन यथार्थ**,

प्रगतिशील साहित्य अध्ययन केन्द्र
- बराल, डा.ऋषिराज (२०६४), **साहित्त्य र समाज**, ललितपुरः साझा प्रकाशन
- बराल, डा.ऋषिराज (२०६६), **सत्ता र संस्कृति**, काठमाण्डौः अक्फोर्ड इन्टरनेशनल प्रा.लि.
- बोलेसिनोव (२००३ इ.), **मार्क्सवाद और भाषाका दर्शन**, अनु. विश्वनाथ मिश्र, नई दिल्लीः राजकमल प्रकाशन प्रा.लि.
- भट्टराय, प्रा.चूडानाथ (२०३४) **दर्शन कौस्तुभ**, (प्र.सं.) काठमाण्डौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
- भट्टराई, डा. गोविन्दप्रसाद (२०६२) **काव्यिक आन्दोलनको परिचय**,दोस्रो सं. ललितपुरः साझा प्रकाशन ।
- भट्टराई, रमेशप्रसाद र अन्य सम्पा. (२०६४), **भृकुटी**, काठमाण्डौंः लिखत पाण्डे
- भण्डारी, डा. जगदीशचन्द्र र अन्य सम्पा. (फागुन २०५९), **प्रलेस** अङ्क १३, काठमाण्डौं : प्र.ले.स. नेपाल ।
- माओत्सेतुङ (२०६३) **दर्शनबारे पाँच कृति**, (दो.सं.) काठमाण्डौं : जनस्रष्टा प्रकाशन ।
- लम्साल, प्रा.डा. रामचन्द्र र अन्य सम्पा.(२०६७), **साहित्त्य शास्त्र नेपाली समालोचना र शोध विधि**, काठमाण्डौंः भुडीपुराण प्रकाशन
- सुनुवार, रमेश (अनु) : (२०५९) **दर्शनशास्त्रको हातेकिताब**, काठमाण्डौंः प्रगति पुस्तक सदन
- शर्मा (नवीन), विष्णुहरि (२०६३) , **नेपाली कम्युनिस्ट आन्दोलनको सामान्य इतिहास**, काठमाण्डौं : बिष्णुहरि शर्मा
- शर्मा मोहनराज, (२०५५), **समकालिन समालोचनाःसिद्धान्त र प्रयोग**, काठमाण्डौं :नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
- श्रेष्ठ, कृष्णप्रसाद (अनु.सन् १९८५, दो.सं.), **भि. आई, लेनिन सङ्कलित रचना भाग ४** मास्को : प्रगति प्रकाशन ।
- श्रेष्ठ, डा.दयाराज र शर्मा, मोहनराज, (२०४६) **नेपाली साहित्त्यको सक्षिप्त इतिहास**, तृ.सं., काठमाण्डौंः साझा प्रकाशन

नाम : परशुराम कोइराला

: एम.ए., बी.एड्

जन्म : २०२३।०५।१५, चिन्नेवास-३, स्याङ्जा

सम्प्रति : पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा

प्रकाशित कृति :

- नर्कमा रमाउने देवताहरु (कविता सङ्ग्रह, २०५८)
- माटाको गीत (कविता सङ्ग्रह, २०५५)
- निरुत्तर (कथा सङ्ग्रह, २०६१)
- रक्तज्वाला (उपन्यास, २०६५)

सिर्जनात्मक कृति :

- लासहरू रोइरहेछन् (कथा सङ्ग्रह २०५५, स्नाकोत्तर तहको आठौं पत्रको प्रयोजनार्थ)

फुटकर प्रकाशन :

- दर्जनौं कविता, गीत, ब्यङ्ग्य, निबन्ध, समालोचना, कथा, समसामयिकीहरु बिभिन्न पत्रपत्रिका र स्मारिकाहरुमा

सम्पादन/प्रकाशन

- युवा जागरण (२०५२,पोखरा), - नयाँ सन्देश (२०५२, पोखरा)
- गण्डकी सन्देश साप्ताहिक (२०५३, पोखरा)
- आन्दोलन पाक्षिक (२०५३-२०५५, पोखरा)
- गण्डकी सङ्गम, साहित्त्य प्रभा, प्रलेस र अन्य दुई दर्जन भन्दा बढी स्मारिका र पत्रपत्रिकाहरुको सम्पादन

हालको सम्बद्धता

- केन्द्रीय सदस्य, प्र.ले.स., नेपाल
- केन्द्रीय उपाध्यक्ष, नेपाल राष्ट्रिय प्राध्यापक सङ्गठन
- गण्डकी साहित्त्य सङ्गम, पोखरा
- केन्द्रीय सदस्य अ.ने.लेखक सङ्घ
- केन्द्रीय सदस्य अ.ने.जनसांस्कृतिक महासङ्घ आदि ।
- साहित्त्य शृङ्खला, पोखरा
- शिक्षण पृथ्वीनारायण क्याम्पस, पोखरा

978-99946-2-630-4